# भिजन कम्पीटिसनको लागी प्रस्तावहरूले पेश गर्नुभएको भिजन संहितको विषयबस्तु सूची

कोहलपुर नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/११/१५ गतेको भिजन कम्पीटिसनको लागी प्रस्ताव पेश गर्ने सूचना बमोजिम रितपुर्वक प्रस्ताव पेश गरेका मध्य प्रारम्भीक छनौटमा परेका प्रस्तावहरूको विषयबस्तु प्रकाशन गरिएको छ ।

| क्र.सं. | दर्ता नं. | प्रस्तावकहरुको नाम | ठेगाना | विषयबस्तुको लिंक | नतिजा |
|---|---|---|---|---|---|
| १. | ५ | भद्रबहादुर थापा | कोहलपुर - १२, बाँके | Click Here | प्रथम |
| २. | १० | हरीप्रसाद सुवेदी | नेपालगञ्ज – २, बाँके | Click Here | प्रथम |
| ३. | ७ | टेकेन्द्रकुमार महतारा | गोगनपानी – ५, दैलेख | Click Here | द्वितीय |
| ४. | ८ | यामलाल ढकाल | विध्यापुर – २, सुर्खेत | Click Here | द्वितीय |
| ५. | १ | कर्णबहादुर थापा | कोहलपुर -११, बाँके | Click Here | तृतीय |

..............................
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# कोहलपुर नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषण सहितको समृद्धि र विकासको कार्ययोजना

## प्रस्तावना

**<u>समर्पित</u>**

कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

<u>तयार गर्ने</u>


भद्रबहादुर थापा

कोहलपुर न.पा.-१२, बाँके

# विषयसूची


| शिर्षक | पेज |
|---|---|
| १. कोहलपुर नगरपालिकाः परिचय | १-६ |
| २. उद्देश्य | ७ |
| ३. समस्या | ७-८ |
| ४. अध्ययन विधि | ८ |
| ५. कोहलपुर नगरपालिकाको अवस्थाको विश्लेषण सहित सम्वृद्धि र विकासको कार्ययोजना | ९-३८ |
| क. आर्थिक विकास | १२-१३ |
| ख. सामाजिक विकास | १४-१५ |
| ग. पूर्वाधार विकास | १५-१७ |
| घ. फोहरमैला व्यवस्थापन | १८ |
| ङ. दिगो पर्यटन प्रवर्द्धन | १८-२० |
| च. सामुदायिक विकास | २०-२१ |
| छ. स्वास्थ्य र शिक्षा | २१-२२ |
| ज. सांगठनिक विकास र सुशासन | २२-२५ |
| झ. क्षमता विकास | २६-२७ |
| ञ. कृषि उत्पादन बृद्धि | २८-२९ |
| ट. वातावरण तथा विपद् व्यवस्थापन | २९-३२ |
| ठ. नवीनतम् सूचना र प्रविधिको कार्यान्वयन | ३२-३६ |
| ड. भष्ट्राचार नियन्त्रणमा | ३६-३८ |
| ६. निष्कर्ष | ३९-४० |

# १.कोहलपुर नगरपालिकाः परिचय




चित्र नं. १ :-कोहलापुर नगरपालिकाको मानचित्र

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ प्रशासनिक संरचना अनुसार लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित कोहलपुर नगरपालिकाले कुल क्षेत्रफल १८४.२६ वर्ग की.मी. ओगटेको छ जहाँ नेपालको जनगणना, २०७८ अनुसार १०१६६७ जना मानिस बसोबास गर्छन्। वि. सं. २०७१/०२/७ गते साबिक कोहलपुर गाविस, रझेना गाविस र शम्शेरगंज गाविसको केही भाग समायोजन भई कोहलपुर नगरपालिकाको स्थापना भएको हो|




चित्र नं. १ :- उमेर अनुसार जनसंख्याको वितरण, स्रोत: नेपालको जनगणना, २०७८

Ward wise population distribution




चित्र नं. ३ :- लिङ्ग अनुसार जनसंख्याको वितरण, स्रोत: नेपालको जनगणना, २०७८

पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा नेपालगंजबाट सुर्खेत हुँदै कर्णाली प्रदेश जाने रत्न राजमार्ग मिल्ने चारवटा बाटोको मिलनविन्दु कोहलपुरलाई यातायात सुविधाका हिसाबले महेन्द्र राजमार्गबाट सुदुर पश्चिम तथा कर्णाली प्रदेश जाने प्रवेशद्वारका रुपमा लिइन्छ ।

यहाँका धार्मिक सहिष्णुता झल्काउने विभिन्न धर्मावलम्बीहरुको धार्मिक स्थलहरु जस्तो दर्जनौं हिन्दू धर्मवालम्बीहरुका मन्दिरहरु; कालिका मन्दिर, शिवमन्दिर, मनकामना मन्दिर, शिवालय, राधाकृष्ण मन्दिर, वैष्णोदेवी मन्दिर, जगथ किरण भवानी, रामजानकी मन्दिर, रानीघाट मन्दिर आदि, क्रिश्चियन धर्मवालम्बीहरुका प्रमुख चर्चहरु; विलिभर्स चर्च, बेथेल चर्च, गेथ्समी चर्च आदि, मुस्लिम

धर्मवालम्बीहरुका धार्मिक स्थलहरु; जहामिया मस्जिद, जहाँमिया कादरी आदि, तथा बुद्ध धर्मवालम्बीहरुको बौद्ध स्तुप हुनुले कोहलपुर धार्मिक विविधतायुक्त शहर हो भन्न सकिन्छ।

कोहलपुर सुविधायुक्त आधुनिक शहरका रुपमा विकसित हुँदै गइरहेको नगरपालिका हो। यहाँ सङ्घीय सरकार र प्रदेश सरकारका विभिन्न क्षेत्रीय कार्यालय र सरकारी संस्थानहरु रहेका छन्। इलाका प्रशासन, पर्यटन कार्यालय, इलाका प्रहरी कार्यालय, क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी गण, नेपाली सेनाको मध्यपश्चिम पृतना तालिम शिक्षालय, उच्च माध्यमिक शिक्षा परिषद्, आन्तरिक राजस्व अनुसन्धान कार्यालय, बाँके राष्ट्रिय निकुञ्ज, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय यहाँका प्रमुख सरकारी कार्यालयहरु हुन्। नेपाल राष्ट्र बैङ्कको क्षेत्रीय भवन निर्माणाधीन अवस्थामा रहेको छ। साथै निर्माणाधीन लामोदुरिको बसपार्क तथा गोलपार्क स्थित घण्टाघर व्यापारिक तथा सौन्दर्यताका धरोहरहरू हुन्।


कोहलपुर साना शहर खानेपानी आयोजना, विराट खानेपानी आयोजना नगरपालिकामा सञ्चालित खानेपानी आयोजनाहरु हुन्। यी आयोजनाहरुले नगरपालिकामा भूमिगत पानी तानेर पाइपमार्फत् खानेपानी उपलब्ध गराएका छन् ।


| ward | Total | Main source of drinking water | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Tap/piped water (within premises) | Tap/piped water (outside premises) | Tubewell / handpump | Covered well/kuwa | Uncovered well/kuwa | Spout water | River /stream | Jar / bottle | Others |
| All Wards | 24183 | 6553 | 2594 | 11887 | 30 | 126 | 658 | 4 | 2132 | 199 |
| 1 | 951 | 184 | 88 | 630 | 5 | 29 | 0 | 0 | 12 | 3 |
| 2 | 3665 | 406 | 504 | 2137 | 4 | 5 | 293 | 0 | 292 | 24 |
| 3 | 1740 | 203 | 30 | 1339 | 2 | 1 | 0 | 0 | 151 | 14 |
| 4 | 719 | 25 | 134 | 515 | 2 | 14 | 0 | 0 | 21 | 8 |
| 5 | 1717 | 283 | 313 | 889 | 2 | 16 | 17 | 0 | 189 | 8 |
| 6 | 1440 | 452 | 393 | 406 | 1 | 12 | 31 | 0 | 141 | 4 |
| 7 | 604 | 208 | 51 | 326 | 4 | 2 | 0 | 0 | 9 | 4 |
| 8 | 1243 | 223 | 19 | 877 | 0 | 9 | 0 | 0 | 88 | 27 |
| 9 | 814 | 330 | 103 | 298 | 0 | 2 | 1 | 0 | 77 | 3 |
| 10 | 2205 | 662 | 158 | 1030 | 3 | 9 | 1 | 1 | 329 | 12 |
| 11 | 3420 | 1321 | 274 | 996 | 4 | 5 | 60 | 2 | 700 | 58 |
| 12 | 2182 | 1196 | 217 | 747 | 3 | 8 | 0 | 0 | 4 | 7 |
| 13 | 1181 | 644 | 224 | 258 | 0 | 4 | 42 | 0 | 6 | 3 |
| 14 | 1233 | 223 | 53 | 627 | 0 | 10 | 212 | 0 | 87 | 21 |
| 15 | 1069 | 193 | 33 | 812 | 0 | 0 | 1 | 1 | 26 | 3 |

चित्र नं. ४ :- खानेपानीको स्रोत अनुसार जनसंख्याको वितरण, स्रोत: नेपालको जनगणना, २०७८




चित्र नं. ५ :- घर स्वामित्वको आधारमा अनुसार जनसंख्याको वितरण, स्रोत: नेपालको जनगणना, २०७८




चित्र नं. ६ :- घर बनोट आधारमा अनुसार जनसंख्याको वितरण, स्रोत: नेपालको जनगणना, २०७८

## २.उद्धेश्यः

१. कोहलपुर नगरपालिकाको समग्र अवस्था खोज, अनुसन्धान तथा विश्लेषण मार्फत सम्वृद्वि र विकासको अवरोधहरू पत्ता लगाउनु

२. कोहलपुर नगरपालिकाको सम्वृद्वि र विकासको कार्ययोजना तयार गर्नु

## ३.समस्याको कथन

- स्थानीय तहमा आय तथा रोजगारी सिर्जनाको मेरुदण्ड नै आर्थिक विकास भए तापनि यो क्षेत्रलाई कोहलपुर नगरपालिकाले आर्थिक विकासका नाममा गरेका कामहरूले पूँजी निर्माण तथा रोजगारीमा योगदान पुऱ्याएको देखिंदैन।
- खासगरी कृषि तथा पशुपालन अन्तर्गत नगरपालिकाको मुख्य ध्यान बीउमा अनुदान, पशुपालनमा अनुदान लगायत कार्यक्रम सञ्चालन भएको देखिन्छ भने पर्यटन विकासका लागि यस पालिकाले

भ्यूटावर, मन्दिर संरक्षण तथा भौतिक पूर्वाधार निर्माणलाई अधिक प्राथमिकता दिईएको देखिन्छ ।

- कुनै सोचविना निर्माण गरिएका भ्यूटावर, मन्दिर तथा स्वागतद्वारमा करोडौं खर्च भएको अवस्था छ भने कृषि तथा पशुपालनले पनि रोजगारी सिर्जना गर्ने, कृषक तथा स्थानीय जनताको आर्थिक अवस्था वृद्धि गर्ने कुरामा उल्लेखनीय योगदान गरेको देखिदैन ।
- आम रूपमा लाग्ने आरोप के छ भने अनुदानका नाममा यस नगरपालिकामा व्यापक अनियमितता भएको छ । अर्कोतर्फ स्थानीय तहकै अधिकार क्षेत्रभित्र पर्ने सहकारी क्षेत्रलाई पालिकाले पूँजी निर्माणको सहयात्रीका रूपमा प्रयोग गरेको देखिंदैन ।
- समग्रमा सामाजिक विकास अन्तर्गत विगतका वर्षमा संघीय तथा प्रदेश सरकारको सशर्त लगायतका अन्य अनुदान अन्तर्गत आएका कार्यक्रमहरूको कार्यान्वयनलाई नै यस पालिकाले प्राथमिकता दिएको देखिन्छ ।
- पूर्वाधार विकास अन्तर्गत पालिकाको ध्यान सडक पूर्वाधारतर्फ नै गएको देखिन्छ जसका कारण ’डोजरे विकासको आरोप खेप्नु परेको छ । सडक पूर्वाधारको विकासमा चुक्दा त्यसबाट उत्पन्न प्राकृतिक प्रकोप उत्तिकै बढेको छ ।
- आवास तथा बस्ती विकासमा राम्रो काम गर्न सकेको देखिंदैन बरु जग्गा खण्डीकरण, अव्यवस्थित शहरीकरण तथा अस्तव्यस्त आवासलाई सघाउ पुऱ्याएको आरोपचाहिं खेप्नु परेको छ ।
- वन तथा जलस्रोत क्षेत्र संघीय मोडल अन्तर्गत साझा अधिकारमा पर्ने भएकाले अन्य स्थानीय तहहरू जस्तै कोहलपुर नगरपालिकाले पनि यस क्षेत्रमा उल्लेखनीय काम गरेको देखिंदैन ।
- वास्तवमा पालिकाले सुशासन तथा संस्थागत विकासमा ज्यादै कम समय र स्रोत खर्च गरेको देखिन्छ ।

- पालिकाले तर्जुमा गरेका अधिकांश कानुन तथा ऐन नियममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पृष्ठपोषणका लागि पठाएको नमुना कानुनको नक्कल गरिएको छ ।
- योजना व्यवस्थापनमा लगभग ९० प्रतिशत हिस्सा उपभोक्ता समितिको छ ।
- आन्तरिक आय अभिवृद्धिमा पालिकाले प्रयत्न अलि कम देखिन्छ ।

## ४. अध्ययन विधिः


- नियममित भेटघाट तथा अन्तरक्रिया
- लेख रचना
- अवलोकन
- अन्तर्वार्ता
- कोहलपुर नगरपालिकाद्वारा वारम्बार गरिएका निर्णयहरू

## ५. कोहलपुर नगरपालिकाको अवस्थाको विश्लेषण सहित सम्वृद्धि र विकासको कार्ययोजना

कोहलपुर नगरपालिका नेपालको बाँके जिल्लामा अवस्थित एक द्रुत विकासशील सहरी केन्द्र हो। नगरपालिका रणनीतिक रूपमा देशको दक्षिणी क्षेत्रमा अवस्थित छ र यसले नेपालको पश्चिमी क्षेत्रहरूमा महत्वपूर्ण प्रवेशद्वारको रूपमा काम गर्दछ। नगरपालिकाले विगत केही वर्ष यता तीव्र सहरीकरण र आर्थिक विकासको अनुभव गरे पनि कतिपय क्षेत्रमा सुधारका लागि अझै ठाउँ छ ।यस पालिकाको सम्वृद्धि र विकासको कार्ययोजना निर्माणकार्य दीर्घकालीन सोच, उद्वेश्य, लक्ष्य र रणनीतिका साथ सम्पन्न गर्न सकिन्छ |




चित्र नं. ७ः- योजना अवधारणा




चित्र नं. ८ः- स्थानीय सरकारको दीर्घकालीन सोचका केहि उदाहरण

### स्थानीय योजनाको लक्ष्यका केही उदाहरण

"समृद्ध गाउँ/नगरको आधार तयार गर्ने"
"व्यावसायिक, दर्शनीय र समृद्ध गाउँ/नगरको आधार तयार गर्ने"
"सांस्कृतिक, हरित, सुन्दर र समृद्ध शहरको रूपमा स्थापना गर्ने"
"गाउँ/नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने"

चित्र नं. ९:- स्थानीय योजनाको लक्ष्यको केहि उदाहरण

### स्थानीय योजनाको उद्देश्यका केही उदाहरण

१. उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु;
२. स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशील, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु;
३. बसोबास, बजार, शहरी सुविधा र अन्तर आवद्धतालाई सहज, सुरक्षित र व्यवस्थित बनाउनु;
४. हरियाली, जैविक विविधता, जमिन र जलश्रोतको समुचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु;
५. सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहीको स्तरमा गुणात्मक वृद्धि गर्नु ।

चित्र नं. १०:- स्थानीय योजनाको उद्वेश्यका केही उदाहरण

### स्थानीय योजनाको रणनीति (उदाहरणको लागि)

१. तुलनात्मक लाभका कृषि, पर्यटन, उद्योग तथा व्यापार प्रवर्द्धन गर्ने;
२. कृषि, पशुपक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने;
३. प्रारम्भिक बालविकास, गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा खानेपानी सुविधा, सामाजिक सुरक्षामा सहज पहुँच र उपभोग सुनिश्चित गर्ने;
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने;
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने; र
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने ।

चित्र नं. ११:- स्थानीय योजनाको रणनीति(उदाहरणको लागि)

यस प्रस्तावनामा **आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन, दिगो पर्यटन प्रवर्द्धन, सामुदायिक विकास, स्वास्थ्य र शिक्षा, सांगठनिक विकास र सुशासन, क्षमता विकास, कृषि उत्पादन बृद्धि, वातावरण तथा विपद् व्यवस्थापन तथा नवीनतम् सूचना र प्रविधिको कार्यान्वयन, भष्ट्राचार नियन्त्रणमा** केन्द्रित भएर कोहलपुर नगरपालिकाको उत्थान र विकासका लागि कार्ययोजना प्रस्तुत गरिएको छ ।

## क. आर्थिक विकास

कोहलपुर नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा निजि लगानी परिचालन, लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, उत्पादनशील पूर्वाधार निर्माण, औधोगिक करिडोर ग्राम निर्माण, आयमूलक तथा सीपमूलक कार्यक्रमको संचालन, बहुप्राविधिक शिक्षालयको निर्माण र वस्तु विशेषका औद्योगिक क्षेत्रको विकास जस्ता विषयहरू समावेश हुनुपर्दछ | नेपाल सरकारको एक स्थानीय तथा एक औधोगिक ग्राम, एक स्थानीय तथा एक उत्पादन र एक घर एक उत्पादन लगायतका अवाधारंलाई पनि स्थानीय आर्थिक विकास क्षेत्रमा समावेश गर्नु पर्दछ |

आर्थिक विकास अन्तर्गत कृषि, पशुपन्छी पालन, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन, बैंक वित्तीय संस्था तथा सहकारी र वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन लगायतका मूलभूत उपक्षेत्रहरूमा कोहलपुर नगरपालिकाले योजनाबद्ध रूपमा काम गर्ने गरेका पाइन्छ। आर्थिक विकासको मूलभूत उद्देश्य यस पालिकालाई रोजगार केन्द्रको रूपमा विकास गर्नु, कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाउनु तथा आन्तरिक स्रोतको अभिवृद्धि गर्नु हो कोहलपुर नगरपालिकाको आर्थिक विकासको लागि देहायका कार्य योजना अबलम्बन गर्न वान्छनीय देखिन्छः

- आर्थिक विकासका सन्दर्भमा ध्यान पुऱ्याउनुपर्ने एउटा महत्वपूर्ण पक्ष भनेको स्थानीय जनताको **क्रयशक्ति** बढाउनु हो । त्यसका लागि स्थानीय तहले यस्ता आयोजना निर्माण गर्न सक्नुपर्छ जसले जनताको आर्थिक क्षमता बढाओस् ।
- बढी भन्दा बढी मानिसलाई आकर्षण गर्ने आयोजनाको निर्माण गर्ने ताकी त्यस्ता आयोजनाले पालिका भित्र धेरै आर्थिक क्रियाकलाप हुन थालोस जसले स्थानीय जनताको क्रयशक्ति अभिवृद्धिमा सहयोग पुग्छ । त्यसैले आर्थिक समृद्धिका लागि कोहलपुर नगरपालिकाले आफ्नो क्षेत्रमा भएका पहिचानहरूको आकर्षण बढाउने खालका आयोजनाको निर्माण तथा नीति तर्जुमा गर्नु आवश्यक हुन्छ ।
- स्थानीय उत्पादनको बजारीकरण गरी जनताको आर्थिक क्षमता बढाउनु पर्ने देखिन्छ। त्यसका लागि पालिकाले ठोस नीति तर्जुमा गर्नुपर्ने हुन्छ । जस्तो यस पालिकाले बजार क्षेत्रमा आयातित मदिराको सट्टा स्थानीय उत्पादनबाट बन्ने मदिरालाई ब्रान्डिङ गरी बेचबिखन गर्ने नीति बनाउने हो भने स्थानीय उत्पादनले बजार पाउन थाल्छन् जसबाट स्थानीय जनताको आर्थिक हैसियत बढ्न पुग्छ ।
- नियमित संवादका लागि मञ्च प्रयोगमा ल्याउने : पालिका र स्थानीय आर्थिक विकास समितिबिच सम्झौता गर्ने र विशिष्टीकृत वस्तु छनौट गर्ने

- सामाजिक परिचालक र उद्यम विकास सहजकर्ताको व्यवस्था गर्ने
- उद्यम विकासका लागि उत्प्रेरणात्मक अभिमुखीकरण गर्ने
- आर्थिक सचेतना केन्द्रको स्थापना र सञ्चालन गर्ने
- उद्यमशीलता विकास तालिम संचालन गर्ने
- उद्यमशीलता विकासमा सहकारीको भूमिकालाई बढाउनु पर्दछ | उत्पादन, रोजगारी सिर्जना गर्ने तर्फ सहकारी केन्द्रित हुनुपर्ने आवश्यकता रहेको छ | यदि सहकारी उत्पादनमा केन्द्रित भएन भने सहकारी संस्थाहरू  सदस्य केन्द्रित समेत हुन सक्दैनन् | यसका लागि सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने रणनीति लिनु आवश्यक छ | उत्पादनमूलक क्षेत्रमा लगानी गर्न रहेका कानूनी अफठ्याराहरू केही छन् भने कानूनी अवरोध फुकाउन स्थानीय सरकार तयार हुनुपर्छ |
- व्यवसाय योजनाका आधारमा उद्यमीलाई कर्जा तथा प्राविधिक सहयोग
- बजारीकरण र गुणस्तर प्रमाणीकरण (बालमैत्री, वातावरणमैत्री र गुणस्तरीयता)

## ख. सामाजिक विकास

सामाजिक विकास मूलभूत रूपमा मानव विकाससँग सम्बन्धित हुने कुरा हेक्का राख्नु पर्ने हुन्छ । सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, साहित्य तथा संस्कृति जस्ता उपक्षेत्रमा कोहलपुर नगरपालिकाले योजनाबद्ध रूपमा काम गर्नु पर्ने देखिन्छ ।

**अबको कार्ययोजना कस्तो हुनु पर्लाः**

- कोहलपुर नगरपालिकाको पहिलो गदम **परम्परागत शैलीको सामुदायिक शिक्षा पद्धतिमा आमूल परिवर्तन** ल्याउने । विद्यार्थीको क्षमता अभिवृद्धिका लागि गुणस्तरीय शिक्षाको

आवश्यकता परिपूर्ति मुख्य प्राथमिकतामा पार्दै उच्च क्षमतायुक्त मानव संसाधन तयार पार्न सामुदायिक विद्यालयलाई व्यावसायिक तथा प्राविधिक विद्यालयमा रूपान्तरण गर्न नेतृत्व पालिकाले नै गर्ने।

- अनावश्यक खानपान तथा बढ्दै गएको अस्तव्यस्त जीवनशैलीले मधुमेह, उच्च रक्तचाप, क्यान्सर जस्ता दीर्घरोगबाट ग्रस्त मानिसको संख्या सहरी मात्र नभएर ग्रामीण क्षेत्रमा पनि बढ्दै गएको छ । मैदाजन्य वस्तुको उपभोग अत्यधिक बढ्दा मानिसको स्वास्थ्य अवस्थामा गम्भीर असर पर्दै गएको छ भने स्वास्थ्यमा हुने खर्च पनि बढिरहेको छ । यसका लागि नगरपालिकाले तत्कालै नीतिगत कार्यक्रम ल्याउन आवश्यक छ ।
- सामाजिक सुरक्षा वितरणमुखी भन्दा उत्पादनशील बनाउन विशेष कार्यक्रमहरू सिर्जना गर्ने देखिन्छ।
- सामाजिक सुरक्षा भत्ता बापत आउने बजेटमा नगरपालिकाले आफ्नो तर्फबाट पनि बजेट छुट्याई **पालिका स्तरीय सामाजिक सुरक्षा कोष निर्माण** गर्ने । उक्त कोषबाट केही प्रतिशत ज्येष्ठ नागरिकलाई भत्ताका रूपमा छुट्याउने तथा केही प्रतिशत उनीहरूको स्याहार तथा औषधि उपचारका लागि छुट्याउन सकिन्छ । स्थानीय ज्येष्ठ नागरिकको स्याहारका लागि विपन्न समुदायका युवा (महिला वा पुरुष) लाई परिचालन गर्न सक्छ । यसबाट त्यस्ता युवाले स्थानीयस्तरमा रोजगारी प्राप्त गर्न सक्छन् भने ज्येष्ठ नागरिकले भत्ताका साथै स्याहार प्राप्त गर्न सक्छन् ।साथै ज्येष्ठ नागरिक भएका घरका परिवारले सहज रूपमा रोजगारी गर्न पाउँछन् । जसबाट ज्येष्ठ नागरिकले हाल पाइरहेको भन्दा धेरै सुविधा पाउन सक्छन् भने विद्यमान वितरणमुखी प्रक्रिया रोकिने मात्र होइन यस क्षेत्रमा नयाँ रोजगारी पनि सिर्जना हुन सक्छ ।

## ग. पूर्वाधार विकास

कोहलपुर नगरपालिकाको सबैभन्दा ठूलो आवश्यकता भनेको पूर्वाधारको विकास हो । हालको सडक सञ्जाल अपर्याप्त तथा अव्यवस्थि पाइन्छ | चप्परगौढी चोक देखि चौराहा हुदै त्रिभुवन मा.वि. सम्मको यात्रा प्रायः कठिन नै छ | यसमा सुधार नभए लामो दुरीको बसपार्क संचालनमा आए अझ जटिल हुन निश्चय नै छ | नगरपालिकाले आफ्नो पूर्वाधार सुधार गर्न निम्न कार्यहरू गर्नुपर्दछः

- पहुँच सुधार गर्न नयाँ बैकल्पिक सडकहरू विकास र अवस्थित सडकहरू स्तरवृद्धि।
- जनताले नगरपालिका वरिपरि सजिलै आवतजावत गर्न सक्ने गरी **सार्वजनिक यातायात प्रणालीमा सुधार** गर्ने ।
- निर्माण प्रक्रिया तथा सामान्य सडक दुर्घटना हुँदा ट्राफिक जाम कम गर्न र पार्किङ समस्याहरू कम गर्न **पार्किङ व्यवस्थापन प्रणाली विकास** गर्ने प्रक्रियामा अगाडी बढ्न सुरु गर्दा हुने देखिन्छ।
- ट्राफिक प्रवाह पत्ता लगाउन र वास्तविक समयमा ट्राफिक बत्तीहरू समायोजन गर्न सक्ने **स्मार्ट ट्राफिक व्यवस्थापन समाधानहरूमा लगानी** गर्नु पर्ने हुन्छ ।
- स्थानीय तहमा प्राप्त बजेटको ठूलो हिस्सा पूर्वाधार विकासमा खर्च हुने गरेको भएता पनि तर यसबाट प्राप्त हुने प्रतिफल चाहिं ज्यादै न्यून हुने गरेको छ । त्यसैले यस नगरपालिकाले **दिगो पूर्वाधार विकासमा ध्यान दिनुपर्ने** देखिन्छ । सडक निर्माणमा ठूला उपकरणको प्रयोग गर्नुको साटो स्थानीय स्रोत तथा उपकरणको प्रयोगमा जोड दिनु अपरिहार्य देखिन्छ जसले पालिकालाई हुने वित्तीय भार न्यूनीकरणमा सहयोग पुग्न सक्छ ।
- सडक निर्माणको परम्परागत शैलीलाई हटाई **"हरित सडक" वा "बगैंचा सडक" अवधारणालाई** अभ्यासमा ल्याउन सके एकातर्फ यसले ग्रामीण रोजगारी अभिवृद्धिमा

सहयोग पुग्न सक्छ भने अर्कोतर्फ सडकका साथसाथै यस क्षेत्रको सुन्दरता पनि बढ्छ।

- कोहलपुर नगरपालिकाले एकदमै कम चासो दिएको क्षेत्र हो **आवास तथा बस्ती विकास** | बारम्बार चासो देखाए पनि ठोस तथा रणनीतिक कदम चाल्न पछि हट्नुले नगरपालिकामा रहेको सुकुम्बासी समस्याले आवास विकासमा व्यवधान खडा गरेको अवस्था छ जसको निराकरणका लागि नगरपालिकाले निश्चित क्षेत्रमा आवासीय क्षेत्रको निर्माण गरी त्यस्ता क्षेत्रमा मात्र सुकुम्बासीले बसोबास गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ।
- नगरपालिकाले आफू मातहत रहेको सार्वजनिक जग्गालाई अन्तरपालिका, निजी क्षेत्र वा सहकारीहरूसँगको सहकार्यमा उच्च पूँजी निर्माणयुक्त आयोजना सञ्चालन गरी पालिकाको आय आर्जन तथा रोजगारी बढाउन योजना निर्माणमा अगाडी बढ्नु पर्ने देखिन्छ।
- सडक, यातायात, खानेपानी आपूर्ति, सरसफाइ, र विद्युत आपूर्ति जस्ता प्राथमिकताका क्षेत्रहरू पहिचान गर्न नगरपालिकाको **पूर्वाधार आवश्यकताहरूको व्यापक मूल्याङ्कन गर्ने** र लगानी सुनिश्चित गर्ने |
- योजना र बजेटको विकास गर्दै एक व्यापक पूर्वाधार योजना विकास गर्ने जसले परियोजनाहरूलाई तिनीहरूको सम्भावित प्रभाव र उपलब्ध स्रोतहरूको आधारमा प्राथमिकता दिने।
- अनुदान, ऋण र सार्वजनिक-निजी साझेदारी जस्ता पूर्वाधार परियोजनाहरूका लागि **कोषका सम्भावित स्रोतहरू पहिचान** गर्ने |

- खानेपानी र सरसफाइ प्रणालीको स्तरोन्नति गर्दै बासिन्दाहरूलाई सफा पानी र पर्याप्त सरसफाइ सुविधाहरूमा पहुँच सुनिश्चित गर्न खानेपानी आपूर्ति र सरसफाइ प्रणालीको स्तरोन्नतिमा लगानी सुनिश्चित गर्ने |
- व्यापार र बासिन्दाहरूलाई प्रभावकारी रूपमा सञ्चार गर्न सक्षम बनाउन टेलिफोन र इन्टरनेट पहुँच जस्ता सञ्चार पूर्वाधारहरूमा सुधार गर्न लगानी गर्ने |
- नगरपालिकाको पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रहरूलाई प्रोत्साहन गर्ने नीति निर्माण गर्ने |
- प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको सामना गर्न सक्षम पूर्वाधार निर्माण गर्ने तर्फ अग्रसर हुने |

## घ. फोहोरमैला व्यवस्थापन

फोहोर व्यवस्थापनमा पनि यस नगरपालिकाले ठूलो चुनौती सामना गरिरहेको छ । फोहोर व्यवस्थापन प्रणाली प्रभावकारी छैन, जसले एकातर्फ वातावरण प्रदूषण र स्वास्थ्य जोखिम निम्ताउदा नगरबासीको गालि सुन्नु पर्ने बाध्यता त छदैछ अर्को तर्फ नगरको सौन्दर्यता हरण भएको छ। तसर्थ, फोहोर व्यवस्थापन प्रणालीमा सुधार गर्न निम्न कार्ययोजनाहरू गर्नुपर्ने हुन्छः

- सङ्कलन, पृथकीकरण, ढुवानी, र विसर्जन सहित सम्पूर्ण फोहोर व्यवस्थापन चक्रलाई ध्यानमा राख्ने बृहत् **फोहोर व्यवस्थापन योजनाको विकास** गर्ने |

- **फोहोरलाई प्रयोगयोग्य उर्जामा रूपान्तरण** गर्न लगानी गर्ने तथा जुटाउने तर्फ योजना निर्माण गर्ने ।
- उचित फोहोर व्यवस्थापन गर्ने अभ्यासलाई प्रवर्द्धन गर्न र फोहोर कम गर्न **जनचेतना अभियानहरू** चलाउने ।
- स्थानीय समुदायहरूलाई उचित फोहोर व्यवस्थापन अभ्यासहरू बारे तालिम प्रदान गर्नुका साथै  र फोहोरलाई मोहरमा सुनिश्चित गर्ने
- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई परिचालन गर्ने ।

## ङ. दिगो पर्यटन प्रवर्द्धन

कोहलपुर नगरपालिकाले आफ्नो अनुपम स्थान र प्राकृतिक सौन्दर्यले गर्दा पर्यटन विकासको महत्वपूर्ण सम्भावना बोकेको छ । यद्यपि, नगरपालिकाले प्राकृतिक वातावरणको संरक्षण गर्दै स्थानीय समुदायलाई फाइदा पुग्ने दिगो पर्यटन प्रवर्द्धनका लागि धेरै उपायहरू अवलम्बन गर्न आवश्यक छ। दिगो पर्यटन प्रवर्द्धनका लागि निम्न कार्ययोजनाहरू गर्ने देखिन्छः

- **वातावरण र स्थानीय समुदायहरूप्रति संवेदनशील वातावरणमैत्री पर्यटन पूर्वाधारको विकास** गर्ने ।
- स्थानीय समुदायहरूलाई पर्यटन उद्योगबाट लाभान्वित गर्न सक्षम बनाउँदै पर्यटन **पूर्वाधारको विकास** गर्ने ।
- पर्यटन सम्बन्धी पूर्वाधारको विकास, दिगो पर्यटन अभ्यासहरूको प्रवर्द्धन र वातावरणको संरक्षण समावेश गर्ने **पर्यटन व्यवस्थापन योजनाको विकास** गर्ने ।

- नगरपालिकालाई पर्यटकका लागि थप आकर्षक बनाउन होटल, रेष्टुरेन्ट, यातायात र सञ्चार सञ्जाल जस्ता विद्यमान पूर्वाधारमा सुधार गर्ने।
- अद्वितीय सांस्कृतिक र प्राकृतिक आकर्षणहरू हाइलाइट गर्दैः पर्यटकहरूलाई आकर्षित गर्न नगरपालिकाको अद्वितीय सांस्कृतिक र प्राकृतिक आकर्षणहरू, जस्तै ऐतिहासिक स्थलहरू, मन्दिरहरू, स्मारकहरू, पार्कहरू र स्थानीय चाडपर्वहरूको **प्रचार** गर्ने |
- पर्यटकहरूलाई उनीहरूको यात्रा योजना बनाउन सजिलो बनाउन विभिन्न गतिविधि र आकर्षणहरू संयोजन गर्ने **पर्यटन प्याकेजहरू विकास** गर्ने |
- नगरपालिकालाई पर्यटकीय गन्तव्यको रूपमा प्रवर्द्धन गर्न सामाजिक सञ्जाल, वेबसाइट, ब्रोसर र बिलबोर्ड जस्ता विभिन्न माध्यमहरू प्रयोग गर्ने |
- स्थानीय टुर अपरेटरहरूसँग साझेदारीः नगरपालिकाका आकर्षणहरू प्रदर्शन गर्ने भ्रमणहरू र गतिविधिहरू प्रस्ताव गर्न स्थानीय **टुर अपरेटरहरूसँग साझेदारी** गर्ने।
- होमस्टे, स्थानीय गाईडहरू र अन्य समुदायमा आधारित पर्यटन पहलहरू प्रवर्द्धन गरेर **स्थानीय समुदायहरूलाई पर्यटन उद्योगमा सहभागी हुन प्रोत्साहन** गर्ने | यसको लागि नमुनाको रुपमा पहिलो चरणमा **खडगवार र भरैया** छनोट गर्न उपउक्त देखिन्छ |
- वातावरण र स्थानीय समुदायहरूमा पर्यटनको नकारात्मक प्रभावलाई कम गर्ने दिगो पर्यटन अभ्यासहरूलाई प्रोत्साहन गर्ने।
- स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिकालाई बढावा दिने कार्ययोजना बनाई कार्यान्वयन गर्ने |
- संयुक्त पर्यटन प्रवर्द्धन र मार्केटिङ रणनीतिहरू विकास गर्न छिमेकी नगरपालिकाहरूसँग सहकार्य गर्ने।

- स्थानीय जनप्रतिनिधिहरू, व्यवसायहरू र समुदायका सदस्यहरूलाई पर्यटन प्रवर्द्धन प्रक्रियामा समावेश गर्ने ।

## च. सामुदायिक विकास

सामुदायिक विकास कोहलपुर नगरपालिकाको समग्र विकासको महत्वपूर्ण पक्ष हो। सामुदायिक विकासलाई प्रवर्द्धन गर्न नगरपालिकाले निम्न कार्यहरू गर्नुपर्दछः

- सामुदायिक भेलाहरू, सामाजिक कार्यक्रमहरू र शैक्षिक कार्यक्रमहरूको लागि स्थानको रूपमा काम गर्न सक्ने **सामुदायिक केन्द्रहरू विकास** गर्ने ।
- शारीरिक तन्दुरुस्तीलाई प्रोत्साहित गर्ने र मनोरञ्जनको अवसर प्रदान गर्ने **खेलकुद सुविधाहरूको विकास गर्ने ।**
- स्थानीय समुदायहरूलाई स्थानीय अर्थतन्त्रमा सहभागी हुन सक्षम बनाउने सीपहरू विकास गर्न **व्यावसायिक तालिम** प्रदान गर्ने ।
- उद्यमशीलता र साना व्यवसायको विकासलाई बढावा दिन सक्ने कार्यक्रमहरू विकास गर्ने ।
- समुदायका कमजोर सदस्यहरूलाई सहयोग प्रदान गर्न सक्ने **सामाजिक कल्याण कार्यक्रमको विकास** गर्ने ।

## छ. स्वास्थ्य र शिक्षाः

स्वास्थ्य र शिक्षा मानव विकासका महत्वपूर्ण अंग हुन् । नगरपालिकाले स्वास्थ्य र शिक्षाको प्रवर्द्धनका लागि देहायका कार्यहरू गर्नुपर्छः

- स्थानीय जनतालाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच प्रदान गर्न सक्ने स्वास्थ्य सुविधाहरूको विकास गर्नेः कम्तिमा मासिक रुपमा जेष्ठ तथा अशक्तलाई घरदैलोमै स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम
- स्थानीय जनतालाई गुणस्तरीय शिक्षामा पहुँच प्रदान गर्न सक्ने **शैक्षिक संस्थाहरूको विकास**
- स्थानीय जनसङ्ख्यामा स्वास्थ्य सचेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न सक्ने कार्यक्रमहरू विकास गर्ने ।
- वातावरणीय चेतना र दिगो जीवन अभ्यासलाई बढावा दिन सक्ने कार्यक्रमहरू विकास गर्ने ।
- आर्थिक सहयोग प्रदान गर्न सक्ने **छात्रवृत्ति कार्यक्रम स्थापना** गर्नेः जस्तो मेयर छात्रवृत्ति कार्यक्रम ।
- **अक्षर नचिन्नेलाई कम्तिमा अक्षर चिन्ने बनाउने कार्यक्रम** ल्याउनेः यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको युवा रुपान्तरण पहल कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रका सुचिकृत शैक्षिक बेरोजागार परिचालन गर्न सकिन्छ ।

Highlights

| LITERACY RATE | LITERATE MALE | LITERATE FEMALE |
|---|---|---|
| 82.6% | 88.4% | 77.3% |

चित्र नं. ७ :- शैक्षिक आधारमा अनुसार जनसंख्याको वितरण, स्रोतः नेपालको जनगणना, २०७८

## ज. संगठनात्मक विकास र सुशासन

कोहलपुर नगरपालिकामा हालैका वर्षहरूमा उल्लेखनीय आर्थिक र सहरीकरणको बृद्धि भएको छ, जसले सुशासन र संगठनात्मक विकासका लागि चुनौतीहरू खडा गरेको छ। संगठनात्मक विकास र

सुशासनको प्रवर्द्धनमा केन्द्रित भएर कोहलपुर नगरपालिकाको सुधार र सर्वाङ्गीण विकासका लागि कार्ययोजनाको रूपरेखा प्रस्तुत गर्नु आजको आवश्यकता छ।

**अ. संगठनात्मक विकासः**

कोहलपुर नगरपालिकाको सर्वाङ्गीण विकासको एउटा महत्वपूर्ण पक्ष संगठनात्मक विकास हो । संगठन एक गतिशील, सापेक्ष र उद्धेश्यमुखी साधन भएकोले स्थानीय बासीको आवश्यकता अनुसार यसमा निरन्तर सुधार र परिमार्जन गर्दै जानु पर्दछ | संगठनात्मक विकासले कोहलपुर नगरपालिकाको नीति, संरचना, प्रक्रिया तथा व्यवहार जस्ता पक्षमा गरिने विकासलाई बुझाउने हुँदा यस क्षेत्रको विकास दिगो बनाउन यहाँ **प्रभावकारी व्यवस्थापन र नेतृत्व**को आवश्यकता छ। सङ्गठनात्मक विकासका लागि देहायका कार्ययोजनाहरू निर्माण गरी कार्यान्वयन गर्नु पर्छः

- नगरपालिकाको भिजन, मिसन र रणनीतिक उद्देश्यहरूलाई ध्यानमा राखेर **बृहत् संगठनात्मक विकास योजना**को विकास गर्ने |
- वैज्ञानिक र वस्तुगत O and M Survey गरी कार्यबोझको आधारमा दरबन्दी काटछाँट तथा थप गर्ने |
- आफ्नो उद्देश्यहरू प्राप्त गर्न नगरपालिकाको प्रगति ट्र्याक गर्न सक्ने **कार्यसम्पादन व्यवस्थापन प्रणाली स्थापना** गर्ने |
- वृत्ति विकासलाई सहयोग पुर्याउन कर्मचारी प्रशिक्षण र विकास कार्यक्रमहरूमा लगानी
- कर्मचारी भर्ती, रिटेन्सन, र क्यारियर विकास व्यवस्थापन गर्न सक्ने **मानव संसाधन व्यवस्थापन प्रणालीको विकास** गर्ने |

- आफ्नो आवश्यकताका आधारमा कानुन निर्माण गर्ने, त्यसै अनुरूप नीति, योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन तहमा पुग्नु स्थानीय तहका लागि संवैधानिक म्यान्डेट छ | तसर्थ, संस्थागत विकासका सम्पूर्ण प्रक्रियामा संघ तथा प्रदेश सरकारसँग आश्रित बन्ने प्रवृत्ति त्याग्ने ।
- आˆनो अधिकार क्षेत्रभित्र रही आन्तरिक राजस्वको दायरा बढाई आन्तरिक आय बढाउने । निजी क्षेत्र, सहकारी तथा जनतासँग सहकार्य गरी उच्चतम पुँजी निर्माण हुने क्षेत्रमा लगानी गरी आन्तरिक आय वृद्धि गर्ने । त्यसैगरी अन्तरपालिका सहकार्य तथा समन्वयमा साझा चासोका क्षेत्रहरू पहिचान गरी लगानी विस्तार गर्ने कोहलपुर नगरपालिकाले सहकार्यका मोडल विकास गरी पालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने |
- पालिकाको आन्तरिक आय वृद्धिमा सघाउ पुराउन तथा  योजना व्यवस्थापनको भार कम गर्न योजना व्यवस्थापनमा पालिकाले निजी क्षेत्र, सहकारी, जनसहभागिता, अन्तरपालिका समन्वय जस्ता सरोकारवालाहरूलाई साथमा लिएर काम गर्ने ।
- योजना व्यवस्थापनमा ९० प्रतिशतको हाराहारीमा उपभोक्ता समितिहरू परिचालित हुँदा स्थानीय तहका नेतृत्वले आर्थिक चलखेलको आरोप मात्र खेप्नु परेन कार्यान्वयन भएका आयोजनाको पूँजी निर्माणको दर औसतमा ४ प्रतिशत भन्दा माथि उठ्न सकेन । यसको साटो योजना निर्माणमा बहुसरोकारवालालाई परिचालन गरी नगरपालिकाले उच्च दरमा पूँजी निर्माण गर्न सहयोग पुग्नुका साथै आत्मनिर्भर बन्न सहयोग पुग्छ।

**आ. सुशासनः**

दिगो विकास प्रवर्द्धन गर्न र नगरपालिकाको स्रोत साधनको प्रभावकारी र प्रभावकारी उपयोग सुनिश्चित गर्न सुशासन आवश्यक छ। सुशासन प्रवर्द्धनका लागि देहायका कार्यहरू अवलम्बन गर्नुपर्छः

- आचार संहिता र नैतिकता विकास गर्ने जसले नगरपालिकाको मान, सिद्धान्त, र व्यवहारको स्तरहरूलाई रूपरेखा दिन्छ।
- नगरपालिकाको स्रोत साधनको प्रभावकारी र प्रभावकारी उपयोग भएको सुनिश्चित गर्न सक्ने **पारदर्शी र जवाफदेही वित्तीय व्यवस्थापन प्रणाली स्थापना** गर्ने ।
- निर्णय लिने प्रक्रियामा सरोकारवालाहरूलाई समावेश गर्ने **सहभागितामूलक निर्णय प्रक्रियाको विकास** गर्ने ।
- नगरपालिका सेवा र कार्यसम्पादनमा प्रतिक्रिया दिन **नागरिक प्रतिक्रिया संयन्त्र स्थापना** गर्ने ।
- सरोकारवालाहरू र व्यापक जनतासँग प्रभावकारी रूपमा सञ्चार गर्न सक्ने **व्यापक सञ्चार रणनीति विकास** गर्ने ।
- संघीय संविधानले सरकारको दर्जा दिएको सन्दर्भमा स्थानीय तहले एकल अधिकार क्षेत्रभित्रका सम्पूर्ण क्षेत्र तथा त्यस अन्तर्गतका उपक्षेत्रमा स्थानीय आवश्यकता सुहाउँदो कानुन निर्माण गरी स्थानीय विकासका अभ्यासहरूलाई अगाडि बढाउनु पर्ने ।
- **नागरिक/सेवाग्राही सन्तुष्टि सर्वेक्षण** कार्यक्रम राख्ने पर्ने देखिन्छ जसमार्फत नगरपालिकाको सेवाप्रवाहलाई जनमुखी बनाउन सहयोग मिल्छ
- **क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था** अनिवार्य गर्नु पर्ने देखिन्छ ।
- सेवा करार तथा Out Sourcing को माध्यमबाट विषयविज्ञ भित्र्याई कार्यक्रम संचालन गर्ने देखिन्छ ।

## सामुदायिक संलग्नता

सुशासन प्रवर्द्धन गर्न र नगरपालिकाका सेवाहरू सामुदायिक आवश्यकताहरूप्रति उत्तरदायी छन् भनी सुनिश्चित गर्न सामुदायिक संलग्नता महत्त्वपूर्ण छ। सामुदायिक संलग्नता प्रवर्द्धन गर्न निम्न कार्यहरू गर्नुपर्दछः

- सामुदायिक संलग्नताको लागि नगरपालिकाको दृष्टिकोणलाई रूपरेखा बनाउने **सामुदायिक संलग्नता रणनीति स्थापना** गर्ने ।
- नगरपालिका निर्णय प्रक्रियाहरूमा इनपुट प्रदान गर्न एक **नागरिक सल्लाहकार परिषद्को विकास** गर्ने ।
- सीमान्तकृत र जोखिममा परेका समुदायहरूलाई संलग्न गराउनको लागि एउटा संयन्त्र स्थापना गर्ने ताकी उनीहरूको आवाज सुनिश्चित होस् ।
- नगरपालिकाबाट प्रदान गरिने सेवाहरूको जागरूकता प्रवर्द्धन गर्न र नागरिक संलग्नता प्रवर्द्धन गर्न **सामुदायिक पहुँच कार्यक्रम विकास** गर्ने ।
- नगरपालिका सेवा वितरण र कार्यसम्पादन ट्र्याक गर्न **समुदायमा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास** गर्ने ।

## झ. क्षमता विकास

नगरपालिकाको विकास र विकासका लागि क्षमता विकास आवश्यक छ । क्षमता अभिवृद्धिलाई प्रवर्द्धन गर्न देहायका कार्ययोजनाहरू तयार पार्ने देखिन्छ :

- कार्यपालिका सदस्य, वडा समितिका सदस्य लगायत नगर सभाका सबै सदस्यहरूले क्षमता(नेतृत्व विकास तथा भूमिका तथा जिम्मेवारी सम्बन्धी) बढाउनु आवश्यक छ । जसले

गर्दा उनीहरूलाई वडातहका कामकारवाही गर्ने क्षमताको विकास तथा वडाका कामहरू संचालन गर्न सहज होस् ।

- कम्तिमा पनि प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखसँग कार्यसम्पादन करार कार्यान्वयनमा ल्याउन सकिन्छ ।
- व्यक्तिगत कार्यसम्पादन मुल्यांकन सहित क्षमताको लेखाजोखा गरी प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउन(दण्ड र पुरस्कार) जरुरी देखिन्छ ।
- नगरपालिकाको वृद्धि र विकासमा सहयोग गर्न नगरपालिकाका कर्मचारीहरूको क्षमता निर्माण गर्न सक्ने तालिम र विकास कार्यक्रमको विकास गर्ने ।
- क्षमता अभिवृद्धि र ज्ञान आदानप्रदानलाई समर्थन गर्न विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग साझेदारी स्थापना गर्ने ।
- नगरपालिकाका कर्मचारीहरूको व्यावसायिक विकासलाई समर्थन गर्न सक्ने सल्लाह दिने कार्यक्रमको विकास गर्ने ।
- स्थानीय समुदायहरूलाई उनीहरूको क्षमता विकास प्रयासहरूलाई समर्थन गर्न प्राविधिक सहयोग र समर्थन प्रदान
- उत्कृष्ट अभ्यासहरू र सिकेका पाठहरू खिच्न र फैलाउन ज्ञान व्यवस्थापन प्रणाली स्थापना गर्ने ।
- तालिम र शिक्षा कार्यक्रमहरूको विकास गर्नेः नगरपालिकाको कार्यशक्ति आवश्यकताहरू पूरा गर्नका लागि आवश्यक सीप र ज्ञान प्राप्त गर्न बासिन्दाहरूलाई मद्दत गर्न तालिम र शिक्षा कार्यक्रमहरूको विकास र कार्यान्वयन।
- जीवनभर सिकाइलाई प्रोत्साहन गर्नेः बासिन्दाहरूलाई उनीहरूको सीप र ज्ञानलाई अप-टु-डेट राख्न जीवनभर सिक्न जारी राख्न प्रोत्साहन।

- व्यावसायिक तालिमलाई प्रोत्साहन गर्नेः निश्चित कामका लागि आवश्यक विशेष सीपहरू प्रदान गर्न सक्ने व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूलाई प्रोत्साहन।
- स्थानीय रोजगारदाताहरूसँग साझेदारी गर्नेः विशिष्ट कामहरूको लागि आवश्यक सीपहरू पहिचान गर्न र ती आवश्यकताहरूसँग मिल्दोजुल्दो प्रशिक्षण कार्यक्रमहरू विकास गर्न स्थानीय रोजगारदाताहरूसँग साझेदारी।
- प्रशिक्षुलाई प्रोत्साहन दिनेः प्रशिक्षुताको अवधारणालाई प्रोत्साहन दिने, जहाँ युवाहरूले अनुभवी कामदारहरूसँग काम गर्दा व्यापार सिक्न सक्छन्।
- इन्टर्नशिपहरूलाई प्रोत्साहन दिनेः विद्यार्थीहरू र स्थानीय कम्पनीहरूमा भर्खरका स्नातकहरूका लागि इन्टर्नशिपहरूलाई प्रोत्साहन, जसले विद्यार्थीहरूलाई व्यावहारिक अनुभव र प्रशिक्षित कामदारहरू भएका कम्पनीहरू प्रदान गर्दछ।
- दूर शिक्षालाई प्रोत्साहन दिनुहोस्: परम्परागत कक्षाहरूमा उपस्थित हुन नसक्ने बासिन्दाहरूलाई पुग्न सक्ने दूरी शिक्षा कार्यक्रमहरूलाई प्रोत्साहन।

## ञ. कृषि उत्पादन बृद्धि

- उपयुक्त बाली र खेती गर्ने प्रविधिहरू पहिचान गर्नेः नगरपालिकाको हावापानी, माटो र जलस्रोतका लागि सबैभन्दा उपयुक्त बालीहरू पहिचान र किसानहरूलाई उपयुक्त खेती प्रविधिहरू अपनाउन प्रोत्साहन।
- तालिम र शिक्षा प्रदान गर्नेः किसानहरूलाई बाली उत्पादन र खेती नाफामा सुधार गर्न आवश्यक सीप र ज्ञान प्राप्त गर्न मद्दत गर्न प्रशिक्षण र शिक्षा कार्यक्रमहरू प्रदान।

- बजारमा पहुँच सुधारः सडक, यातायात, र सञ्चार सञ्जालहरू निर्माण गरेर किसानहरूको लागि बजारमा पहुँच सुधार, जसले किसानहरूलाई आफ्नो उत्पादन बेच्न सहजता मिलोस ।
- आर्थिक सहायता प्रदान गर्दैः किसानहरूलाई उपकरण, बीउ र अन्य सामग्रीहरू खरिद गर्न मद्दत गर्नको लागि कम ब्याज ऋण, अनुदान र बीमा जस्ता आर्थिक सहायता प्रदान। (यसमा प्रभावकारी अनुगमन तथा मुल्यांकन आवश्यक)
- पानी व्यवस्थापनलाई प्रोत्साहनः किसानहरूलाई बाली उत्पादनमा सुधार गर्न वर्षाको पानी सङ्कलन, सिँचाइ, र टेरेसिङ जस्ता पानी व्यवस्थापन अभ्यासहरू अपनाउन प्रोत्साहन कार्यक्रम ।
- दिगो खेती अभ्यासहरू प्रवर्द्धनः प्राकृतिक स्रोतहरूको संरक्षण र वातावरण संरक्षण गर्ने दिगो खेती अभ्यासहरू प्रवर्द्धन।
- कृषकको सहकारीलाई प्रोत्साहनः किसानहरूलाई स्रोत, ज्ञान र सूचना बाँड्न र आफ्नो उत्पादनको राम्रो मूल्यका लागि वार्ता गर्न सहकारी गठन गर्न प्रोत्साहन।
- कृषि-उद्योगलाई प्रोत्साहनः नगरपालिकामा कृषि-उद्योग विकासलाई प्रोत्साहन जस्तै प्रशोधन, प्याकेजिङ्ग, र भण्डारण सुविधाहरू, जसले कृषि उत्पादनहरूमा मूल्य थप्नेछ र रोजगारीहरू सिर्जना गर्नेछ।

लगानी गर्ने वातावरण र व्यवस्थित गर्ने काम नगरपालिकाले नै गर्नु पर्छ । यसका लागि कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरूलाई सहकारीको माध्यमबाट एकीकृत गरी ठुलो आकारको खेति गर्दै बृहत परिणाममा कृषि उत्पादन, प्रशोधन र बजारीकरण गर्न आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउने प्रतिवद्धता सहित रणनीतिक कार्य योजना निर्माण गर्नु पर्छ ।

## ट. वातावरण तथा विपद् व्यवस्थापन

नगरपालिकाले हालैका वर्षहरूमा उल्लेखनीय आर्थिक र सहरीकरणको बृद्धि गरेको छ भने यसले वातावरणीय र विपद् व्यवस्थापनका चुनौतीहरू पनि उत्तिकै सामना गरेको छ।

**अ. वातावरण व्यवस्थापन**

कोहलपुर नगरपालिकाको दिगो विकासका लागि वातावरण व्यवस्थापन महत्वपूर्ण छ । नगरपालिकाको द्रुत सहरीकरणले वायु प्रदूषण, फोहोरमैला व्यवस्थापन, जल प्रदूषणलगायत वातावरणीय ह्रास ल्याएको छ । वातावरणीय व्यवस्थापनमा सुधार गर्न देहायका कार्ययोजनाहरू तयार गरी कार्यान्वनमा जानु जरुरी देखिन्छः

- नगरपालिकाको भिजन, मिसन र रणनीतिक उद्देश्यहरूलाई ध्यानमा राखेर बृहत् **वातावरणीय व्यवस्थापन योजना**को विकास गर्ने |
- वातावरणीय उद्देश्यहरू प्राप्त गर्न नगरपालिकाको **प्रगति ट्र्याक गर्न सक्ने अनुगमन र मूल्याङ्कन प्रणाली** स्थापना गर्ने |
- वातावरणीय स्थायित्व प्रवर्द्धन गर्न र व्यवहार परिवर्तनलाई समर्थन गर्न वातावरणीय शिक्षा र जागरूकता कार्यक्रमहरूमा लगानी गर्ने |
- नगरपालिकाको फोहोरलाई प्रभावकारी र प्रभावकारी रूपमा व्यवस्थापन गर्न सक्ने फोहोर व्यवस्थापन प्रणालीको विकास
- नगरपालिकाका बासिन्दाहरूका लागि सुरक्षित र स्वच्छ पानीको व्यवस्था सुनिश्चित गर्न सक्ने **पानी व्यवस्थापन प्रणाली**को विकास गर्ने |

**आ. विपद् व्यवस्थापन**

नगरपालिकाका बासिन्दाहरूको सुरक्षा र कल्याणको लागि विपद् व्यवस्थापन आवश्यक छ। कोहलपुर नगरपालिका बाढी, पहिरो, भूकम्पलगायत विभिन्न प्राकृतिक प्रकोपको जोखिममा रहेको छ । विपद् व्यवस्थापनमा सुधार गर्न निम्न कार्यहरू गर्नुपर्दछः

- विभिन्न प्राकृतिक प्रकोपहरूको लागि नगरपालिकाको जोखिमलाई ध्यानमा राखेर **बृहत् विपद् व्यवस्थापन योजना**को विकास गर्ने
- एक **प्रारम्भिक चेतावनी प्रणाली** स्थापना गर्ने जसले प्राकृतिक प्रकोपहरू बारे बासिन्दाहरूलाई समयमै र सही जानकारी प्रदान गर्न सक्छ।
- क्षमता निर्माण गर्न र प्रभावकारी विपद् व्यवस्थापनलाई सहयोग गर्न **विपद् पूर्वतयारी र प्रतिक्रिया प्रशिक्षण कार्यक्रमहरूमा लगानी** गर्ने |
- प्राकृतिक प्रकोपहरूमा नगरपालिकाको प्रतिक्रिया व्यवस्थापन गर्न सक्ने **आकस्मिक योजना** विकास
- विपद् व्यवस्थापन प्रयासहरूलाई समर्थन गर्न **स्थानीय र राष्ट्रिय संगठनहरूसँग साझेदारी** स्थापना
- विपद व्यवस्थापन सुचना प्रणालीलाई थप सुदृढ गरी **बहुप्रकोपीय पूर्वसूचना प्रणालीको** विकास गर्ने

**सामुदायिक संलग्नता**

कोहलपुर नगरपालिकामा वातावरणीय र विपद् व्यवस्थापन प्रवर्द्धन गर्न सामुदायिक संलग्नता महत्वपूर्ण छ। सामुदायिक संलग्नता प्रवर्द्धन गर्न निम्न कार्यहरू गर्नुपर्दछः

• सामुदायिक संलग्नताको लागि नगरपालिकाको दृष्टिकोणलाई रूपरेखा बनाउने **सामुदायिक संलग्नता रणनीति** स्थापना गर्ने |

• वातावरणीय र विपद् व्यवस्थापन निर्णय प्रक्रियाहरूमा इनपुट प्रदान गर्न **एक नागरिक सल्लाहकार परिषद्**को विकास

• सीमान्तकृत र जोखिममा परेका समुदायहरूलाई संलग्न गराउनको लागि एउटा संयन्त्र स्थापना गर्ने तथा उनीहरूको आवाज सुनिश्चित गर्ने ।

• वातावरणीय र विपद् व्यवस्थापन मुद्दाहरूको जागरूकता प्रवर्द्धन गर्न **सामुदायिक पहुँच कार्यक्रम** विकास गर्ने ।

• वातावरणीय र विपद् व्यवस्थापन कार्यसम्पादन ट्र्याक गर्न **समुदायमा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली**को विकास गर्ने ।

**क्षमता निर्माण**

नगरपालिकाको वातावरणीय र विपद् व्यवस्थापन प्रयासहरूलाई सफलीभूत पार्न क्षमता निर्माण कार्यक्रम अनिवार्य नै देखिन्छ।

- वातावरणीय र विपद् व्यवस्थापन प्रयासहरूलाई समर्थन गर्न नगरपालिकाका कर्मचारीहरूको क्षमता निर्माण गर्न सक्ने तालिम र विकास कार्यक्रमको विकास गर्ने ।
- क्षमता अभिवृद्धि र ज्ञान आदानप्रदानलाई समर्थन गर्न विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग **साझेदारी** स्थापना गर्ने ।
- नगरपालिकाका कर्मचारीहरूको व्यावसायिक विकासलाई समर्थन गर्न सक्ने सल्लाह दिने कार्यक्रमको विकास
- स्थानीय समुदायहरूलाई उनीहरूको क्षमता विकास प्रयासहरूलाई सहयोग गर्न **प्राविधिक सहयोग र समर्थन** प्रदान गर्ने ।

- उत्कृष्ट अभ्यासहरू र सिकेका पाठहरू खिच्न र फैलाउन **ज्ञान व्यवस्थापन प्रणाली स्थापना**

माथि उल्लेखितकार्ययोजनाहरूले यस क्षेत्रको चुनौतिहरूलाई सम्बोधन गर्न र दिगो विकासलाई प्रवर्द्धन गर्न नगरपालिकाको अविलम्ब प्रयासलाई सार्थक पार्न सक्छ। प्रस्तावितकार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयन मार्फत कोहलपुर नगरपालिका नेपालमा दिगो सहरी विकासको नमुना बन्न सक्छ र त्यहाँका बासिन्दाहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न सक्छ।

## ठ. नवीनतम् सूचना र प्रविधिको कार्यान्वयन

कोहलपुर नगरपालिकाको सहरी केन्द्रको विकासमा सूचना र प्रविधिको महत्वपूर्ण भूमिका छ । नगरपालिकाले हालैका वर्षहरूमा उल्लेखनीय आर्थिक बृद्धि भएको अनुभव गरे पनि दिगो विकासलाई प्रवर्द्धन गर्न नवीन सूचना र प्रविधि समाधानहरूमा लगानी गर्न अपरिहार्य छ। कोहलपुर नगरपालिकाको सम्वृद्धि र विकासका लागि नविनतम सूचना तथा प्रविधिको कार्यान्वयनको कार्ययोजना प्रस्तुत गरिएको छ ।

### अ. पूर्वाधार विकास

नवीनतम् सूचना र प्रविधिको सफल कार्यान्वयनको लागि पूर्वाधार विकास आवश्यक मानिन्छ। पूर्वाधार विकासमा सुधार गर्न देहायका कार्ययोजनाहरू तयार पार्ने देखिन्छः

- नगरपालिकाको रणनीतिक उद्देश्यहरूलाई ध्यानमा राखेर **बृहत् पूर्वाधार विकास योजना**को विकास गर्ने ।

- पूर्वाधार विकास प्रयासहरूलाई समर्थन गर्न **निजी क्षेत्रका संस्थाहरूसँग साझेदारी** स्थापना गर्ने ।
- नगरपालिकाका बासिन्दाहरूलाई उच्च गतिको इन्टरनेटको पहुँच सुनिश्चित गर्न **ब्रोडब्यान्ड र फाइबर अप्टिक जडानमा लगानी** गर्ने ।
- एक **स्मार्ट शहर पूर्वाधार विकास** गर्ने जसले नवीन सूचना र प्रविधि समाधानहरूको कार्यान्वयनलाई समर्थन गर्न सक्छ।
- नगरपालिकाको पूर्वाधार राम्रोसँग मर्मत र प्रभावकारी छ भनी सुनिश्चित गर्न **मर्मत र मर्मत प्रणाली** स्थापना

**आ. तथ्यांक व्यवस्थापन**

नवीनतम् सूचना र प्रविधि को प्रभावकारी कार्यान्वयनको लागि तथ्यांक व्यवस्थापन महत्त्वपूर्ण छ। तथ्यांक व्यवस्थापन सुधार गर्न निम्न कार्ययोजनाहरू तयार पार्ने देखिन्छः

- तथ्यांक सङ्कलन, विश्लेषण, र भण्डारणमा नगरपालिकाको दृष्टिकोणलाई रूपरेखा दिने बृहत् **तथ्यांक व्यवस्थापन योजना** विकास गर्ने ।
- नगरपालिकाको तथ्यांक सहि, सुरक्षित र पहुँचयोग्य छ भनी सुनिश्चित गर्न सक्ने **तथ्यांक प्रशासन संरचना** स्थापना गर्ने ।
- तथ्यांक विश्लेषण र निर्णय लिन सहयोग गर्ने **तथ्यांक एनालिटिक्स उपकरण र प्रविधिहरूमा लगानी** गर्ने ।
- नगरपालिका शाखा तथा वडाहरूमा तथ्यांक साझेदारी र सहकार्यलाई बढावा दिन सक्ने **तथ्यांक साझेदारी नीति** विकास गर्ने ।
- नगरपालिकाको तथ्यांक व्यवस्थापन प्रणालीमा स्थानीय समुदायहरूसँग उनीहरूको तथ्यांक सङ्कलन र समावेश गर्नको लागि एक संयन्त्र स्थापना गर्ने ।

## इ. अभिनव समाधान

कोहलपुर नगरपालिकामा दिगो विकास प्रवर्द्धनका लागि नवीन समाधानहरू महत्त्वपूर्ण छन्। नवीन समाधानहरू कार्यान्वयन गर्न निम्न कार्यहरू गर्नुपर्दछः

- नवप्रवर्तनको लागि नगरपालिकाको दृष्टिकोणलाई रूपरेखा दिने **बृहत् Innovative रणनीति** विकास गर्ने |
- नगरपालिकालाई **Innovative हब स्थापना** गर्नुहोस् जसले नवीन समाधानहरूको विकास र कार्यान्वयनलाई समर्थन गर्न सक्छ।
- दिगो विकासलाई बढावा दिन ब्लकचेन, आर्टिफिसियल इन्टेलिजेन्स र इन्टरनेट अफ थिंग्स जस्ता उदीयमान प्रविधिहरूमा लगानी गर्ने |
- नगरपालिका सेवा र जानकारीमा बासिन्दाहरूलाई पहुँच प्रदान गर्न सक्ने **मोबाइल अनुप्रयोग** विकास गर्ने |
- एक **प्रविधि Innovative कोष स्थापना** गर्ने जसले नवीन समाधानहरूको विकास र कार्यान्वयनलाई सहयोग गर्न सक्छ।

## ई. डिजिटल साक्षरताः

नगरपालिकाका बासिन्दाहरूले प्रभावकारी रूपमा नवीन सूचना र प्रविधिहरू प्रयोग गर्न सक्छन् भन्ने सुनिश्चित गर्न डिजिटल साक्षरता आवश्यक छ। डिजिटल साक्षरता प्रवर्द्धन गर्न निम्न कार्यकार्ययोजना तयार गरी कार्यान्वयन गर्न सकिन्छः

- नगरपालिकाका बासिन्दाहरूलाई डिजिटल साक्षर बन्न सहयोग गर्न सक्ने **बृहत् डिजिटल साक्षरता कार्यक्रम**को विकास गर्ने |

- नगरपालिकाका बासिन्दाहरूलाई तालिम र सहयोग प्रदान गर्न सक्ने **डिजिटल साक्षरता केन्द्र** स्थापना गर्ने ।
- डिजिटल साक्षरता प्रयासहरूलाई सफल पार्न **डिजिटल साक्षरता उपकरण र प्रविधिहरूमा लगानी** गर्ने ।
- डिजिटल साक्षरता र जागरूकता प्रवर्द्धन गर्न सक्ने **सामुदायिक पहुँच कार्यक्रम**को विकास गर्ने ।
- डिजिटल साक्षरता प्रयासहरूलाई सार्थक पार्न **स्थानीय विद्यालय र शैक्षिक संस्थाहरूसँग साझेदारी** स्थापना गर्ने ।

**उ. क्षमता निर्माणः**

नवीन सूचना र प्रविधि कार्यान्वयनका लागि नगरपालिकाको प्रयासलाई सहयोग गर्न क्षमता निर्माण अनिवार्य नै मानिन्छ।

- नगरपालिकाका कर्मचारीहरूको क्षमता निर्माण गर्न सक्ने **तालिम र विकास कार्यक्रम**को विकास गर्ने ।
- क्षमता अभिवृद्धि र ज्ञान आदानप्रदानलाई सफलीभूत बनाउन **विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग साझेदारी** स्थापना गर्ने ।
- नगरपालिकाका कर्मचारीहरूको व्यावसायिक विकास लागि **सल्लाह दिने कार्यक्रम**को विकास गर्ने ।
- उत्कृष्ट अभ्यासहरू र सिकेका पाठहरू खिच्न र फैलाउन **ज्ञान व्यवस्थापन प्रणाली** स्थापना गर्ने ।

नवीन सूचना र प्रविधिको प्रभावकारी तथा समयसापेक्ष कार्यान्वयनले कोहलपुर नगरपालिकाको दिगो विकासलाई सहयोग गर्न सक्छ। पूर्वाधार विकास, डाटा व्यवस्थापन, नवीन समाधान, डिजिटल साक्षरता र क्षमता अभिवृद्धिमा लगानी गरेर कोहलपुर नगरपालिका नमुना बन्न सक्छ ।

## ङ. भ्रष्टाचार नियन्त्रण

भ्रष्टाचार एक व्यापक समस्या हो जसले विकास प्रयासहरूलाई कमजोर बनाउँछ र सरकारप्रति जनताको विश्वासलाई घटाउँछ। कोहलपुर नगरपालिका पनि यस समस्याबाट अछुतो छैन | कोहलपुर नगरपालिकामा घुसखोरी, हिनामिना, नातावाद जस्ता अभ्यासहरू देखाउदै भ्रष्टाचारको आरोप प्रत्यारोप विगतमा नआएका होइनन् । यी अभ्यासहरूले एकातर्फ कोहलपुर नगरपालिकामाथिको जनविश्वास घटाएको त छदै छ अर्को तर्फ समग्र नगरको विकासमा बाधा पुगेको छ।

**अब के गर्ने त ?**

कोहलपुर नगरपालिकामा हुने भ्रष्टाचारलाई सम्बोधन गर्न देहायबमोजिमका कार्ययोजनाहरु तयार गरी सफल कार्यान्वयनमा ध्यान सकिन्छः

- भ्रष्टाचार नियन्त्रणको लागि नगरपालिकाको दृष्टिकोणलाई रूपरेखा दिने **बृहत् भ्रष्टाचार विरोधी रणनीति** विकास गर्ने ।नागरिक समाज, निजी क्षेत्र र स्थानीय समुदायहरूलगायत प्रमुख सरोकारवालाहरूसँग **परामर्श** गरी उक्त रणनीति विकास गर्ने |
- भ्रष्टाचार विरोधी रणनीतिको कार्यान्वयनमा समन्वय गर्न सक्ने **भ्रष्टाचार विरोधी कार्यदल** स्थापना गर्ने ।उक्त कार्यदलमा नगरपालिका शाखा, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरू समावेश हुनुपर्छ।

- भ्रष्टाचारको जोखिममा रहेका नगरपालिकाको सञ्चालनका क्षेत्रहरू पहिचान **गर्न भ्रष्टाचार जोखिम मूल्याङ्कन** गर्ने। मूल्याङ्कन स्वतन्त्र तेस्रो पक्षद्वारा गरिनुपर्छ।
- नगरपालिकाका कर्मचारीहरूका लागि आचारसंहिता विकास गर्दा नैतिक मापदण्डहरू र व्यवहारको अपेक्षाहरूलाई रूपरेखा दिन्छ। आचारसंहिताको व्यापक प्रचारप्रसार र कार्यान्वयन हुनुपर्छ ।
- भ्रष्टाचारको रिपोर्ट गर्ने व्यक्तिहरूलाई प्रतिशोधबाट जोगाउन सक्ने **ह्वाइटलब्लोअर सुरक्षा कार्यक्रम** स्थापना गर्ने। भ्रष्टाचारको रिपोर्ट गर्ने व्यक्तिहरूलाई प्रोत्साहित गर्न चेतनामूलक अभियानहरूसँगै हुनुपर्छ।
- सार्वजनिक ठेक्कामा भ्रष्टाचार रोक्नको लागि खरिद प्रक्रियालाई सुदृढ बनाउने जुन स्पष्ट खरिद नियम र कार्यविधिहरू स्थापना गरेर, कर्मचारीहरूका लागि खरिद तालिम सञ्चालन गरेर र कडा अनुगमन र मूल्याङ्कन संयन्त्रहरू लागू गरेर प्राप्त गर्न सकिन्छ।
- सार्वजनिक कोषको व्यवस्थापनमा भ्रष्टाचार हुन नदिन वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने | स्पष्ट वित्तीय व्यवस्थापन नियम र प्रक्रियाहरू स्थापना गरेर, कर्मचारीहरूको लागि वित्तीय व्यवस्थापन तालिम सञ्चालन गरेर, र कडा अनुगमन र मूल्याङ्कन संयन्त्रहरू लागू गरेर यो हासिल गर्न सकिन्छ।
- स्थानीय समुदायहरूलाई भ्रष्टाचार रिपोर्ट गर्न र नगरपालिका सेवाहरूमा प्रतिक्रिया दिन सक्षम बनाउन सक्ने **नागरिक प्रतिक्रिया संयन्त्र स्थापना** गर्ने | सो संयन्त्रमा जनचेतनामूलक अभियानमार्फत  नागरिकहरूलाई सहभागी हुन प्रोत्साहित गर्नुपर्दछ।
- भ्रष्टाचार नियन्त्रण प्रयासहरूलाई सफल पार्न नागरिक समाज र निजी क्षेत्रसँग साझेदारी स्थापना गर्ने। यी साझेदारीहरूले भ्रष्टाचार विरोधी पहलहरूको लागि प्राविधिक सहयोग, तालिम र समर्थन प्रदान गर्न सक्छन्।

- भ्रष्टाचारका उजुरीहरू प्राप्त गर्न र अनुसन्धान गर्न सक्ने **भ्रष्टाचार उजुरी संयन्त्र स्थापना** गर्ने। उक्त संयन्त्र पारदर्शी, स्वतन्त्र र निष्पक्ष हुनुपर्छ ।

कोहलपुर नगरपालिकाको विकासमा भ्रष्टाचार प्रमुख बाधक हो । प्रस्तावित कार्ययोजना कार्यान्वयन गरेर नगरपालिकाले भ्रष्टाचार नियन्त्रणका उपायहरूलाई बलियो बनाउन र दिगो विकासलाई प्रवर्द्धन गर्न सक्छ । भ्रष्टाचार विरुद्धको बृहत् रणनीतिको कार्यान्वयन, भ्रष्टाचार विरोधी कार्यदलको स्थापना र खरिद तथा वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनका लागि महत्वपूर्ण कदमहरू हुन् । नागरिक प्रतिक्रिया संयन्त्र र भ्रष्टाचार गुनासो संयन्त्रको स्थापनाले नागरिक सहभागितालाई प्रवर्द्धन गर्न र नगरपालिका सेवाहरू प्रभावकारी र प्रभावकारी रूपमा प्रदान गर्न सुनिश्चित गर्न सक्छ। नागरिक समाज संगठन र निजी क्षेत्रका कलाकारहरूसँग साझेदारीमा काम गरेर, कोहलपुर नगरपालिकाले पारदर्शिता, जवाफदेहिता र निष्ठाको संस्कृतिलाई प्रवर्द्धन गर्न सक्छ।

## ६.निष्कर्ष

कोहलपुर नगरबासीहरुको आजको चाहना भनेको समृद्धि र विकास हो। अबको बाटो जनचाहनाअनुरूप कोहलपुर नगरपालिकाले सिर्जनशील ढंगबाट यस क्षेत्रको विशेषता बमोजिम विकास र समृद्धिका लागि ढिलाइ नगरी अघि बढ्न जरुरी छ।

विकास र समृद्धि भनेको विना तयारी सम्भव छैन। अझ विशेषगरी विषयविज्ञहरूका राय, सल्लाह र सुझावसहित जनप्रतिनिधिद्वारा अनुमोदित नीति, योजना र कार्यक्रम निर्माण गर्न जरुरी छ। विकास र समृद्धिका लागि विज्ञ समूहसहित योजना निर्माण, छनोट, साधन स्रोतको पहिचान र परिचालन, प्राप्त हक अधिकारको कार्यान्वयन एवं तात्कालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण डकुमेन्ट निर्माणलगायतका विषयमा यस पालिकाले प्राथमिकतामा राखेर अघि बढ्नुपर्छ।

आर्थिक विकासको लागि भिन्नभिन्न राजनीतिक दलका आआफ्नै दर्शन र सिद्धान्त छन्। स्थानीय तहका जनप्रतिनिधिले हामी कुनै एउटा पार्टीको प्रतिनिधि मात्र होइनौं, हामी सम्पूर्ण स्थानीयबासीको साझा प्रतिनिधि भएर जनसेवामा लाग्नुपर्छ भन्ने सोचका साथ पार्टीका एजेन्डाभन्दा माथि उठेर यस पालिकाको एजेन्डालाई लिएर अघि बढ्नुपर्छ। सबै दलले मानेको सहमतिको साझा दस्तावेज नेपालको संविधान २०७२ हो। यही संविधानले हामीलाई समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने आधार र अधिकार दिएको छ। त्यसो हुँदा संविधानको खाकाभित्र रहेर संविधान प्रदत्त अधिकारलाई 'मूलमन्त्र' मान्दै स्थानीय विकासलाई अघि बढाउनुपर्छ।

संविधानले विकासको लागि हामीलाई सुम्पेको अधिकार र दायित्व, संविधानका मार्गनिर्देशक सिद्धान्तहरू, अन्तर्राष्ट्रियस्तरमा दिगो विकास लक्ष (एसडीजी), नेपालका अन्तर्राष्ट्रिय र राष्ट्रिय विकास प्रतिबद्धताहरू तथा अर्थतन्त्रका अन्य चुनौती के कस्ता छन् ? विकाससँग अर्थतन्त्र कसरी जोडिन्छ भन्ने विषय बुझ्न-बुझाउन आवश्यक छ। तसर्थ सिंहदरबारको अधिकार साँच्चिकै गाउँघरमा पुगेको छ भन्ने अनुभूति आधारभूत तहमा दिलाउने गरी जनप्रतिनिधिहरूले भूमिका निर्वाह गर्नु नै अहिलेको विकास र समृद्धिको यात्राको पहिलो खुट्किलो मान्न सकिन्छ।

स्थानीय तहमा नागरिकले जनप्रतिनिधिहरूद्वारा नीति, कार्यक्रमलगायत विकास, निर्माण र

कार्यशैलीजस्ता पक्षहरूमा कत्तिको सिर्जनशील भएर जिम्मेवारी निर्वाह गरिरहेका छन् भन्ने विषय नजिकबाट चासो र चिन्ताका साथ हेरिरहेका हुन्छन्। यी चासो र चिन्ता बारेमा स्थानीय जनप्रतिनिधिहरू हरहमेसा क्रियाशील रही जिम्मेवारी निर्वाह गर्न अग्रसर हुनुपर्छ।

स्वयं जनप्रतिनिधिले विषयगत विज्ञहरू राखेर उनीहरूसँग सिक्ने प्राविधिक विषय सिक्ने, बुझ्ने र सोहीअनुरूपको विकास योजना तर्जुमा गर्ने वातावरण बनाउनु आवश्यक छ। खासगरी हाम्रो पालिकाका प्रमुख, उप्रमुखले सम्भाव्य मेघा प्रोजेक्टहरूको सम्भाव्यता अध्ययन गरी आफ्नो विकासको बास्केटमा राखि विभिन्न सम्बन्धित निकायहरू तथा डोनरहरूसँग लबिङ गर्ने सोचलाई विशेष प्राथमिकता दिन सके जनअपेक्षा बमोजिमका विकास निर्माणले तीव्रता पाउन सक्छ।

आफ्ना ठाउँका विकास निर्माण र योजनालाई उचाइका साथ प्रस्तुत गर्न सम्भाव्यता अध्ययनसहितका डकुमेन्टहरू साथ राखी अघि बढ्न सके विकास निर्माणले स्पष्ट गन्तव्यका साथ लक्ष्य निर्माण गर्न सक्छ। तसर्थ कतिपय विषयमा आफ्ना अनुभव, ज्ञान तथा सीप पर्याप्त नपुग्न सक्छन्, त्यसको लागि विषेश समय छुट्ट्याएर अध्ययन, चिन्तनमनन र विज्ञहरूसँग सम्पर्क गर्ने बानी विकास गर्न सके जनअपेक्षा बमोजिमको सिर्जनशीलता देखा पर्न सक्छ।

भिजन कम्पिटिसनका लागि प्रस्ताव

# कोहलपुर नगरपालिकाको विकास र समृद्धिका उपायहरु



- हरिप्रसाद सुवेदी
अनुसन्धानकर्ता एवम् उपप्रध्यापक
महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज

**१. परिचयः**

जनश्रुतिअनुसार जङ्गबहादुरका सन्तानमध्ये केही चटार गाउँमा आएर बसेका थिए । त्यहाँ ठूला ठूला साल, खयर लगायतका रुख थिए । तिनै रुख काटेर चट्टा लगाएर राख्ने गरेकोले त्यसको नाम चटार रह्यो । वि.सं. २०१७ मा पञ्चायती व्यवस्था सुरु हुँदा यसको नाम चटार पञ्चायत रहन गयो । राणा काल देखि नै त्यहाँ काठको कोलमा थारु जातिले तोरी पेल्ने गर्दथे । त्यही कोलको नामबाट 'कोलपुरवा' भनिन थालियो । समय बित्दै जाँदा अपभ्रंश भई कोहलपुर नाम रह्यो[१] ।

वि.सं. २०२४ मा चटारमा साविकको सम्शेरगञ्ज गाभेर कोहलपुर गाउँ पञ्चायत बनाइयो । २०४० सालमा तत्कालिन राजा श्री ५ वीरेन्द्रको भ्रमणका क्रममा कोहलपुरमा नगर बस्ने हुकुम भएअनुरुप २०४१ मा कोहलपुर नगर विकास समिति गठन भइ कार्य थाल्यो । यो समितिले नगरका लागि आवश्यक पूर्वाधार विकास गर्न थालेयता देशका विभिन्न स्थानबाट बसाईंसराईं गरी आउन थाले । २०४७ को संविधान लागू गाउँ विकास समिति (गाविस) मा रुपान्तरण भएको कोहोलपुरमा वि.सं. २०५२-०६२ को जनयुद्धले बसाईं सर्नेको संख्या झनै बढ्यो । आधारभुत सुविधा र पूर्वाधारको विकाससँगै आ.ब. २०५२/०५३ मा  कोहलपुरलाई नगर उन्मुख गाविस घोषणा गरियो ।

नेपाल सरकारको मन्त्री परिषद्को २०७१ बैशाख २५ गतेको निर्णयबमोजिम २०७१ जेठ ७ गते साविकका कोहलपुर र रझेना गाविस गाभेर कोहलपुर नगरपालिका बनाइयो । संघीय लोकतान्त्रिक नेपालको प्रशासनिक विभाजनअनुसार २०७३ मा साविकको शम्शेरगञ्ज गाविसको केही भाग यो नगरमै मिलाइयो । पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको कालिमाटी  गाउँपालिका र दक्षिणमा जानकी गाउँपालिका र नेपालगन्ज उपमहानगरपालिको बिचमा अवस्थित कोहलपुरको क्षेत्रफल १८४.२६ वर्ग कि.मी रहेको छ । १५ वटा वडा रहेको जिल्लाको दोस्रो ठूलो शहर कोहलपुरमा थारू, मधेसी, ब्राम्हण, क्षेत्री, ठकुरी, दलित, मगर, नेवार, गुरूङ, लामा, भोटे, शेर्पा गरेर एकलाख बढीको बसोबास छ ।

**२. प्रस्ताव तयारी विधिः**

प्रस्ताव तयारीको क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय, प्रदेश र स्थानीय सरकारका ऐन, नियम, नीति तथा कार्यविधि, पालिकाको श्वेत पत्र, पार्श्वचित्र र आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमहरू, प्रतिवेदनहरु र प्रकाशनहरुको अध्ययन गरिएको थियो । पालिकामा कार्य गरेका पूर्व र हालका जनप्रतिनिधिहरु र कर्मचारीहरुसँग अन्तरक्रिया गरिएको थियो । पालिकाका जेष्ठ नागरिकहरु, बालबालिका, महिला, अपाङगता भएका व्यक्तिहरु, प्रमुख जानकार व्यक्तिहरु (युवा समेत), स्रोत व्यक्तिहरु, धार्मिक व्यक्तिहरु, शिक्षकहरु, प्रहरी प्रशासन र नीजि तथा गैरसरकारी संस्थाका नीति निर्माताहरु, सामुदायिक वनका अध्यक्षहरु, टोल विकास संस्थाका अध्यक्षहरुलगायतसँग अन्तरक्रिया गरि प्राप्त जानकारी र सूचनाहरुको त्रिकोणात्मक जाँच गरिएको थियो । प्रस्ताव तयारीका क्रममा पालिकाका विभिन्न क्षेत्रको अध्ययन एवम् अवलोकन समेत गरि निकालिएको निश्कर्षको आधारमा खेस्रा तयार गरिएको हो । सो खेस्रामा विभिन्न क्षेत्रका जानकारहरुबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिमरुप दिइएको छ ।

**३. नगरपालिकाको वर्तमान अवस्था तथा उपलब्ध अवसरहरु :**

प्रस्ताव तयारीको क्रममा गरिएका अन्तरक्रिया, सङ्कलित सूचना, जानकारी, तथ्य र तथ्याङ्कबाट नगरपालिकाको वर्तमान अवस्था र उपलब्ध अवसरहरु निम्नानुसार रहेका छन् ।

| (क) जनसंख्या र मानव संशाधनको अवस्था | उपलब्ध अवसरहरु |
|---|---|
| • १,००,२५८[२] जनसंख्या (४८,३२४ पुरूष र ५१,९६५ महिला) मध्ये ४९ प्रतिशत १५ देखि ५९ बर्ष समूहको रहेको । | • १५ देखि ५९ बर्ष समूहका जनशक्तिको क्षमता विकास गरेर नगरको उत्पादक तथा विकासका कार्यहरुमा तत्कालै परिचालन गर्ने । |

[१] कोहलपुर गाउँ विकास समितिको पार्श्व चित्र २०६०, पृष्ठ १, सहकर्मी समाज, कोहलपुर, बाँके ।

[२] राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन ।

| | |
|---|---|
| • ७८ जना नगर पदाधिकारीहरु (२५ जना नगर कार्यपालिकाका सदस्यहरु समेत) विभिन्न तहको सरकारमा काम गरेको अनुभव सँगालेका २२८ कर्मचारीहरू (सरकारी स्वास्थ्यकर्मी समेत), ३४७ शिक्षक तथा प्राध्यापक, ७५६ निजी क्षेत्रका स्वास्थ्यकर्मी (विशेषज्ञ समेत), ७१ महिला स्वास्थ्य स्वयंसेविका, करिब ६० टोल विकास संस्था, १५ आमा समूह, २८ बालक्लव, १० वटा युवा क्रियाशिल रहेको ।<br>• प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीका १७६ जना कार्यरत रहेको ।<br>• गैरसरकारी संस्थाका १०० बढी, वित्तीय संस्थाका १२५ र नीजि क्षेत्रका २२३ जनशक्तिले आ-आफ्नो पेसामा रहेर नगरको आर्थिक र सामाजिक विकासका योगदान गरेको ।<br>• २८३२ जना जेष्ठ नागरिक, ११७२ जना विधवा, ३८४ जना अपाङ, ९८७ दलित बालबालिका र २५ लोपउन्मुख जाति रहेको । | • ६ देखि १४ बर्ष समूहकालागि उचित शिक्षा र क्षमता विकासका कार्यहरुमा सहभागी गराउने ।<br>• जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउने ।<br>• समाजका बालबालिका र युवालाई शिक्षा, अनुशासन र स्वास्थ्यको महत्व बुझाउँदै विद्यमान हिंसा न्यूनिकरण गर्न, लागू औषध प्रयोग दर घटाउन जीवनउपयोगी सीपमा आधारित साथी शिक्षा कार्यक्रम लागू, सुधारगृहहरु सञ्चालन गर्ने र सामुदायिक प्रहरी परिचालन गर्ने ।<br>• सामुदायिक संगठनहरुलाई टोल तहको विकास, उत्पादन र वातावरण संरक्षणका क्षेत्रमा परिचालन गर्ने ।<br>• लागत साझेदारीमा विभिन्न योजना, परियोजना तथा उद्यमशिलता विकासका क्रियाकलापहरु सञ्चालन गरी आर्थिक बृद्धि हासिल गर्ने ।<br>• जेष्ठ नागरिकहरुको ज्ञान तथा सिप युवा पिढीलाई हस्तान्तरण गर्ने, विधवाहरुलाई रोजगार बनाउने र दलित बालबालिका तथा लोपउन्मुख जातिको संरक्षणका लागि बिशेष कार्यक्रम बनाएर लागू गर्ने । |
| **(ख) ऐन, नीति नियम र योजना उपलब्धताको अवस्था** | **उपलब्ध अवसरहरु** |
| • संघीयता लागू भएदेखि स्थानीय सरकारको रुपमा ४८ भन्दाबढी ऐन, नियम, निर्देशिका, कार्यबिधि र योजना लागू भै रहेको ।<br>• नगरको विकासमा कोशे ढुङ्गाको काम गर्ने रिङ रोड, अन्तर्राष्ट्रिय क्रिकेट मैदान र डुडुवा तटबन्धन तथा करिडोर निर्माण, बाल अस्पताल आदिको विस्तृत योजना प्रतिवेदन तयार भएको ।<br>• आर्थिक विकास योजना र खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तयार भएको । | • उपलब्ध कानुन, नीति, नियमबारे सरोकारवालाहरुलाई जानकारी दिने र प्रभावकारी कार्यान्वयनमा सहभागिता बृद्धि गर्ने ।<br>• आवश्यकता र सिकाइको आधारमा विद्यमान कानुन, नीति नियम संशोधन, परिमार्जन गर्ने तथा नयाँ बनाउने र लागू गर्ने ।<br>• विस्तृत योजना प्रतिवेदन तयार भएका कार्यहरुलाई प्राथमिकतामा राखेर संघ, प्रदेश सरकारसमक्ष पैरवी गर्ने । साथै गैरसरकारी तथा नीजि संस्थाका स्रोत भित्र्याउने । |
| **(ग) शिक्षा र खेलकुदको अवस्था** | **उपलब्ध अवसरहरु** |
| • ३० वटा सामुदायिक र ५८ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेको ।<br>• २८ सामुदायिक विद्यालयमा ८१ वटा बाल विकास केन्द रहेको । सार्वजनिक गुठीबाट १ वटा विद्यालय सञ्चालनमा रहेको र २ वटा धार्मिक विद्यालय रहेको ।<br>• उच्च शिक्षा प्रदान गर्न १ सरकारी र ६ वटा निजि क्षेत्रका क्याम्पसहरु रहेको ।<br>• पालिका भित्र पूर्व प्राथमिक तह देखि स्नातकोत्तर सम्म, प्राबिधिकतर्फ प्रविणता प्रमाण पत्र तह र स्नातक तहको नर्सिङ, एम.बि.बि.एस र पोष्ट ग्राजुएटसम्मको पढाइ भइरहेको ।<br>• ३ वटा सामुदायिक विद्यालय र १ वटा निजी विद्यालयमा प्राबिधिक शिक्षा तथा व्यवसायीक तालिमका कक्षाहरु सञ्चालन भएको । | • साक्षरता सतप्रतिशत पुर्‍याउन विशेष अभियान सञ्चालन गर्ने ।<br>• सबै सामुदायिक र संस्थागत विद्यालयका भवन भवनसंहिताअनुरुप निर्माण भए नभएको अध्ययन गर्ने र प्रबिधिमैत्री कक्षाकोठा सहितको नयाँ भवन निर्माण गर्न सहजीकरण गर्ने ।<br>• सबै सामुदायिक विद्यालयको जग्गा, हालको विद्यार्थी संख्या र आगामी दिनमा बढ्ने विद्यार्थी संख्या अनुमान गरी आवश्यक भवन निर्माणार्थ विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।<br>• संघ र प्रदेश सरकार समेतसँगको समन्वयमा समयअनुकुलको गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोगी भौतिक संरचना निर्माण गर्ने ।<br>• कम्तिमा १० प्रतिशत गरिब परिवारका जेहेन्दार विद्यार्थीहरुलाई प्राबिधिक र मेडिकल शिक्षा उपलब्ध गराउन अनिवार्य गर्ने । |

| | |
|---|---|
| • ज्ञानोदय पुस्तकालय र विद्यार्थी लेखाजोखा केन्द्र सञ्चालनमा रहेको ।<br>• सामुदायिक विद्यालयहरुमा सूचना तथा सञ्चारको सुबिधा पुगेको ।<br>• आधाभूत तहको स्थानीय पाठ्यक्रम तयार भएको ।<br>• साक्षर नगरपालिका घोषणा भएको । साक्षरता दर ९६.८५ पुगेको ।<br>• लागत सहभागितामा शिक्षकलाई कम्प्यूटर वितरण थालिएको ।<br>• नगरको अनुदानमा ४० जना थप शिक्षकको व्यवस्था गरिएको<br>• मेयर कप रनिङ शिल्ड खेलकुद र उपमेयर कप छात्रा क्रिकेट कप प्रतियोगिता हुने गरेको ।<br>• नेपालमा पहिलो पटक महिला क्रिकेट खेल खेलाएको । | • विद्यार्थीमा पढ्ने संस्कृतिको विकासका लागि सबै कक्षा कोठामा अनलाइन र प्रोजेक्टरको सुबिधा विस्तार गर्ने ।<br>• सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक र सन्दर्भ सामग्री निर्माण गरी लागू गर्ने ।<br>• सबै शिक्षकलाई प्रबिधिको प्रयोग गरेर पढाउन सक्ने बनाउने ।<br>• ज्ञानोदय पुस्तकालयलाई जेष्ठ र अनुभवी नागरिकहरुको अनुभव र सिप हस्तान्तरण केन्द्र एवम् पालिकाको ज्ञान व्यवस्थापन केन्द्रको रुपमा विकास गर्ने ।<br>• प्रत्येक विद्यालयमा फरक फरक विधाका विज्ञ खेल शिक्षकको व्यवस्था गरेर नियमितरुपमा खेल खेलाउने व्यवस्था मिलाउने । ती शिक्षकहरुले आफ्नो विधाको खेल पालिकाका अन्य विद्यालयमा पनि खेलाउने र विद्यालय विद्यालयबिच प्रतिस्पर्धा गराउने ।<br>• उत्कृष्ट खेलाडीहरुलाई पालिका, जिल्ला, प्रदेश र संघ तहको खेल प्रतियोगितामा भाग लिने व्यवस्था मिलाउने ।<br>• पालिका र जिल्लामा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडीलाई राष्ट्रिय प्रशिक्षणमा सहभागी गराउने र अन्तर्राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्ने ।<br>• एक वडा एक खेल मैदानको अवधारणा लागू गर्ने ।<br>• अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निर्माण सम्पन्न गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला क्रिकेटको आयोजना गर्ने र अन्तर्राष्ट्रिय क्रिकेट खेलाडी उत्पादन गर्ने ।<br>• रानीघाटको खेलमैदानको स्तर उन्नति गर्ने । |
| **(घ) खानेपानी, सरसफाइ र स्वास्थ्यको अवस्था** | **उपलब्ध अवसरहरु** |
| • ३६६३ घरधुरीमा पाइप सञ्जालबाट खानेपानी पुगेको ।<br>• २०.७ प्रतिशत घरमा खानेपानीको पहुँच भएको ।<br>• ९६ प्रतिशत घरधुरीमा चर्पीको पहुँच भएको ।<br>• सतप्रतिशत घरमा सरसफाइ सुबिधामा पहुँच भएको ।<br>• १ अस्पताल, ३ स्वास्थ्य चौकी, १ शहरी स्वास्थ्य केन्द्र, २ वर्थिङ सेन्टर, ११ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा आर्युवेद औषधालय र ५ वटा निजी अस्पताल तथा नर्सिङ होम, ६ वटा पोलिक्लिनिकबाट नागरिकलाई नियमित स्वास्थ्य सेवा उपलब्ध गराइएको ।<br>• २ वटा माइक्रोस्कोपी सेन्टर, ४ वटा क्षयरोग उपचार केन्द्र, १ वटा सिकलसेल ल्यावर २५ वटा निजी मेडिकलबाट पनि स्वास्थ्य सेवा उपलब्ध गराइएको ।<br>• सरकारी र निजी स्वास्थ्य संस्थाहरुमा गरेर ५८० शैया उपलब्ध रहेको ।<br>• १ वटा ब्लड बैक सञ्चालनमा रहेको ।<br>• स्वास्थ्य संस्थाले उपलब्ध गराउने सेवा मापदण्ड अनुरुपको बनाउन ६ वटामा वास फिट लागू र | • पालिकाको वास योजना कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने, संरचना बनाउने र पूर्ण सरसफाईका अवस्था हासिल गर्ने ।<br>• सबै घरधुरीमा पाइप सञ्जालबाट खानेपानी पुऱ्याउने । खानेपानी परीक्षण गर्ने अभियान सञ्चालन गर्ने र सबै घरले सुरक्षित खानेपानी खाएको निश्चित गर्ने ।<br>• खुला दिसा मुक्त घोषणाका बखत बनेका चर्पीको स्तर सुधार गर्ने, जमिन मुनिको पानी प्रदुषण बन्द गर्ने ।<br>• दिसाजन्य लेदो व्यवस्थापन योजना कार्यान्वयन गर्ने ।<br>• निर्माणधिन ४ वटा र नयाँ ९ वटा खानेपानी आयोजनाहरुको कार्य समयमा सम्पन्न गर्न प्रदेश सरकारसँग पैरवी गर्ने ।<br>• सिटी अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, औजार तथा उपकरण, सामग्री र स्रोतको व्यवस्थापन ।<br>• स्वास्थ्य संस्थाका लागि स्वीकृत दरबन्दी पूर्ति ।<br>• सतप्रतिशत नागरिकहरुलाई स्वास्थ्य वीमा गराउने ।<br>• सञ्चालित सबै सेवालाई निरन्तरता दिँदै कभरेज सत प्रतिशत पुऱ्याउने ।<br>• नियमितरुपमा स्वास्थ्य संस्थाहरुको क्षमता लेखाजोखा गर्ने र गुणस्तरीय सेवा उपलब्ध गराउन संस्थागत वास सुधार |

| | |
|---|---|
| तिनबाट भएको सिकाईको आधारमा संस्थागत वास सुधार निर्देशिका जारी ।<br>● आ.ब. २०७९/८० मा कुल बजेटको ६.८ प्रतिशत बजेट बिनियोजन गरिएको । | निर्देशिका लागू गर्न सबै स्वास्थ्य संस्थाका लागि बार्षिक बजेट बिनियोजन गर्ने ।<br>● प्रत्येक स्वास्थ्य संस्था र पालिकामा स्वास्थ्य संस्थाका संरचनाहरुको तत्काल मर्मतसंभार गर्न कोष स्थापना गर्ने ।<br>● बाल अस्पतालको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने ।<br>● नवजात शिशु मृत्युदर शुन्यमा झार्ने । |
| **(ङ) पूर्वाधार एवम् व्यवस्थित सहर विकासको अवस्था** | **उपलब्ध अवसरहरु** |
| ● पालिकामा ३८९.८३ कि.मी. सडक रहको ।<br>● ३९९४ मिटर कालोपत्रे, १८५ मिटर पिसिसि २३,२७२.८ मिटर ग्राभेल र ११५० मिटर कच्ची सडक रहेको ।<br>● चपरगौडी देखि सल्यान जोड्ने मार्ग, खजुरा, पेडारी, मदनचोक हुँदै बानिया रोड, १५ बटै वडामा बाह्रै महिना यातायात चल्ने ग्राभेल सडकहरु सञ्चालनमा रहेको ।<br>● रिङ रोडको डिपिआर तयार भै पूर्वी खण्डको ५ कि.मी. ट्रयाक खोलिएको र १ कि.मी. कालो पत्रे गरिएको ।<br>● आधारभूत सुविधा सहितको नगरपालिका र १२ वटा वडाको प्रशासनिक भवन रहेको ।<br>● छोटो दुरीको बसपार्क सञ्चालनमा रहेको र लामो दुरीको अत्याधुनिक बर्सपार्क निर्माण सम्पन्न भई छिट्टै सञ्चालनमा ल्याउने तयारीमा रहेको ।<br>● गोलपार्कमा भ्यू टावर निर्माण सम्पन्न भएको ।<br>● फूटबल खेल मैदान रहेको, कभर्ड हल र अन्तर्राट्रिय क्रिकेट मैदान निर्माण शुरु भएको ।<br>● २५ बेडको बाल अस्पताल निर्माणको क्रममा रहेको ।<br>● वडा नं. ११ मा थारु संस्कृति सङग्राहलय र वडा नं. २ मा दलित संस्कृति सङग्राहलय निर्माणको क्रममा रहेको । | ● सडकहरुको स्पष्ट वर्गिकरण र प्राथमिकीकरण गरेर क्रमिकरुपमा ढल निकास सहितको बाटो निर्माणका लागि मध्य र दीर्घकालिन योजना बनाउने ।<br>● नाली र ढल निकास डुडुवा र किरणनालामा जोड्ने प्रबन्धसहित रिङ रोड र सबै सडकहरु पक्की बनाउने ।<br>● बाँकी रहेका ३ वटा वडाको भवन निर्माण गर्ने ।<br>● सार्वजनिक, निजि साझेदारी पद्धतीअनुसार र लामो र छोटो दुरीको बसपार्कको सञ्चालनका लागि व्यवसायिक योजना बनाउने र लागू गर्ने ।<br>● गोलपार्कमा रहेको भ्यू टावरको योजनाअनुरुप उत्तर र दक्षिणको जमिनमा पार्क बनाएर सञ्चालन गर्ने ।<br>● फूटबल खेल मैदान, कभर्ड हल, अन्तर्राष्ट्रिय क्रिकेट मैदान, बालअस्पताल, थारु संस्कृति सङग्राहलय र दलित संस्कृति सङग्राहलयको निर्माण तथा दिगोपनका लागि व्यवसायिक योजना बनाएर लागू गर्ने ।<br>● डुडुवाको कटान रोक्न करिडोर सहितको तटबन्ध गर्ने ।<br>● निकै खर्चिको हाइमास्ट लाइटको मासिक चार्ज र मर्मतसंभार लागत लाइटको उज्यालोबाट लाभ लिने व्यवसायीहरुबाट व्यहोर्ने व्यवस्था मिलाउने ।<br>● बजारमा ग्राहकको चाप र सुरक्षाका लागि आकाशे पुल र केबल कार निर्माण गर्ने ।<br>● बाल अस्पताल, थारु संस्कृति सङग्राहलय र दलित संस्कृति सङग्राहलयको कार्य सम्पन्न गर्ने । |
| **(च) आर्थिक विकास, उद्योग, व्यापार कृषि, तथा सहकारीको अवस्था** | **उपलब्ध अवसरहरु** |
| ● क वर्गका १४ वटा वाणिज्य बैक, ख वर्गका ७ वटा विकास बैंक, घ वर्गका ९ वटा लघुवित्त संस्था र ७७ वटा सहकारी संस्थाले वित्तीय सेवा उपलब्ध गराइरहेको ।<br>● २,४९६ उद्योग व्यवसायहरु दर्ता भएका र २,१०० मात्र नवीकरण भएका ।<br>● नगरभित्र सञ्चालनमा रहेकामध्ये करिब ४० प्रतिशत जति व्यवसाय मात्र दर्ता भएका, र सो मध्ये ८० प्रतिशत जति नवीकरण भएका । | ● उद्योगी, व्यवसायी र नागरिकको प्रतिनिधिका रुपमा बैक तथा वित्तीय संस्थाहरु र ऋणीहरुबिच सम्झौता भए अनुरुपको मात्र ब्याज चार्ज गर्न पैरवी गर्ने ।<br>● स्थानीय उद्योग व्यापर संघसँग मिलेर वित्तीय साक्षरता र व्यवसाय स्थापना तथा सञ्चालनका सम्बन्धमा सरकारी निति नियम बारेको कार्यक्रम सञ्चालन गर्ने ।<br>● कृषि तथा पशु व्यवसायमा युवाहरुलाई आकर्षित गर्ने र आत्म निर्भर हुने ।<br>● नगरमा व्यवसाय परामर्श इकाइ स्थापना गर्ने, व्यवसायीका समास्या समाधन र दर्ता तथा नवीकरणलाई व्यवस्थित बनाउने । |

| (छ) भाषा, साहित्य, संस्कृति धार्मिक तथा पर्यटनको अवस्था | उपलब्ध अवसरहरु |
|---|---|
| • हिन्दु, क्रिश्चियन, इस्लाम, बौद्ध धर्ममा आस्था राख्ने समुदायको बसोबास रहेको कोहलपुरमा मन्दिर, चर्च, मस्जिद, बौद्ध स्तुप रहेको ।<br>• आन्तरिक पर्यटकहरुको गन्तव्य स्थलका रुपमा गिद्धेनी चौर, मध्यवर्ति क्षेत्र, भ्यू टावर, बन्दा, हात्तीसार, नमूना पिकनिक पार्क आदि रहेको ।<br>• आआफ्नै भाषा, साहित्य र संस्कृति प्रवर्द्धनमा सम्बन्धित समुदाय सक्रिय रहेको । | • आन्तरिक तथा बाह्य पर्यटक आकर्षिक गर्ने साँस्कृतिक कार्यक्रमहरु आयोजना गर्ने ।<br>• विगतको प्रमुख पर्यटकीय गन्तव्य चटारको संरक्षण गर्ने ।<br>• भुतैया ताल, जोरत्ते ताल, जोरत्ते सिमसार क्षेत्रलाई पर्याटकीय क्षेत्रको रुपमा विकास गर्ने ।<br>• गोलपार्कको पार्क निर्माण गरी व्यवसायीक रुपमा सञ्चालन गर्ने ।<br>• कोहलपुर चौराहको स्तर उन्नति गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।<br>• धर्म, भाषा, संस्कृति, कला लगायतको संरक्षणका लागि स्थानीय वाङ्मय प्रतिष्ठानलाई जिम्मेवार बनाउने । |
| **(ज) सूचना प्रविधि तथा सञ्चारको अवस्था** | **पहिचान गरिएको खाडल एवम् उपलब्ध अवसरहरु** |
| • नगरमा टेलिफोन, मोबाइल, टेलिभिजन, रेडियो, पत्रपत्रिका, कम्प्यूटर, इन्टरनेट लगायतका सञ्चार सुबिधा उपलब्ध रहेको ।<br>• नगरमा केन्द्रीयस्तरबाट प्रसारित सबै टेलिभिजन हेर्न सकिन्छ भने रेडियो तथा एफएमहरु सम्बन्धित इन्टरनेट वेबसाइट तथा सामाजिक लिंकहरुबाट सुन्न सकिन्छ ।<br>• नेपाल टेलिभिजनको क्षेत्रिय प्रसारण सेवा कोहलपुरमा रहेको छ भने स्थानीय केबल नेटवर्क र डिस होममार्फत पनि टेलिभिजन हेर्न सकिन्छ ।<br>• गोरखापत्र दैनिकको पश्चिमाञ्चल संस्करण, मिसन टुडे, र युगयान कोहलपुरबाट प्रकाशन भइरहेका छन् ।<br>• कान्तिपुर, नागरिक, समाचार पत्र, नयाँ पत्रिका दैनिक, अन्नपूर्ण पोष्ट हरेक विहानै उपलब्ध हुने गरेको ।<br>• नगरपालिका र मातहतका सबै कार्यालयहरु (वडा कार्यालयहरु, स्वास्थ्य संस्था र विद्यालयहरु) मा इन्टरनेट उपलब्ध ।<br>• आफ्नो वेबसाइट रहेको र आंशिकरुपमा अद्यावधिक भएको ।<br>• बेवसाइटमा MOFAGA पोर्टल, स्थानीय सञ्चीत कोष व्यवस्थापन प्रणाली (SuTRA), वेबमेल व्यवस्थापन, राजस्व संकलन प्रणाली, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, मानव संशाधन विकास प्रणाली, बार्षिक प्रयोग पोर्टल, स्वास्थ्य सफ्टवेयर, किसान सूचीकरण पोर्टल, क्षमता स्वमूल्याङ्कन पोर्टलको व्यवस्था छ । | • नागरिकले सस्तो दरमा सूचना प्रबिधि र सञ्चार माध्यमको प्रयोग गर्न पाउने व्यवस्था मिलाउने ।<br>• नगरपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्थाहरुका उच्च क्षमताको इन्टरनेट सेवा जडान गरी डिजिटलाइज गर्ने ।<br>• हरेक दिन नगरपालिकाको वेबसाइट अद्यावधिक गर्ने ।<br>• सबै सरकारी कार्यलयहरु र पर्याटकीय क्षेत्रमा निःशुल्क वाइफाइको व्यवस्था गर्ने ।<br>• दिगो विकासका सूचकअनुसार नगरले हाँसिल गरेका उपलब्धीहरु नगरमा प्रविष्टी गर्नासाथ प्रदेश र संघको प्रणालीमा देखिने बनाउने ।<br>• नगरले गरेका नमूना कार्य र हासिल गरेका उपलब्धीहरु प्रकाशन गरी सञ्चार माध्यम, प्रदेश र संघमा पैरवी गर्ने ।<br>• स्वेत पत्रमा उल्लेखित सबै सफ्टवेयर र प्रणालीबारे लक्षित वर्गलाई जानकारी दिई प्रयोग गर्न सक्ने बनाउने । |
| **(झ) वातावरण संरक्षण तथा विपद् व्यवस्थापनको अवस्था** | **पहिचान गरिएको खाडल एवम् उपलब्ध अवसरहरु** |

| | |
|---|---|
| • फोहर संकलन र व्यवस्थापनका लागि निजी कम्पनीसँग १५ बर्षको सम्झौता गरी सहकार्य गरेको ।<br>• सम्झौता गरिएको कम्पनीले सामुदायिक बनको जग्गामा मासिक १५० हजार मासिक भाडा तिरेर फोहर डम्पिङ गर्ने गरेको ।<br>• नगरले सक्सन मेसिन, ट्रिपर र ट्याक्टर र निजी क्षेत्रले ३ वटा ट्याक्टर प्रयोग गरिरहेको ।<br>• दिसाजन्य लेदो व्यवस्थापनको विस्तृत परियोजना प्रतिवेदन तयार भएको ।<br>• वडा नं. ९ मा फोहरमैला स्थापना गरिएको रिसाइकलर्स सेन्टरले अपेक्षा अनुरुप कार्य गर्न नसकेको ।<br>• नगरमा १ जना अधिकृत सहित ४ जना र निजी क्षेत्रका १५ जना दैनिक कार्य सम्पादनमा संलग्न रहेको ।<br>• नगर स्तरीय विपद् व्यवस्थापन समिति र ६ वटा वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति क्रियाशिल रहेको ।<br>• पालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र, दमकल, एम्बुलेन्स सञ्चालनमा रहेको र नगरप्रहरी उपलब्ध रहेको ।<br>• पालिकामा २० लाखको विपद् व्यवस्थापन कोष रहेको । प्रकोप प्रभावितहरुलाई खाद्यान्न र आर्थिक सहयोग गर्ने गरिएको ।<br>• उच्च जोखिम आँकलन गरिएका १० क्षेत्रमा पूर्व सूचना प्रणाली जडान भएको । | • फोहरमैला व्यवस्थापन विधेयकका प्रावधान, फोहरबाट हुने हानी र फोहरको उचित व्यवस्थापन गर्दा हुने फाइदाहरुबारे सोकारवालाहरुलाई स्पष्ट पारेर फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य बोध गराउने ।<br>• फोहर व्यवस्थापनमा टोल विकास संस्थाहरुको क्षमता विकास गरी परिचालन गर्ने ।<br>• सड्ने, नसड्ने र अस्पतालजन्य फोहोरको बर्गिकरण गरेर व्यवस्थापन गर्ने ।<br>• उद्योगहरुले बार्षिक रुपमा संस्थागत सामाजिक उत्तरदायित्व पुरा गर्न बिनियोजन गर्ने रकम फोहर व्यवस्थापनका योगदान गर्न समन्वय, संकलन र परिचालन गर्ने ।<br>• टोल टोलमा नसड्ने फोहर संकलन केन्द्र बनाएर त्यस्ता फोहर संकलन गर्ने र नगरले सम्झौता गरेको कम्पनीलाई उपलब्ध गराउने ।<br>• अस्पतालजन्य फोहरको उचित व्यवस्थापनका लागि फोहर भण्डारण च्याम्बर र स्थानान्तरण ट्रस बनाउने ।<br>• विकल्पको रुपमा नेपालगन्ज उपमहानगरपालिकासँग समन्वय गरेर नसड्ने फोहर नेपालगन्जको ल्याण्डफिल साइटमा पठाउने व्यवस्था मिलाउने ।<br>• सबै वडामा विपद् व्यवस्थापन समिति गठन गर्ने र टोल विकास संस्था लगायतलाई विपद् व्यवस्थापनमा क्षमता अभिबृद्धि गर्ने ।<br>• जोखिम र संकटासन्न क्षेत्रमा विपद् जोखिम न्यूनीकरण परियोजना सञ्चालन गर्ने । आकस्मिक कोष परिचालन कार्यबिधि बनाइ लागू गर्ने ।<br>• प्राथमिक उपचार, सर्च एण्ड रेस्क्यू, फायर फाइटिङ, IRA र MIRA तालिम लिएकाहरुको अभिलेख राख्ने । उनीहरुलाई पुनर्ताजगी तालिम दिने, थप जनशक्ति तयार गर्ने ।<br>• पालिका तहमा उद्धार तथा राहत सामग्री भण्डारणका लागि डिजिटलाइज्ड गोदाम घर निर्माण गर्ने ।<br>• सबै टोल र वडाको VCA गरेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने र लागू गर्ने ।<br>• जनसहभागितामा डुडुवाको कटान नियन्त्रणको कार्य गर्ने । |
| **(ञ) सेवा प्रवाह, संस्थागत विकास र सुशासन** | **पहिचान गरिएको खाडल एवम् उपलब्ध अवसरहरु** |
| • प्रथम आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयनमा रहेको ।<br>• नगर, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा नागरिक वडा पत्र टाँसिएको ।<br>• प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको ।<br>• सम्पादित कार्यहरुको चौमासिक, अर्द्धबार्षिक र बार्षिक समिक्षा गर्ने गरेको ।<br>• सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, लेखा परीक्षण नियमितरुपमा गर्ने गरिएको ।<br>• वेबसाइट रहेको र आंशिक प्रयोग भएको । | • कम्तिमा २० बर्षे गुरु योजना निर्माण गरी सो कार्यन्वय नगर्ने मध्यकालिन र बार्षिक योजना बनाइ लागू गर्ने ।<br>• कर्मचारीबाट हुन सक्ने कार्य सम्पादनका लागि पूर्णरुपमा अख्तियार हस्तान्तरण गरी जिम्मेवार बनाउने, कार्य सम्पादन सम्झौता गर्ने ।<br>• दिगो विकास लक्ष्यका लागि निर्धारण गरिएका सूचकहरु स्थानीयकरण गर्ने र पालिका गरेका क्रियाकलापहरुबाट दिगो विकास लक्ष्य हासिल गर्न कति योगदान पुग्यो भन्ने थाहा पाउने गरी डिजिटल प्रणाली निर्माण गर्ने ।<br>• लाभग्राही र सरोकारवालाहरु समेतको सहभागितामा नगर र वडाबाट सम्पादित कार्यहरुको चौमासिक, अर्द्धबार्षिक र बार्षिक समिक्षा गर्ने, नयाँ कार्ययोजना लागू गर्ने । |

| | |
|---|---|
| • समय समयमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन गर्ने गरेको ।<br>• बार्षिक रुपमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङन (LISA) गर्ने गरेको र पछिल्लो प्राप्ताङ्क ६९ प्रतिशत रहेको ।<br>• मध्यमकालिन खर्च संरचना (MTEF) तयार गरी कार्यान्वयन गरिएको ।<br>• बेरुजु रकम घटाउन प्रयत्नशिल रहेको । | • टोकन मेसिन मर्मत गरी पुनः सञ्चालनमा ल्याउने ।<br>• नगरका सबै कार्यालयमा विद्युतीय हाजिरी गर्ने प्रणाली लागू गर्ने र प्रयोगको अनुगमन पनि गर्ने ।<br>• नगरको वेबसाइट पूर्ण रुपमा अद्यावधिक गर्ने ।<br>• एप्सका माध्यमबाट राजस्व संकलन गर्ने ।<br>• थप स्रोतको निश्चित गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन २०७९ छिटो कार्यन्वयन गर्ने ।<br>• LISA बाट कमजोर देखिएका संगठन तथा प्रशासन, वातावरण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वयको सुधारका लागि कार्ययोजना बनाइ लागू गर्ने ।<br>• बेरुजु रकम घटाउन बिशेष कार्य योजना बनाउने, सबै पदाधिकारी र कर्मचारीलाई अभिमुखीकरण गर्ने र कठोरतापूर्वक लागू गर्ने । |

## ४. विकास र समृद्धिको दिर्घकालिन सौँच, दूरगामी लक्ष्य, उद्देश्य र नीतिहरु

खास गरेर २०४१ मा नगर विकास समितिको स्थापना भए पछि कोहलपुरको विकास प्रारम्भ भएको पाइएको छ । २०७३ मा हालको आकारको नगरको क्षेत्रफल निर्धारण भए पछि भने नगरको पहिलो आवधिक योजना (२०७७/७८-२०८१/८२) ले नगरको विकासको मार्गचित्र निर्धारण गरेको मान्न सकिन्छ । साथै हरेक बर्ष नगर सभाले स्वीकृत गरेका कार्यक्रम र बजेटले उक्त आवधिक योजना कार्यान्वयनमा योगदान गरेको छ । पहिलो स्थानीय सरकारले उपलब्ध स्रोतसाधनबाट आवश्यक नीति तर्जुमा गरी नगरको विकासलाई तिब्रता दिने प्रयास गरेको देखिन्छ भने हालको स्थानीय सरकारले विज्ञहरु समेतको सहभागितामा विद्यमान अवस्थाको सूक्ष्म विश्लेषण गरेर दीर्घकालीन गुरुयोजना, आवधिक विषयगत योजना र क्षेत्रगत बनाएर अघि बढ्न खोजेको देखिन्छ ।

गत बर्ष सम्पन्न स्थानीय निर्वाचनबाट नयाँ जनप्रतिनिधिहरू चुनिएर पद बहाल गरेको अवस्था छ । हाम्रो व्यवस्थाअनुसार यी जनप्रतिनिधिहरूले नगरको समग्र विकासकालागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने, काम गरेर जन जनको मनमा बस्ने एवम् विकासको स्वर्णिम युग बनाउने अवसर उपलब्ध छ । वर्तमान अवस्था नगरको हालको आधार रेखा र क्षमता पनि हो । नगरसँग उपलब्ध क्षमताको परिचालन गर्न थुप्रै रणनीतिहरु अपनाएर कार्यहरु गर्नु पर्ने हुन्छ जसबाट नगरबासीको समृद्धीको सपना पुरा गर्न योगदान गर्न पुग्दछ । यो अवसरको सदुपयोग गर्न नगरको नेतृत्वले तल उल्लेखित २० बर्षे भिजन पुरा गर्न मनैदेखि निम्नानुसारका कार्यहरू गर्नु/गराउनु आवश्यक छ ।

| | |
|---|---|
| **दूरदृष्टिः** | "हरित सङ्गमस्थल, समृद्ध सहर,<br>समावेशी र सुन्दर कोहलपुर नगर" |
| **दूरगामी लक्ष्य** | जनताको सक्रिय सहभागितामा सामाजिक न्याय, वातावरणीय सन्तुलन, सुबिधाजनक भौतिक पूर्वाधार भएको व्यावसायिक, शैक्षिक, समावेशी एक योजनावद्ध हरित शहरको रुपमा स्थापित हुने |
| **उद्देश्यहरु** | १. प्राबिधिक शिक्षामा नगरलाई लुम्बिनी, कर्णाली र सुदुरपश्चिमको प्राविधिक शिक्षा रोजाइको केन्द्र बनाउनु ।<br>२. नेपाल सरकारको मापदण्डअनुरुपको स्वास्थ्य सेवा दिन सक्षम स्वास्थ्य संस्था बनाउनु ।<br>३. स्थानीय सम्पदा र संस्कृतिको संरक्षणका माध्यमबाट पर्यटन व्यवसाय प्रवर्द्धन गरी देश, विदेशमा नगरको सम्बन्ध विस्तार गर्दै आयआर्जनका अवसर सिर्जना गर्नु ।<br>४. युवालाई कृषि र पशुपालनमा आकर्षित गरी उत्पादन तथा बजारीकरण क्षमता बढाउनु ।<br>५. भवन संहिताको पालना गरेर कम खर्चमा समावेशी, सुरक्षित, वातावरणमैत्री पूर्वाधार भएको योजनावद्ध व्यवस्थित शहरको निर्माण गर्नु ।<br>६. नगरपालिकाको सेवा प्रवाह, विकास कार्यक्रमलाई गुणस्तरीय, जनमुखी र प्रविधिमैत्री बनाउनु |
| **रणनीतिहरुः** | • सबै मध्यमिक विद्यालयलाई प्राबिधिक शिक्षा सञ्चालन गर्न उपयुक्त हुने गरी स्तरोन्नति गर्ने<br>• स्वाथ्य सेवालाई जनमैत्री र विश्वाशिलो र भरपर्दो बनाउने ।<br>• उपयुक्त कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने<br>• उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने |

| | |
|---|---|
| | • जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षा पहुँच र उपयोग सुनिश्चित गर्ने<br>• यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने<br>• शहरी योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने<br>• अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई प्रवर्द्धन गर्ने ।<br>• नगरका सेवा तथा कार्यक्रमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने र प्रबिधिमैत्री बनाउने । |

| अपेक्षित प्रतिफल | इकाइ | आधार रेखा | प्रतिफल प्राप्त हुने अवधि | | | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| प्रति परिवार वार्षिक औषत आय | रु. हजारमा | १०८६ | १५०० | २५०० | ३००० | | |
| औसत आयु | बर्ष | ७१.१७ | ७३ | ७५ | ७८ | | |
| मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.६०२ | ०.७२१ | ०.८०१ | ०.९०२ | | |
| साक्षर जनसंख्या | प्रतिशत | ९६.८५ | १०० | १०० | १०० | | |
| बेरोजगार जनसंख्या | जना | | आधार रेखा स्थापना | ५० प्रतिशतले घटाउने | ८० प्रतिशतले घटाउने | | |

| विषयगत क्षेत्र | अनुमानित लागत (रु. हजारमा) | अपेक्षित प्रतिफल |
|---|---|---|
| क. शिक्षा, विज्ञान तथा प्रविधि | ३,२६,००० | • प्रति परिवार वार्षिक औषत आय ३००० पुयेको कुनेछ ।<br>• नगरबासीको औसत आयु ७८ बर्ष पुगेको हुनेछ<br>• मानव विकास सुचकाङ्क ०.९०२ पुगेको हुनेछ<br>• साक्षर जनसंख्या १०० प्रतिशत पुगेको हुनेछ<br>• बेरोजगार जनसंख्या ८० प्रतिशतले घटेको हुनेछ |
| ख. स्वास्थ्य र सरसफाइ | ८,१५,००० | |
| ग. अमूर्त सम्पदा एवम् संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन | ३८,००० | |
| घ. कृषि, पशु, सहकारी तथा बजार व्यवस्थापन | ७७,००० | |
| ङ उद्योग, बाणिज्य तथा ब्यापार | २,१८,००० | |
| च. युवा तथा खेलकुद र सामाजिक विकास | १०,००० | |
| छ. वातावरण संरक्षण र विपद जोखिम व्यवस्थापन (जलवायु परिवर्तन अनुकुलनसमेत) | १४,००० | |
| ज. भौतिक पूर्वाधार एवम् व्यवस्थित सहर विकास | ३४,७५,००० | |
| झ. संस्थागत विकास र सुशासन | २०,००० | |
| **जम्मा** | ४९,९३,००० | |

राम्रो तयारीका साथ नगरको नेतृत्वले स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला र जनता समक्ष उल्लेखित भिजन प्रस्तुत गरेर नगरभरी नै सकारात्मक कम्पन (Positive Vibration) सृजना गर्नु पर्दछ । तत्पश्चात नगरका मुख्य-मुख्य राजनीतिक दल, विज्ञहरूको समूह, साझेदार र सरोकारवालाहरूको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति विश्लेषण गरेर दिगो विकास लक्ष्यलाई योगदान गर्ने गरी तलदेखि माथिजाने पद्धतिअनुसार निश्चित सिद्धान्तका आधारमा[3] बिषयगत क्षेत्रको योजना तर्जुमा गर्ने र सो अनुरुप नगरको २० बर्षे गुरुयोजना तर्जुमा गरेर सार्वजनिक गर्नु पर्दछ । साथै यी योजना कार्यान्वयनका लागि पुनः संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर आवश्यक कर्मचारीको पदपूर्ति गर्ने, विद्यमान ऐन, नियम, निर्देशिका र कार्यविधिहरू संशोधन गर्ने तथा नयाँ बनाएर लागू गर्ने गर्नु पर्दछ ।

कोहलपुर युवा श्रमशक्ति भएको शहर भएको हुँदा हरेक विषयगत क्षेत्रमा रोजगारी श्रृजना गर्ने नीति लिनै पर्दछ । योजनामा नै एक अर्को क्षेत्रबीचको अन्तरसम्बन्ध र योगदान स्पष्ट पार्नु पर्दछ । सबै योजनामा वातवरण संरक्षण, लैङ्गिक

*[3] आधारभूत आवश्यकताको पूर्ति, रोजगारी तथा आय आर्जन, सामाजिक न्याय, व्यक्तिगत स्वतन्त्रता, सबै किसिमका विभेदको अन्त्य, लोकतान्त्रिक अभ्यास, प्राकृतिक स्रोतको दियो व्यवस्थापन, जनशक्ति विकास आदि ।*

समानता बृद्धि, विपद् जोखिम न्यूनीकरण, अपाङ्गता, बालबालिका र जेष्ठ नागरिकमैत्री वातावरण निर्माणको विषय अन्तरघुलन गराउनु पर्दछ । यी योजनाहरूको कार्यान्वयनका लागि जनप्रतिनिधिहरु र कर्मचारीहरूलाई परिणामुखी कार्य गर्न उत्प्रेरित गर्ने, उनीहरूको क्षमता विकास गर्ने र जवाफदेही गराउने, कार्यसम्पादनको आधारमा पुरस्कार र दण्ड दिने नीति कार्यान्वयन गर्नु पर्दछ। साथै हरेक बिषयगत क्षेत्रमा *'समृद्धिको लागि जनपरिचालन', 'समृद्धीको लागि जनसहभागिता', 'कार्यगत एकता, जनसहभागिता' 'हामी बनाउँछौं हाम्रो काहलपुर, राम्रो कोहलपुर'* मध्ये कुनै वा नयाँ उपयुक्त नारा बनाएर जनसहभागिता सुनिश्चित गर्नु पर्दछ ।

## ५ बिषय क्षेत्रगत दूरदृष्टि, दुरगामी लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख कार्यक्रमहरु, अनुमानित लागत र कार्ययोजना

नगरको समग्र विकासका लागि नगरपालिकाले सबै क्षेत्रहरुको सन्तुलित विकासलाई प्राथमिकतामा राख्नु पर्ने हुन्छ र सन्तुलित विकासले नै अपेक्षित परिणाम ल्याउँछ । समग्र वस्तुस्थिति विश्लेषण र नगरले अंगिकार गर्ने विकासका सिद्धान्तका आधारमा विषयगत क्षेत्रका प्रमुख कार्यक्रमहरु कार्यान्वयन गर्न सजिलो होस् भन्ने हेतुले ५ बर्ष, १० बर्ष र २० बर्षको अवधिमा कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ ।

| क. बिषयगत क्षेत्रः | शिक्षा, विज्ञान तथा प्रविधि |
|---|---|
| **दूरदृष्टिः** | "गुणस्तरीय एवं जीवन उपयोगी शिक्षा हाम्रो पहिचान<br>'प्राविधिक जनशक्ति विकास कोहलपुरको अभियान" |
| **दूरगामी लक्ष्य** | सबै माध्यमिक विद्यालयमा गुणस्तरीय प्राबिधिक शिक्षा सञ्चालन गरेर नगरलाई लुम्बिनी, कर्णाली र सुदुरपश्चिमको प्राविधिक शिक्षा रोजाइको केन्द्र बनाउने । |
| **उद्देश्यहरु** | १. पूर्ण साक्षर नगरपालिका बनाउने ।<br>२. भूकम्प प्रतिरोधी, प्रविधियुक्त बालबालिकामैत्री शिक्षण संस्था र संरचनाहरु विकास गर्ने ।<br>३. गुणस्तरीय एवम् प्राबिधिक शिक्षाका लागि विद्यालयहरु संस्थागत क्षमता अभिबृद्धि गर्ने ।<br>४. शैक्षिक नीति, पाठ्यक्रम, शैक्षिक योजना, शैक्षिक प्रशासन र संरचनामा सुधार गरी प्राबिधिक शिक्षा प्रदान गर्ने खालको बनाउने ।<br>५. विज्ञान प्रयोगशालाहरुको निर्माण गरी विद्यमान बस्तुको गुणस्तर परीक्षण गर्ने र नयाँ बस्तु उत्पादनका लागि सहजीकरण गर्ने । |
| **रणनीतिहरुः** | • अनौपचारिक शिक्षा, प्रौढ शिक्षा र प्राविधिक सीपका माध्यमबाट नगरलाई पूर्ण साक्षर बनाउने<br>• १६ वर्ष सम्मका बालबालिकालाई अनिवार्य रुपमा आधारभूत शिक्षा उपलब्ध गराउने ।<br>• विद्यालयहरुको विद्यमान भौतिक संरचनाहरु भूकम्प प्रतिरोधी भएनभएको मापन गर्ने र संरचना बनाउँदा आगामी ५० बर्षलाई थेग्ने गरी बनाउने ।<br>• हालका विद्यालयहरुमा पठनपाठन गर्न उपयुक्त प्राबिधिक धार छनौट गर्ने र सो शुरु गर्न आवश्यक संरसुधार गर्ने ।<br>• हरेक वडाको विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर सूचना प्रविधि प्रयोगशाला, बालविकास केन्द्र, खेलकुद तथा अतिरिक्त, क्रियाकलाप फाँट निर्धारण र विकास गर्ने ।<br>• नियमित अध्ययन अध्यापनसँगै कार्यमूलक खोज/अनुसन्धान, रचना, सिर्जनाको लेखन, र प्रकाशनलाई प्रोत्साहन दिने, भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्न उत्प्रेरित गर्ने । |

| क. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | प्रविधिमैत्री विशेषता थप्दै नियमित विद्यालय सञ्चालन | ६००० | ✓ | ✓ | | • हालको SEE र +2 को नतिजामा २०% बृद्धि भएको हुनेछ । | Low Cost |
| २. | सीपमुलक प्राविधिक साक्षरता अभियान | ५००० | ✓ | | | • प्रविधिक शिक्षा दिने जनशक्ति विकास भएको हुनेछ ।<br>• थप ५०० जना युवा स्वरोजगार हुनेछन् | Low Cost |
| ३. | पूर्वाधार स्तारोन्नति कार्यक्रम | ८०,००,०० | | ✓ | ✓ | • हरेक वडाको १ वडा विद्यालय नियमित र प्राविधिक शिक्षा उपलब्ध गराउन उपयुक्त भौतिक संरचना (खेलकुद र अतिरिक्त क्रियाकलाप समेतका लागि) स्तारोन्नति गरिएको हुनेछ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • स्नातक तहको प्राविधिक शिक्षालय सञ्चालनमा आएको हुनेछ । | |
| ४. | प्राविधिक शिक्षाका लागि शिक्षा प्रशासन सुधार कार्यक्रम | १००० | ✓ | ✓ | ✓ | • प्राविधिक शिक्षाका लागि आवश्यक नीति, नियम, पाठ्यक्रम आदि तर्जुमा भइ लागू भएको हुनेछ । | Low Cost |
| ५. | अनुसन्धान तथा विकास कार्यक्रम | ३००० | | ✓ | ✓ | • स्थानीय तहमा बस्तुको गुणस्तर मापन सेवा उपलब्ध भएको हुनेछ ।<br>• कम्तिमा ५ वटा स्थानीय नयाँ बस्तु बजारमा उपलब्ध हुनेछ । | |

| ख. बिषयगत क्षेत्रः | स्वास्थ्य र सरसफाइ |
|---|---|
| **दूरदृष्टिः** | “पूर्ण सरसफाइयुक्त पालिका, घरदैलोमा स्वास्थ्य सेवाको उपलब्धता,<br>निरोगी, स्वस्थ र सिर्जनशिल नागरिक नगरपालिकाको प्रतिवद्धता” |
| **दूरगामी लक्ष्य** | सबै स्वास्थ्य संस्थालाई नेपाल सरकारको मापदण्डअनुरुपको सेवा दिन सक्षम बनाएर कम विरामी भएको शहर बनाउने । |
| **उद्देश्यहरु** | १. पूर्ण सरसफाइयुक्त पालिका घोषणा गर्ने ।<br>२. स्वास्थ्य संस्थाहरुलाई घरदैलोमा आधारभूत स्वास्थ्य सेवा दिन सक्षम बनाउने ।<br>३. टोल र शिक्षण संस्थाहरुमा विभिन्न रोग र तिनको रोकथाम, सरकारका विभिन्न कार्यक्रम तथा सेवाहरुको बारेमा जनचेतना बृद्धि गर्ने ।<br>४. विभिन्न तहका सरकारले उपलब्ध गराएको सेवा तथा सुबिधाहरु घरघरमा उपलब्ध गराएर स्वस्थ नागरिक बनाउने ।<br>५. नयाँ रोगको कारण र रोकथामका उपायहरु पत्ता लगाउन तथा नगरबासीलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रयायकहरुसँग सकार्य गर्ने । |
| **रणनीतिहरुः** | • संघीय र प्रदेश सरकार, गैरसरकारी संघसंस्था र नीजि क्षेत्रसमेतको लगानीमा स्थानीय टोल विकास संस्थाहरु र सरोकारवालाहरुको क्षमता विकास तथा परिचालनमार्फत सबै वडामा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने ।<br>• फोहर व्यवस्थापनका लागि स्थानीय जनता, नीजि, सार्वजनिक र गैरसरकारी संस्थाहरुको सहभागितालाई सुदृढ गर्ने ।<br>• संस्थागत वास सुधार निर्देशिकाअनुरुप सबै स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा गर्ने र सुधार योजना लागू गर्दै स्वास्थ्य संस्थालाई आवश्यक औजार, उपकरण, औषधि र प्रबिधिले सुसज्जित गरी स्वास्थ्यकर्मीलाई सक्षम बनाउने ।<br>• पालिकामा विद्यमान स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, युवा, गैरसरकारी संस्थाका कर्मचारी परिचालन गरेर सबै टोल र विद्यालयमा स्वास्थ्य शिक्षा प्रदान गर्ने ।<br>• नगरपालिका भित्र मदिरा तथा सुर्तिजन्य पदार्थ, असुरक्षित खाद्य पदर्थाहरु र म्याद सकिएका औषधिहरुको को बेचविखन तथा उपभोग नियमन गर्ने, थप स्वास्थ्य कर लगाउने ।<br>• सबै वडामा ध्यान तथा योग केन्द्र स्थापना र स्वास्थ्य संस्थाहरुमा नै मनोसामाजिक परामर्श सेवा, आँखा, कान र दन्त सेवा उपलब्ध गराउने ।<br>• कोहलपुर शिक्षण अस्पतालसँग सहकार्य गरेर स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सीप अभिबृद्धि गर्न नगर अस्पतालमा तालिम विकास तथा अनुसन्धान केन्द्र स्थापना गर्ने ।<br>• शिक्षण संस्था (मेडिकल कलेज समेत) का अनुसन्धानकर्ताहरुलाई स्वास्थ्य सेवा सुधार, नयाँ रोग देखिएमा अन्वेषण तथा उपचार पद्धति निक्यौल गर्न, औषधि तयार गर्न अनुसन्धानका लागि छात्रवृत्ती तथा सहयोग उपलब्ध गराउने । |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | पूर्ण सरसफाइ कार्यक्रम | ९०,००० | ✓ | | | • ९५ % बढी घरले उन्नत शौचालय र सुरक्षित खानेपानी प्रयोग गरेका हुनेछन्<br>• पूर्ण सरसफाइयुक्त पालिका घोषणा भएको हुनेछ । | Low Cost केही क्रियाकलापहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ● फोहोर स्थानान्तरण केन्द्रहरु, स्रोत केन्द्र, व्यवस्थित ल्याण्डफिल साइट, दिसाजन्य लेदो व्यवस्थापन केन्द्र, खानेपानी परीक्षण ल्याब र सार्वजनिक शौचालय व्यवस्थितरुपमा सञ्चालनमा भएका हुनेछन् । | No cost पनि हुने |
| २. | घरदैलोमा आधारभूत स्वास्थ्य सेवा कार्यक्रम | १५०,००० | ✓ | ✓ | ✓ | ● स्वास्थ्य संस्थाहरु, साप्ताहिक क्लिनिक, खोप केन्द्र, आयुर्वेद केन्द्र, रक्त संचारकेन्द्र र निजी स्वास्थ्य संस्थाहरुले मापदण्डअनुरुपको सेवा दिएका हुनेछन् ।<br>● स्थापना १०० प्रतिशत नजिकको स्वास्थ्य संस्थाबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् । | |
| ३. | स्वास्थ्य शिक्षा कार्यक्रम | ६,००० | ✓ | ✓ | ✓ | ● ९० प्रतिशत घरमुली र युवाहरुले गर्भवस्थाको हेरचाह, सुरक्षित गर्भपतन, सुरक्षित डेलिभरी, पोषण, नियमित खोप, बालबालिका र आमाको सुरक्षा, परिवार नियोजन सेवा, सर्ने र नसर्ने रोग तथा रोग रोकथाम, सूर्ति तथा मदिरा र लागू औषध दुर्व्यसनी रोकथाम का उपायहरु लगायतका बिषयमा स्वास्थ्य शिक्षा पाएका हुनेछन् । | Low Cost<br><br>केही क्रियाकलापहरु No cost पनि हुने |
| ४. | स्वस्थ नागरिक सेवा कार्यक्रम | २०००० | ✓ | ✓ | ✓ | ● सतप्रतिशत घरले स्वास्थ्य विमाको सुबिधा लिएका हुनेछन् ।<br>● लक्षित वर्गले घरदैलोमा खोप, परिवार नियोजन सेवा, आपत्कालीन स्वास्थ्य सेवा, एम्बुलेन्स सेवा, लगायतका सेवा प्राप्त गरेका हुनेछन् । | Low Cost |
| ५. | रोग अनुसन्धान तथा रोकथाम कार्यक्रम | ६०००० | | ✓ | ✓ | ● नगर अस्पताल रोग अनुसन्धान केन्द्रकोरुपमा विकास भएको हुने छ ।<br>● नयाँ नयाँ रोगको अनुसन्धान र रोकाथका उपाय खोजीका लागि कोहलपुर शिक्षण अस्पतालसँग सहकार्य भएको हुने छ । | |

| ग. बिषयगत क्षेत्रः | अमूर्त सम्पदा एवम् संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन |
|---|---|
| **दूरदृष्टिः** | "स्थानीय सम्पदा र संस्कृतिको संरक्षण,<br>विश्वासिलो सेवामार्फत पर्यटन प्रवर्द्धन" |
| **दूरगामी लक्ष्य** | स्थानीय सम्पदा र संस्कृतिको संरक्षणका माध्यमबाट पर्यटन व्यवसाय प्रवर्द्धन गरी देश, विदेशमा नगरको सम्बन्ध विस्तार गर्ने र आयआर्जनका अवसर सिर्जना गर्ने । |
| **उद्देश्यहरु** | १. नगरलाई एक सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने ।<br>२. स्थानीय मूर्त, अमूर्त सम्पदा, कला, साहित्य र संस्कृति, प्रकृति र परम्परागत प्रविधिको संरक्षित नगर बनाउने ।<br>३. नगरमा पर्यटन संस्कृतिको विकास गर्न नागरिक र व्यवसायीहरुको क्षमता अभिवृद्धि गरी पर्यटन व्यवसाय सञ्चालनका लागि आकर्षीत गर्ने ।<br>४. पर्यटन व्यवसायमार्फत कोहलपुरलाई विश्वभरी चिनाउने । |
| **रणनीतिहरुः** | ● स्थानीय पर्यटन व्यवसायी र सरोकारवालाहरुको सहभागितामा पर्यटन प्रवर्द्धन नीति र योजना तर्जुमा गर्ने ।<br>● स्थानीय पर्यटन बोर्ड स्थापना तथा सञ्चालन कार्यविधि बनाएर लागू गर्ने र बोर्ड मार्फत योजना लागू गर्ने ।<br>● पर्यटन व्यवसायी र नागरिकहरुलाई पर्यटन प्रवर्द्धनसम्बन्धी विभिन्न तालिमहरु उपलब्ध गराउने र व्यवसायिक रुपमा लाग्न उत्प्रेरित गर्ने ।<br>● कोहलपुरका पर्यटकीय क्षेत्रहरु बारेको सूचना, शिक्षा तथा सन्दर्भ सामग्री उत्पादन गर्ने र सूचना केन्द्र र बोर्ड मार्फत प्रचार प्रसार गर्ने । |

| **क.** | | | **कार्यन्वयन अवधि** | **अपेक्षित प्रतिफल** | **कैफियत** |
|---|---|---|---|---|---|

| सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
|---|---|---|---|---|---|---|---|
| १. | मूर्त र अमूर्त सम्पदा एवम् संस्कृति संरक्षणको नीति तथा योजना बनाउने | २००० | ✓ | ✓ | ✓ | • पालिका भित्रका मूर्त र अमूर्त सम्पदाहरुको र संस्कृतिहरुको आधार रेखा तयार भएको हुनेछ<br>• मूर्त र अमूर्त सम्पदाहरुको र संस्कृतिहरुको संरक्षण लागि योजना बनेको हुनेछ । | Low Cost |
| २. | स्थानीय पर्यटन प्रवर्द्धन बोर्डको स्थापना तथा संचालन | १०,००० | ✓ | ✓ | ✓ | • नगरमा पर्यटन बोर्ड स्थापना भई पर्यटन प्रवर्द्धनको योजना कार्यान्वियन गरेको हुनेछ | |
| ३. | पर्यटन व्यवसायीहरुका लागि क्षमता विकास कार्यक्रम | ६,००० | ✓ | ✓ | ✓ | • कम्तिमा १५ वटा होम स्टे र ३ वटा तारे होटलले पर्यटकलाई सेवा दिइरहेका हुनेछन् ।<br>• नगरभित्र गाइड, भाषा अनुवादक, स्थानीय मूर्त अमूत सम्पदा र संस्कृतिका व्याख्याता उपलब्ध भएका हुनेछन् । | Low Cost |
| ४. | पर्यटन क्षेत्र विकास कार्यक्रम | २०००० | ✓ | ✓ | ✓ | • भ्यू टावर सहितको पार्क, हात्तीसार, संरक्षित चटार क्षेत्र, किरा संरक्षण केन्द्र, गौशाला आदि लागत उठाउने गरी सञ्चालनमा आएका हुनेछन् ।<br>• कम्तिमा ५ वटा (थारु र दलित सङ्ग्राहलय समेत) नयाँ पर्यटकीय गन्तव्य तयार भएका हुनेछन् । | |

| घ. बिषयगत क्षेत्रः | कृषि, पशु, सहकारी तथा बजार व्यवस्थापन |
|---|---|
| **दूरदृष्टिः** | “कृषि र पशुमा स्वाबलम्बी भइ निर्यात गर्ने किसान<br>बजार व्यवस्थापनमा सहकारी परिचालन हाम्रो मिसन” |
| **दूरगामी लक्ष्य** | युवालाई कृषि र पशुपालनमा आकर्षित गरी उत्पादन बढाउने तथा उत्पादनको बजारीकरणका लागि सहभारीहरुको दक्षता अभिबृद्धि गर्ने । |
| **उद्देश्यहरु** | १. खाद्यान्न, तरकारी, फलफूल, पशुपंक्षी र माछा उत्पादन बृद्धि गर्ने ।<br>२. उत्पादित बस्तुको उचित बजार मूल्य तोक्न, कृषकका उत्पादनको खरिद तथा बिक्री गर्न सहकारी संस्थाहरुको क्षमता विकास गर्ने ।<br>३. स्थानीय तथा राष्ट्रिय उत्पादनहरु हरेक वडामा उपलब्ध हुने गरी खरिद बिक्री केन्द्र स्थापना गरी सञ्चालन गर्ने । |
| **रणनीतिहरुः** | • नगरको कृषि नीति तयार गरी लागू गर्ने ।<br>• किसानको व्यवसायिक सीप विकास र सिँचाइ सुबिधा बिस्तार, मलखाद र जैबिक बिषाधिमा पहुँच बृद्धि गरेर खाद्यान्न, तरकारी, पशुपंक्षी र माछा व्यसाय सञ्चालन गर्न आकर्षित गर्ने ।<br>• सिक्टा सिँचाइ र स्थानीय जनतासँग समन्वय गरेर कृषि कार्यका लागि आवश्यक पानी सबै वडामा पुऱ्याउने ।<br>• चक्लावन्दी गरी पकेट क्षेत्रहरु विकास गर्ने । उच्च मूल्य प्रजातिका नगदे बाली, तरकारी, पशुपंक्षी र माछा उत्पादन गर्न प्रोत्साहित गर्ने ।<br>• चरन क्षेत्र संरक्षण गर्ने । घाँस र दाना उत्पादन गर्ने ।<br>• स्थानीय उन्नत नस्लका जातका पशुबस्तुको अनुवंशिक स्रोत संरक्षण गर्ने ।<br>• कृषि र पशु हाटबजार सञ्चालन तथा बिस्तार गर्ने ।<br>• भेटेरीनरी प्रयोगशाला, बधशाला सञ्चालन र नगरमा रहेको शितकक्षको क्षमता बिस्तार गर्ने<br>• हरेक घरका सदस्यलाई सहकारीमा आवद्ध गराई उनीहरुकै सहकारीबाट उत्पादित बस्तुको मूल्य तोक्ने अभ्यास गराउने र सदस्यहरुको उत्पादन सहकारीले खरिद र बिक्री गर्ने । |

| | |
|---|---|
| | • स्थानीय तथा राष्ट्रिय उत्पादकहरुलाई प्रोत्साहित गर्न नगरका प्रत्येक वडामा खरिद बिक्री केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने, तिनै केन्द्र मार्फत बीउ, मल र जैविक बिषादि उपलब्ध हुने व्यवस्था मिलाउने ।<br>• बालकालिकालाई कृषि, पशुपंक्षी, फलफूल र तरकारी खेतीबारेको ज्ञान तथा सिप सिकाउन शिक्षलयहरुमा नमूना कार्य सञ्चालन गर्ने ।<br>• कृषि, पशुपालन, सहकारी विकास र पर्यटनलाई एकीकृत गरी विकास गर्ने र प्रचार प्रसार गर्ने |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | बाली विकास ( तेलहन, दलहन, खाद्य बाली) कार्यक्रम | ३००० | ✓ | ✓ | ✓ | • कोहलपुरलाई बढी भएको बाली बाह्य जिल्ला निर्यात भएको हुनेछ । | Low Cost |
| २. | तरकारी बारी प्रवर्द्धन कार्यक्रम | २,००० | ✓ | ✓ | ✓ | • हरेक घरमा तरकारी बारी (कौशी खेती समेत) भएको हुनेछ ।<br>• कोहलपुरलाई बढी भएको तरकारी शितकक्षमा भाण्डारण/बाह्य जिल्ला निर्यात भएको हुनेछ । | No Cost |
| ३. | फलफूल विकास कार्यक्रम | *२,०००* | ✓ | ✓ | ✓ | • प्रत्येक वडामा थप २/२ वटा फलफूल व्यवसाय सञ्चालन भएका हुनेछन् ।<br>• हरेक घरमा फलफूलका कम्तिमा ५ वटा बिरुवा हुनेछन् । | Low Cost |
| ४. | पशुपंक्षी विकास कार्यक्रम (चरन क्षेत्र, घाँस र दाना उत्पादन समेत) | २,००० | ✓ | ✓ | ✓ | • पकेट क्षेत्रका सबै घरले कम्तिमा ३ प्रकारका पशुपंक्षी पालेका हुनेछन् ।<br>• प्रत्येक वडामा थप २/२ वटा पशु वा पंक्षी पालन व्यवसाय सञ्चालन गरेका हुनेछन् ।<br>• नगरमा ३० वटा व्यवस्थित मासु पसल र २ वटा व्यवस्थित बधशाला सञ्चालन भएका हुनेछन् । | Low Cost |
| ५. | मत्स्यपालन कार्यक्रम | ८,००० | ✓ | ✓ | ✓ | • पकेट क्षेत्रका वडामा थप २/२ वटा मत्स्यपालन व्यवसाय सञ्चालन गरेका हुनेछन् । | |
| ६. | सहकारीहरुको क्षमता विकास कार्यक्रम | ५,००० | ✓ | ✓ | ✓ | • नगरका ३० सहकारीले उत्पादनमा बृद्धि, खरिद बिक्री केन्द्र स्थापना र बजार व्यवस्थापन, भेटेरीनरी ल्याब, बध शाला, कृषि तथा पशु हाट आदि सञ्चालन गरेका हुनेछन् । | Low Cost |
| ७. | उद्यमी कृषकहरुको क्षमता सबलीकरण कार्यक्रम | ५०,००० | ✓ | ✓ | ✓ | • नगरका कृषि, पशुपंक्षीपालन, मत्स्यपालन, कृषिमा आधारित साना उद्योगहरुले आफ्नो व्यवसायिक योजना बनाएर कार्यान्वयन गरेका हुनेछन् ।<br>• हरेक व्यवसायको लगानी सतप्रतिशत बढेको हुनेछ | Shared Cost |
| ८. | प्राङगारिक मल र जैविक बिषादि उत्पादन कार्यक्रम | ४,००० | ✓ | ✓ | | • नगरमा कम्तिमा १/१ वटा प्राङगारिक मल र जैविक बिषादि उत्पादन उद्योग सञ्चालन भएका हुनेछन् । | |
| ९. | शिक्षालयहरुमा नमुना कृषि, पशुपंक्षी, फलफूल र तरकारी खेती कार्यक्रम | १,००० | | | | • सम्बन्धित प्राबिधिक बिषय बढाइ हुने सबै विद्यालयले सो खेती गरेका हुनेछन् । | No Cost |

| ङ. बिषयगत क्षेत्रः | उद्योग, बाणिज्य तथा ब्यापार |
|---|---|
| **दूरदृष्टिः** | "घर घरमा उत्पादन, शहरमा व्यापार, |

| | |
|---|---|
| | स्वगानीमा लगानीमा बनौं स्वरोजगार” |
| **दूरगामी लक्ष्य** | घर घरमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गरेर उत्पादित बस्तुहरुको बजारीकरण गरी स्वरोजगार सिर्जना गर्ने |
| **उद्देश्यहरु** | १. साना तथा मझौला उद्योग स्थापनाका लागि युवाहरुलाई संलग्न गर्ने ।<br>२. घर घरमा उत्पादित वस्तुहरुको सुरक्षित प्याकेजिङ, ढुवानी, भण्डारण तथा बजारीकरण गर्ने ।<br>३. औद्योगिक ग्राम स्थापना एव्म् सञ्चालनका लागि सहजीकरण तथा सहयोग गर्ने । |
| **रणनीतिहरुः** | • एक घर एक उत्पादन नीति अवलम्बन गर्ने ।<br>• हरेक घरमा कम्तिमा एक उद्यमशील युवा तयार गर्ने र निजलाई उद्यम स्थापना तथा सञ्चालनमा सहयोग गर्ने ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिने ।<br>• पुराना तथा हालका व्यापारिक केन्द्रहरुलाई व्यवस्थित बजारको रुपमा विकास गर्ने ।<br>• नगरस्तरीय उद्योग वाणिज्य संघसँग सहकार्य गरेर उद्योग ग्राम स्थापना गर्ने तथा सञ्चालनमा जवाफदेही बनाउने । |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | उद्यमशिलता विकास कार्यक्रम | २००० | ✓ | ✓ | ✓ | • प्रत्येक बर्ष ५० जना उद्यम स्थापना तथा सञ्चालनमा दक्ष भएका हुनेछन् । | |
| २. | साना, मझौला र ठूला उद्योग स्थापना कार्यक्रम | ८,००० | ✓ | ✓ | ✓ | • प्रत्येक बर्ष २५ वटा साना तथा मझौला उद्योग स्थापना भएका हुनेछन् ।<br>• कम्तिमा ५ वटा ठूला उद्योग सञ्चालमा आउनेछन् । | Shared Cost |
| ३. | स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रम | ४,००० | ✓ | ✓ | ✓ | • हरेक बर्ष प्रदर्शनी मेलाको अयोजना भएको हुनेछ ।<br>• पालिकामा स्थानीय उद्योहरुलाई सहयोग गर्ने शाखा तोकिएको हुनेछ । | Low Cost |
| ४. | वित्त व्यवस्थापन सहजीकरण कार्यक्रम | ८,००० | ✓ | ✓ | ✓ | • नयाँ उद्योग स्थापना गर्ने २०० युवालाई स्थानीय सरकारले उद्यम विकास कोषबाट सशर्त वा निशर्त सहयोग गरेको हुनेछ ।<br>• उद्योगमा थप लगानी आवश्यक भएमा स्थानीय सरकार जमानी बसेर बार्षिक १० जनालाई कोष जुटाउन सहयोग गरेको हुनेछ । | |
| ५. | औधोगिक ग्राम स्थापना | १९०,००० | ✓ | ✓ | ✓ | • नगरको कम्तिमा १०० उद्योग सञ्चालन क्षमताको ग्राम स्थापना भएको हुनेछ । | |
| ६. | बजार विकास तथा विस्तार | ३,००० | ✓ | ✓ | ✓ | • १५ वडाका कम्तिमा २ स्थानमा बजार विकास भएको हुनेछ । | |
| ७. | औद्योगिक सूचना केन्द्र स्थापना तथा सञ्चालन | ३,००० | | ✓ | ✓ | • नगरमा सञ्चालनमा रहेका सबै उद्योगहरुको जानकारी भएको सूचना केन्द्र सञ्चालन भएको हुनेछ । | Low Cost |

| **च. बिषयगत क्षेत्रः** | **युवा तथा खेलकुद र सामाजिक विकास** |
|---|---|
| **दूरदृष्टिः** | “वैज्ञानिक सोँच, कुरितिको नास<br>संस्कृति संरक्षणमा युवाको साथ” |
| **दूरगामी लक्ष्य** | जीवनका हरेक अवस्थालाई धैर्यतापूर्वक सामना गर्न सक्षम, विश्वबजार अनुकुल प्रतिस्पर्धी सम्मानित, जिम्मेवार र जवाफदेही नागरिक निर्माण गर्ने |
| **उद्देश्यहरु** | १. नगरवासीहरुमा वैज्ञानिक दृष्टिकोणको विकास गरी अन्धविश्वास र कुरीतिमा आधारित सोंच, विश्वास र व्यवहार अन्त्य गर्ने ।<br>२. युवाहरुमा जीवन उपयोगी सीप हस्तान्तरण मार्फत नवीनतम सोचको विकास र गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाउने । |

| | |
|---|---|
| | ३. स्थानीय युवा क्लवहरुको क्षमता परिचालन गरी स्थानीय संस्कृति संरक्षण, असल अभ्यास प्रवर्द्धन, खेलकुद र खुशी हुने उपायहरु प्रवर्द्धन गर्ने ।<br>४. लागु औषध, मदिरा, धुमपान नियन्त्रण र कुरुति न्यूनिकरणका लागि युवा शक्ति परिचालन गर्ने |
| **रणनीतिहरुः** | ● समाजमा विद्यमान अन्धसवश्यास, कुरीति, कुसंस्कारको अन्त गर्न संविधान, मुलुकी ऐन, नियम कानुनमा भएका व्यवस्था, व्यक्तिमा हुनु पर्ने नैतिक आचरण बारे जानकारी गराउँदै विद्यमान पुस्ताहरुका बिच नियमित अन्तरक्रिया गर्ने, नवीनतम तरिका अन्वेषण गर्ने ।<br>● वालश्रम, वालविवाह, भागीविवाह, यौन उश्रृङ्खलता, वोक्सी, दाइजो, छुवाछुत, मानव वेचविखन, दुर्व्यसन जस्ता कुरीतिहरुवाट मुक्त नगरपालिकाको रुपमा स्थापित गर्ने ।<br>● युवाहरुमा बढ्दो मोबाइल क्रेज घटाउन उनीहरुलाई जीवन उपयोगी सीप सिकाउने र व्यवहारमा प्रयोगका लागि अभिभावकहरुसँग पैरवी गर्ने ।<br>● युवाहरुको नेतृत्व क्षमता विकास गरी विभिन्न कार्यक्रम र अभियान सञ्चालनमा परिचालन गरेर नेतृत्वमा निखारता ल्याउने ।<br>● प्रत्येक टोल, वडाहरुका वाल क्लव, किशोर किशोरी क्लव, युवा क्लव, जेष्ठ नागरिक समूहको र तिनको सञ्जाल परिचालन गरी सामाजिक विकासका कार्यहरु, खेलकुद आयोजना, कला र संस्कृति प्रदर्शन, नाचगान एवम अनुभव आदान प्रदान गर्न प्रोत्साहित गर्ने ।<br>● जनसहभागितामा प्रत्येक टोल, वडामा खेलकुद परिसर, आश्रय स्थल, प्रकोपका समयमा पिडित परिवार बस्ने सुरक्षित स्थल सामुदायिक भवन स्थापना गर्ने ।<br>● प्रत्येक वडामा सामुदायिक बन क्षेत्र तथा सार्वजनिक बाँझो जग्गा पहिचान गरी पार्क, बाल उद्यान र पिकनिक स्थल निर्माण गर्ने । |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | लक्षित समूहको क्षमता विकास कार्यक्रम | २,००० | ✓ | ✓ | ✓ | ● महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, मधेशी र सिमान्तकृत जातजातिको डिजिटल प्रोफाइल बनेको र अद्यावधिक भएको हुनेछ ।<br>● १००% लक्षित व्यक्ति सिप सिकेर स्वरोजगार भएका वा नगरबाट मासिक भत्ता पाएका हुनेछन् । | Low Cost |
| २. | सामाजिक विकास कार्यक्रम | ४,००० | ✓ | ✓ | ✓ | ● हरेक बर्ष लक्षित वर्ग केन्द्रीत क्षमता विकास तालिम भएका हुनेछन् ।<br>● प्रत्येक वडामा १/१ वटा सामुदायिक सिकाइ केन्द्र र उद्यान बनेको हुनेछ ।<br>● सबै टोलविकास संस्थाको क्षमता विकास गरि परिचालन गरिएको हुनेछ<br>● कम्तिमा ४ वटा जेष्ठ नागरिक केन्द्र सञ्चालनमा ल्याइएको हुनेछ ।<br>● आपत्कालीन अवस्थामा बालबालिका, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतको सुरक्षा र संरक्षणका लागि २ वटा आश्रयस्थल सञ्चालन गरिएको हुनेछ | Low Cost |
| ३. | किशोरकिशोरी र युवा सशक्तीकरण कार्यक्रम | ३,००० | ✓ | ✓ | ✓ | ● माध्यमिक शिक्षा अध्ययन गर्दै गरेका हरेक किशोरकिशोरी र युवाले भविष्यमा के बन्ने वा के गर्ने निश्चित गरेका हुनेछन् ।<br>● हरेक बर्ष किशोरकिशोरी र युवा सम्मेलन गरि उनीहरुका अधिकार र कर्तव्यबारे अभिमुखिकरण गर्नुका साथै नगरभित्रै कार्य गर्न उत्प्रेरित गरिएको र उनीहरुको नवीनतम विचार तथा अनुभव देशविदेशमा सुन्ने व्यवस्था मिलाइएको हुनेछ<br>● हरेक युवाले जीवन उपयोगी सीप सिकेका हुनेछन् । | Low Cost |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • सामाजिक कार्यहरु, चाडपर्वहरु, आकस्मिक अवस्था व्यवस्थापन, हानीकरक सामाजिक अभ्यास न्यूनीकरण लगायतमा युवाहरुलाई संलग्न गराएर आ-आफ्नो शिक्षण संस्थामा प्रतिवेदन/अनुसन्धान प्रतिवेदन बुझाउने प्रणालीको विकास र प्रयोग भएको हुनेछ । | |
| ४. | हानिकारक अभ्यास विरुद्ध युवा अभियान | १,००० | ✓ | ✓ | ✓ | • शिक्षण संस्था भित्र र बाहिर क्लवमा आवद्ध युवाहरुले लागु औषध, मदिरा, धुमपान नियन्त्रण र कुरुति न्यूनिकरणका लागि टोल, वडा र नगरमा अभियानको नेतृत्व गरेका हुनेछन् । | Low Cost |

| **छ. बिषयगत क्षेत्र:** | **वातावरण संरक्षण र विपद जोखिम व्यवस्थापन (जलवायु परिवर्तन अनुकुलनसमेत)** |
|---|---|
| **दूरदृष्टि:** | "वातावरणमैत्री जनता, सन्तुलित विकासको शहर<br>राम्रो पूर्वतयारी गरेको र कम क्षति व्यहोर्ने नगर" |
| **दूरगामी लक्ष्य** | वन, जैविक विविधता, जमीन र जलश्रोतको वैज्ञानिक व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता बृद्धी गर्ने । |
| **उद्देश्यहरु** | १. हरियाली र वातावरणीय सन्तुलन कायम गरी जलस्रोत र जमिनको संरक्षण गर्नु ।<br>२. प्राकृतिक स्रोत र साधनको वैज्ञानिक व्यवस्थापन गरी वन तथा प्राकृतिक स्रोतहरुलाई वैकल्पिक आय आर्जन, पर्यापर्यटन प्रवर्धन र रोजगार प्रदान गर्ने क्षेत्रको रुपमा विकास गर्नु ।<br>३. विपद् न्यूनीकरण, विपद् पूर्वतयारी र प्रतिकार्यका लागि सामुदायिक क्षमता बृद्धि गर्नु । |
| **रणनीतिहरु:** | • नगरले प्रदान गर्ने सेवामा बृक्षारोपण एकीकृत गर्ने, घर र टोललाई हरियाली बढाउन उत्प्रेरित गर्ने ।<br>• नगरभित्रका खोला, सिमसार क्षेत्र र जमिन मुकि पानी लगायतका जलाधार संरक्षण गर्न नागरिक सचेतना अभियान सञ्चालन गर्ने ।<br>• जल, जमिन र जंगलको उपयोग गर्दै पर्यटन, आय आर्जन र स्वरोजगारी बढाउन स्थानीयहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>• नगरका सबै वडाको संकटासन्नता तथा क्षमता विश्लेषण गरेर विपद् व्यवस्थापनसम्बन्धी आवश्यक नीति, योजना र कोष बनाउने र कार्यान्वयन गर्ने । |

| **क्र. सं.** | **प्रस्तावित मुख्य कार्यक्रम** | **अनुमानित लागत (रु. हजारमा)** | **कार्यन्वयन अवधि** | | | **अपेक्षित प्रतिफल** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | | **५ बर्ष भित्र** | **१५ बर्ष भित्र** | **२० बर्ष भित्र** | | |
| १. | नगर हरित अभियान सञ्चालन | ०० | ✓ | ✓ | ✓ | • प्रत्येक घर र उद्योगले कम्तिमा ५ वटा र पसलले कम्तिमा १ वटा विरुवा (फलफूल समेत) जीवित राखेका हुनेछन् ।<br>• नगरका सबै सडक किनारामा भविष्यमा उद्योगका कच्चा पदार्थकोरुपमा प्रयोग गर्न मिल्ने खलका विरुवा हुर्किएका हुनेछन् । | No Cost |
| २. | निजी बन प्रवर्द्धन कार्यक्रम | ०० | ✓ | ✓ | ✓ | • नगरले बाँझा जग्गाहरुको लगत तयार गरेको हुनेछ<br>• व्यक्तिगत बाँझा जग्गाहरुमा जग्गावालाले निजी बन लगाएका हुनेछन् । वा नगरले बन बनाएर सम्बन्धित व्यक्तिबाट खर्च असुलउपर गरेको हुनेछ । | No Cost |
| ३. | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | २,००० | ✓ | ✓ | ✓ | • सामुदायिक बन र मध्यवर्ति वन उपभोक्ता समिति एकीकरण भइ अद्यावधिक योजना लागू गरेका हुनेछन्<br>• वनको खाली जग्गामा फलफूल, जडिबुटी, दैनिक पूयोगमा आउने अम्रिसो, बेत, बाँस लगाएर आम्दानी बृद्धि गरेका हुनेछन् ।<br>• बाँदरबाट हुने क्षति न्यूनकिरण गर्न नयाँ तरिका खोजी गरी प्रयोग भएको हुनेछ । | Low Cost |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | विपद् जोखिम न्यूनकिरण तथा जलवायु अनुकुलन कार्यक्रम | ५,००० | ✓ | ✓ | ✓ | ● एकीकृत जलाधार उपयोग योजना, विपद् तथा जलवायु उत्थानशील योजना अद्यावधिक गरी लागू गरिएको हुनेछ ।<br>● नगरको अगुवाइमा प्रकोप प्रभावित सबै विपद् न्यूनीकरण परियोजनाहरु सञ्चालन गरेर १५० प्राथमिक उपचारक, ७५ उद्धारकर्ता, ७५ फायर फाइटर र १०० जना ब्लड डोनर तयार भएका हुनेछन् । | Low Cost |
| ५. | विपद् व्यवस्थापन कार्यक्रम | ९,००० | ✓ | ✓ | ✓ | ● १५ वडा र नगर विपद् व्यवस्थान समितिले आकस्मिक कोष र राहत सामग्री बान्दोबस्त गरेका हुनेछन् ।<br>● कम्तिमा बर्षको १ पटक संभावित विपद् केन्द्रित सिमुलेसन अभ्यास गरिएको हुनेछ ।<br>● नगरको आकस्मिक कार्य सञ्चालन केन्द्रलाई चुस्तदुरुस्त बनाइएको हुनेछ । | |

| ज. बिषयगत क्षेत्रः | भौतिक पूर्वाधार एवम् व्यवस्थित सहर विकास |
|---|---|
| **दूरदृष्टिः** | "समावेशी, वातावरणमैत्री र लागत प्रभाकारी पूर्वाधार,<br>भवनसंहिताको पालना नै दिगो विकासको आधार" |
| **दूरगामी लक्ष्य** | जनसहभागिता, नयाँ तौरतरिका र प्रबिधिको प्रयोग एवम् भवन संहिताको पालना गरेर कम खर्चमा समावेशी, सुरक्षित, वातावरणमैत्री पूर्वाधार भएको योजनावद्ध व्यवस्थित शहरको निर्माण गर्ने । |
| **उद्देश्यहरु** | १. स्तरीय सडक, यातायात, सार्वनिक तथा सामुदायिक भवन, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्नु ।<br>२. वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु,<br>३. खानेपानी, विद्युत र उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु । |
| **रणनीतिहरुः** | ● भवनसंहिता कडाइकासाथ लागू गर्ने ।<br>● विपन्न, सामाजिक रुपमा पिछडिएका, सीमान्तकृत र जोखिममा परेका नगरवासीहरुको लागि सुरक्षित आवास उपलब्ध गराउने<br>● सबै प्रकारका भौतिक संरचना निर्माणमा कम्तिमा २० प्रतिशत लागत नघट्ने गरी जनसहभागिता जुटाउने ।<br>● स्थानीय टोल विकास संस्था र उपभोक्ताहरुको सक्रियता र लागत सहभागिताको निश्चितताको आधारमा योजनाहरु लागू गर्ने<br>● प्रकोपको जोखिममा रहेका बस्ती, खेत, सार्वजनिक सम्पत्ति, वनजंगलको संरक्षण गर्ने<br>● सबै टोलहरुमा समुदायमा आधारित संगठनहरु मार्फत एकीकृत रुपमा पुस्तकालय, सूचना केन्द्र, सभाकक्ष भएका सामुदायिक भवनहरु तथा खेलकुद परिसर, सङ्ग्राहलय, मनोरन्जन पार्क, सार्वजनिक शौचालय स्थापना गर्ने ।<br>● नगरबासीलाई सेवा दिन प्रशासनिक भवन, स्वास्थ्य संस्था, विद्यालयलाई सुबिधासम्पन्न बनाउने ।<br>● नगरको सुरक्षा व्यवस्था सुदृढ बनाउन सुरक्षा निकाय, सामुदायिक प्रहरी, प्रहरी बिट तथा कार्यालयहरु निर्माण गर्ने । |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | सडक तथा यातायात पूर्वाधार विकास कार्यक्रम | ३०००,००० | ✓ | ✓ | ✓ | ● १७ मि. चौडा नगरको चक्रपथ निर्माण निर्माण भइ प्रयोगमा आएको हुनेछ ।<br>● नगरमा मुख्य र सहायक सडकहरु पक्की ( नाली र कल्भर्ट सहित) भइ सकेका हुनेछन् ।<br>● नगरका ५ वटा मुख्य चोकमा आकाशे पुल निर्माण भएको हुनेछ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | व्यवस्थित शहर विकास कार्यक्रम | ०० | ✓ | ✓ | ✓ | ● नगरको भू-उपयोग योजना अद्यावधिक भएको हुनेछ । <br>● सबै सार्वजनिक जग्गा र सडकको लगत संकलन गरी व्यक्तिबाट छुटाइएको हुनेछ । <br>● एकीकृत वस्ती विकास अवधारणा अनुरुप लक्षित समुदायले सुरक्षित आवासको आवास प्राप्त गरेका हुनेछन् । <br>● लामो र छोटो दुरीका बसपार्कहरु व्यवस्थित रुपमा सञ्चालनमा आएका हुनेछन् । <br>● औद्योगिक ग्राम स्थापना भएको हुनेछ । <br>● रत्न राजमार्गका ३ स्थानबाट नगरका ढल डुडुवा जाला र किरण नालामा खसाउने व्यवस्थित ढल प्रणाली निर्माण भएको हुनेछ । <br>● करिडोर सहितको डुडुवाले गर्ने कटान नियन्त्रण भएको हुनेछ । | |
| ३. | विद्युत तथा उर्जा व्यवस्थापन कार्यक्रम | २५,००० | ✓ | ✓ | ✓ | ● सबै घर, कार्यालय, सडक, र भौतिक संरचनामा विद्युत जडान गरिएको हुनेछ । <br>● अव्यवस्थित पोल एवम् विद्युत संरचनाहरु व्यवस्थित गरिएको हुनेछ । <br>● सार्वजनिक निजी सफ्फोदारीमा कम्तिमा १ वटा विद्युत उत्पादन गृह स्थापना भई सेवा दिइरहेको हुनेछ । <br>● भूमिगत विद्युतलाइन परियोजना कार्यान्वयन भएको हुनेछ । | |
| ४. | स्वास्थ्य संस्था र अस्पतालका भौतिक संरचना निर्माण कार्यक्रम | ५,०००० | ✓ | ✓ | ✓ | ● हरेक स्वास्थ्य संस्था र नगर अस्पताल विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डअनुरुपको पूर्वाधार भएका हुनेछन् | |
| ५. | खानेपानी तथा सिंचाइ आयोजनाहरु | ३०,००० | ✓ | ✓ | | ● निर्माणाधिन ४ वटा र नयाँ ९ खानेपानी आयोजना सम्पन्न भई लक्षित घरहरुले सुरक्षित खानेपानी प्राप्त गरेका हुनेछन् । <br>● सिक्टा सिँचाइको निर्माणका सम्पन्न भई नगर भरी सिचाइ सुबिधा पुगेको हुने छ । | |
| ६. | खेलकुदका पूर्वाधार निर्माण कार्यक्रम | ३००,००० | ✓ | ✓ | | ● निर्माणाधिन फुटबल मैदान, क्रिकेट, कबर्डहलको निर्माण कार्य सम्पन्न भएको हुने छ । <br>● पर्याप्त मैदान भएका विद्यालयहरुमा खेलकुदका लागि आवश्यक पूर्वाधार विकास भएको हुनेछ । | |
| ७. | सरकारी, सार्वजनिक भवन, सङ्ग्राहलय, पुस्तकालय | ७०,००० | | ✓ | ✓ | ● नगरको आवश्यकताअनुसारका सरकारी, सार्वजनिक भवन, सङ्ग्राहलय, पुस्तकालय बनेका हुनेछन् । | |

| ञ. बिषयगत क्षेत्रः | संस्थागत विकास र सुशासन |
|---|---|
| **दूरदृष्टिः** | “अब्बल कर्मचारी, मुस्कारसहितको सेवा, <br>जवाफदेही जनप्रतिनिधि, सुशासनमा टेवा” |
| **दूरगामी लक्ष्य** | समयमा गुणस्तरीय र जनमुखी सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने । |
| **उद्देश्यहरु** | १. नगरको कार्य सञ्चालन प्रक्रिया सहज, सरल, स्पष्ट, पारदर्शी बनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गर्नु, <br>२. नागरिकलाई समयमा सेवा उपलब्ध गराउन आवश्यक मानव संसाधनको व्यवस्था गरी कार्य दक्षतामा अभिवृद्धि गर्नु, <br>३. राजस्व प्रणाली सुदृढ बनाउनु, |

| | |
|---|---|
| | ४. स्थानीय विकास योजना तर्जुमा प्रकृया अनुशरण गर्ने वडा, विषयगत समिति र कार्यपालिकालाई सक्षम बनाउनु ।<br>५. नगरका कानुन, योजना, सूचना, प्रकासन उपलब्धी सार्वजनिक गर्ने अद्यावधिक प्रणाली विकास गर्नु ।<br>६. नगरको गुनासो सुनुवाई तथा क्षतिपूर्तिको प्रावधान, न्यायिक र अनुगमन प्रणालीलाई अझ सुदृढ गराउनु ।<br>७. सूचना प्रबिधिमैत्री शासन प्रवर्द्धन गर्नु । |
| **रणनीतिहरुः** | ● स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिबृद्धि गर्ने ।<br>● गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक वडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गर्ने ।<br>● नगर र वडाको सेवा तथा कार्य सम्पादन, कानुन तर्जुमाको प्रकृयालाई जनउत्तरदायी बनाउन कार्यालयहरुमा नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण दिने संयनत्र तयार गर्ने ।<br>● संघीय, प्रदेश र स्थानीय सरकारका नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्था, गैसस र निजी क्षोत्रका प्रतिनिधि र समुदायको क्षमता विकास गर्ने ।<br>● सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा उच्चतम प्रयोग सुनिश्चत गर्ने ।<br>● वैज्ञानिक आधार र प्रमाणमा आधारित भई स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गर्ने ।<br>● निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गर्ने ।<br>● स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) ले देखाएको नतिजाको आधारमा सुधारका कार्यहरु गर्ने ।<br>● गुनासो सुनुवाई, समयमा क्षतिपूर्तिको व्यवस्था, न्यायिक र अनुगमन प्रणालीमा संलग्नहरुको क्षमता अभिबृद्धि गर्ने । |

| क्र. सं. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत (रु. हजारमा) | कार्यन्वयन अवधि | | | अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष भित्र | १५ बर्ष भित्र | २० बर्ष भित्र | | |
| १. | आवश्यक कानुन तथा योजना तर्जुमा कार्यक्रम | ३०००,००० | ✓ | ✓ | ✓ | ● सरोकारवाला, नगरका पदाधिकारी र कर्मचारीको सहभागितामा आवश्यक कानुन तर्जुमा/संशोधन गरी लागू भएका हुनेछन् ।<br>● सबै विषयगत क्षेत्र समेटेको नगरको २० बर्षे गुरुयोजना तयार भई लागू भएको हुनेछ । | |
| २. | संगठन तथा मानव संशाधन विकास कार्यक्रम | ०० | ✓ | ✓ | ✓ | ● आवधिक रुपमा संगठन तथा व्यवस्थापन सर्भे गरेर आवश्यक जनशक्ति व्यवस्था गरिएको हुनेछ ।<br>● कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिएको र सोको मूल्याङ्कन गरिएको हुनेछ ।<br>● कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास योजना तयार गरी लागू गरिएको हुनेछ । | |
| ३. | राजस्व प्रणाली सुदृढीकरण कार्यक्रम | ५,००० | ✓ | ✓ | ✓ | ● हरेक बर्ष टोल टोलमा करदाता शिक्षा सञ्चालन गरिएको हुनेछ ।<br>● सहज रुपमा राजस्व संकलनका लागि एप्स निर्माण गरी कार्यन्वयनमा ल्याइएको हुनेछ ।<br>● राजस्व बृद्धिका लागि विशेष परियोजनाहरु तयार गरी कार्यान्वयन गरिएको हुनेछ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | सहभागितामूलक स्थानीय विकास योजना तर्जुमा प्रकृया सबलीकरण कार्यक्रम | १,००० | ✓ | ✓ | ✓ | ● प्रत्येक बर्ष हरेक वडाका टोल विकास संस्था ४० जना र सबै बिषयगत समितिलाई स्थानीय याजना तर्जुमा प्रकृया बारे अभिमुखीकरण गरिएको हुनेछ ।<br>● योजना कार्यान्वयनमा टोल विकास संस्था र विषयगत समितिहरुको अपनत्व बृद्धि भएको हुनेछ । | |
| ५. | सूचना प्रबिधिमैत्री शासन प्रवर्द्धन कार्यक्रम | ३००० | ✓ | ✓ | ✓ | ● नगरका सबै कानुन, योजना, सूचना, प्रकासन र उपलब्धी नगरको वेबसाइट र एप्समा उपलब्ध भएको हुनेछ ।<br>● नगरका महत्वपूर्ण आयोजना र कार्यक्रमको नियमित सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण गर्ने गरिएको हुनेछ । | |
| ६. | समितिहरुको क्षमता विकास र सेवा प्रवाहमा सुधार | १,००० | ✓ | ✓ | ✓ | ● नगरको गुनासो सुनुवाई तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था चुस्तदुरुस्त भएको हुनेछ ।<br>● न्यायीक समिति र अनुगमन समितिले छिटो र भरपर्दो कार्य सम्पादन गरेका हुनेछन् । | |

## ६. उपसंहार

नेपालको संविधान २०७२ अनुरुप बनेका तिन तहका सरकारमध्ये स्थानीय सरकारको रुपमा कोहलपुर नगरपालिकाले पनि राज्यशक्तिको प्रयोग गर्दै आएको छ । कोहलपुरले संविधानमा उल्लेखित एकल तथा साझा अधिकारको प्रयोग गरी नगरबासीलाई घरदैलोमा सेवा तथा सुबिधा दिने जिम्मेवारी बहन गरिरहेको छ । नागरिकप्रति जवाफदेही हुँदै जनचाहना अनुरुप अझ प्रभावकारी रुपमा सेवा दिन सक्षम बन्न कोहलपुरले नयाँ गुरुयोजना तयारीको पूर्वसन्ध्यामा स्थानीय एवम् देश विदेशमा रहनुभएका बुद्धिजिवी, अनुसन्धानकर्ता, विज्ञहरुबाट कोहलपुरका समग्र विकास र समृद्धिको भिजन पेश गर्न आह्वान गरको छ । यसै परिप्रेक्षमा स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको आवश्यकता र चाहाना, पूर्व र वर्तमान जनप्रतिनिधि र कर्मचारीका अनुभव र विज्ञको अनुभव समेटेर प्रस्तुत भिजन तयार भएको छ ।

लुम्बिनी प्रदेशको एक उदयीमान र तीब्र विकास हुँदै गरेको कोहलपुर शहरको वर्तमान अवस्था र उपलब्ध अवसरहरुको विश्लेषण गरेर यो भिजन प्रस्तावमा बिषयगत क्षेत्रअनुसारका दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य, उद्देश्य हासिल गर्न उपयोग गर्न सकिने रणनीतिहरु उल्लेख गरिएको छ । कर्णाली र सुदुर पश्चिम प्रदेशलाई जोडने दुईवटा लोकमार्गको काखमा रहेको यो शहरको विकास र समृद्धिका लागि गर्न सकिने कार्यक्रम, कार्यक्रम गर्न लाग्ने अनुमानित लागत, अवधि र अपेक्षित प्रतिफल पनि उल्लेख गरिएको छ । यसका साथै कम लगानीमा वा बिना लगानी नै गर्न सकिने कार्यक्रमहरु पनि प्रस्तावमा संकेत गरिएको छ ।

संघीयताले बाँकेलाई ओझेलमा पारेको महशुस भएको भए पनि यहाँका जनप्रतिनिधिहरू र नेपालगन्जको विकासमा चासो राख्नेहरूका लागि एउटा युग रच्ने सुवर्ण अवसर छ । यसका लागि संक्षेपमा निम्न कार्य गर्न अनुरोध गर्दछु

- प्रस्तुत भिजन अनुसार दिगो विकास लक्ष्यहरूलाई योगदान गर्ने २० बर्षे दिर्घकालीन गुरू योजना तर्जुमा गर्ने ।
- गुरु योजना कार्यान्वन गर्न विषयगत आवधिक योजना र बार्षिक योजना बनाएर लागू गर्ने ।
- समग्र पक्षहरूको सन्तुलित विकासबाट मात्र समृद्धि हासिल हुने हुँदा यसलाई व्यवस्थित रूपमा अघि बढाउन थिङ्क ट्याङ्क टिम गठन गर्ने, विषयगत समितिहरूको पुनर्गठन गरी विज्ञहरुलाई पनि समेटने र उनीहरुलाई अधिकार र जिम्मेवारी सहित जवाफदेही बनाउने ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई स्वर्णिम युगको निर्माणमा योगदान गर्न उत्प्रेरित गर्ने, पुरस्कार र दण्डलाई न्यायोचित रूपमा कार्यान्वयन गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्ने, नियमित कामका अतिरिक्त मासिक र बार्षिक कार्ययोजना बनाएर कार्य गर्न उत्प्रेरित गर्ने ।
- ठेक्कापट्टा र परामर्श सेवा प्रदायकलाई समयअवधि र गुणस्तरमा कुनै सम्झौता नगरिने प्रष्ट पार्ने र समयमा गुणस्तरीय कार्य नगरेमा कारवाही गर्ने ।
- दिगो विकासका सूचकअनुसार प्रतिवेदन तयार गर्ने र नगरले हासिल गरेका उपलब्धीहरु पालिकाको वेबसाइटमा प्रविष्टी गर्ने प्रणाली विकास गर्ने । साथै सूचक अनुसारको नगरको प्रगतिले प्रदेश र संघीय सरकारको लक्ष्यमा योगदान गरेको देखिने गरी बेवपोर्टल लिंक गर्ने

अन्त्यमा, दिउसै सपना देख्न गाह्रो छ । देखेमा पनि व्यवस्थित ढङ्गले योजनामा उतार्न र व्यवहारमा कार्यान्वयन गर्न पनि त्यति सजिलो भने छैन । तथापि भिजन देख्नेले नै समृद्धी हासिल गरेका छन् । गाह्रो भए पनि असम्भव भने छैन । तसर्थ जनप्रतिनिधिहरूले कुनै काम गर्दा मेरो कार्यकर्ता वा मतदातालाई अप्ठेरो पर्दछ भन्ने साँघुरो मानसिकताबाट माथि उठेर उच्च प्रतिबद्धताका साथ कार्य गर्नु जरुरी हुन्छ । यसो गर्न सकिएमा राजनीतिक क्रान्ति टुङ्ग्याएर आर्थिक समृद्धिको यात्रा तय गरिसकेको अवस्थामा कोहोलपुर छिट्टै समृद्धि चुम्न सक्छ ।

धन्यवाद ।

**सन्दर्भ सामग्रीहरू**


- नेपालको संविधान, २०७२ र
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- https://kohalpurmun.gov.np/
- कोहलपुर नगरपालिकाको श्वेत पत्र, २०७९
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन ।
- भेरी साहित्य समाज केन्द्रीय समिति र नेपालगन्ज उपमहानगरपालिकाद्वारा नेपालगन्जमा आयोजित ‘नेपालगन्ज बृहत् साहित्य सम्मेलन तथा साँस्कृतिक महोत्सव २०७९’ मा हरिप्रसाद सुवेदीबाट प्रस्तुत कार्यपत्र *‘नेपालगन्जको ऐतिहाँसिकता, वर्तमान अवस्था र समृद्धिका उपायहरू’*
- बार्षिक नगर विकास योजनाहरू कोहलपुर नगरपालिका (२०७४/७५, २०७६/७७, २०७७/७८ र २०७८/७९)
- कोहलपुर नगरपालिकाको प्रथम आवधिक योजना (२०७७/७८ देखि २०८१/८२ सम्म)
- कोहलपुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता नीति २०७८
- कोहलपुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना २०२०-२०३०
- प्रदेश ५ को वस्तुस्थिति विवरण (२०७५), बुटवल : प्रदेश सरकार प्रदेश नं. ५ प्रदेश योजना आयोग ।
- कोहलपुर नगरपालिकाको मध्यमकालिन खर्च संरचना (२०७७/७८-२०७९/८०)
- कोहलपुर नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन २०७९ ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७४ देखि स्थानीय सरकारलाई गरेका सर्कुलरहरु ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत उपलब्ध गराएका सुझावहरु ।
- कोहलपुर नगरपालिकाले प्रदान गर्ने सेवा सुबिधाको प्रभावकारीतासम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन २०७९ ।
- कोहलपुर नगरपालिकाको वस्तुगत विबरण (प्रोफाइल) २०७४ ।
- कोहलपुर नगरपालिका, शैक्षिक स्थितिको झलक २०७८ ।
- शिक्षाको वस्तुगत विबरण (प्रोफाइल) २०७४ ।
- कोहलपुर नगरपालिकाको प्रशासनिक सुधारसम्बन्धी प्रतिवेदन २०७९ ।
- कोहलपुर नगरपालिकाको मुख्य शैक्षिक उपलब्धि र भावी योजनाहरु २०७८ ।
- कोहलपुर नगरपालिकाका पूर्व र वर्तमान जनप्रतिनिधि, कर्मचारी, स्रोत व्यक्ति र शाखा प्रमुखहरुसँग गरिएको छलफलको टिपोट २०८० (अप्रकाशित)


धन्यवाद ।

# आधुनिक, विकसित तथा सम्बृद्ध कोहलपुर नगर निर्माणको लागी अल्पकालिन तथा दिर्घकालिन रणनैतिक योजना सहितको Vision Paper–2080

*टेकेन्द्र कुमार महतरा*
*उप- प्राध्यापक*
*म.प. विश्वविद्यालय,*
*वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर*
*एम.एड, एम.ए, एल. एल. बी, विद्यावारिधि शोधार्थी*

**कोहलपुर नगरपालिको संक्षिप्त रूपमा वर्तमान अवस्थाः-** को.न.पा. सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशको प्रदेशद्धारको रूपमा अवस्थित नगरपालिका हो । भारत संग सिमाना जोडिएको पश्चिम क्षेत्रको एक पुरानो शहर नेपालगंज उप-महानगरपालिका संग जोडिएको विकासको दृष्टिकोणले तिब्र रुपमा फड्को मार्दे गरेको शहर को.न.पा.. १५ वडामा विभाजित छ । को.न.पा. का अधिकांस वडाहरु ग्रामिण क्षेत्रमा  प्रर्दछन् । वडा नं. ११ मा तिव्र जनघनत्व र बजारी क्षेत्र पर्ने को.न.पा. का ग्रामिण वडाहरुमा परम्परागत कृषि खेतिनै मुख्य पेशा रहेको छ । नगरको अधिकांस मानिसहरुको बजार क्षेत्रमा व्यापार, घर-गाडा, रोजगारी, साना उद्योग, मुख्य आम्दानीको श्रोतका रूपमा रहेको छ भने ग्रामिण क्षेत्रमा कृर्षि नै जिविकोपार्जनको मुख्य क्षेत्रको रूपमा रहेको छ । यसका अलवा वैदेशिक रोजगार, ज्याला मजदूरी, यातायात व्यवसाय तथा ठेक्का पट्टा को.न.पा.का मानिसहरुको आम्दानीको श्रोतहरु हुन् । शिक्षा तर्फको कुरा गर्दा मेडिकल कलेज १, सरकारी क्याम्पस १ केही निजि क्याम्पस र विद्यालय तर्फ सामुदायिक विद्यालय, निजि विद्यालय र केही शिशु कक्षाहरु संचालनमा आइरहेको छन् । CTEVT बाट केही शैक्षिक संस्थाहरुले तल्लो तहको प्राविधिक तथा व्यवसायिक शिक्षाहरु समेत प्रदान गरेका छन् । भौतिक पूर्वाधार तर्फ को.न.पा भित्र शहरी वा बजार क्षेत्रका अधिकांस सडकहरु पक्की

छन् भने ग्रामिण क्षेत्रमा सडकहरु कच्ची अवस्थामा रहेका छन् । को.न.पा.को सबै तहमा विद्युत आपुर्तिको व्यवस्था छ भने खानेपानी तर्फ खानेपानी संस्थानले खानेपानिको व्यवस्था गरेपनि अधिकांस घरमा निजि वाटर पम्पको व्यवस्था गरिएको छ । देशका विभिन्न स्थान बाट बसाई-सराईं गरेर कोहलपुर आउने मानिसहरुको संख्या दिनप्रतिदिन बढिरहेकाले समाजिक सांस्कृतिक विविधता पनि बढ्दो छ । थारु, मधेसी र मुश्लिम समुदाय को.न.पा.का आदिबासी समुदाय हुन् । बढ्दो बजारिकरण र शहरीकरणको कारणले बजार क्षेत्रमा ढल निकासमा समस्या छ भने भौगोलिक अवस्था र अव्यवस्थित पूर्वाधार निर्माणले वर्षा याममा डुवानको समस्या समेत रहेको देखिन्छ । विभिन्न स्थानमा जाने ट्रान्जिट पोइन्ट अवसर र चुनौति दुवै रहेको छ । बढ्दो शहरिकरणले खेतियोग्य जमिन कित्ताकाट गरि घडेरी निर्माणको कार्य पनि तिब्र रूपपा भैरहेको अवस्था छ ।

**<u>कोहलपुर नगरपालिकाको गन्तब्य (Vision)</u>**

विद्यालया स्तरको शिक्षामा अभिभावक, विद्यार्थी, शिक्षक र सरोकारवालाहरूको पूर्ण सन्तुष्टिको साथ  गुणस्तरिय शिक्षाको प्रत्याभुतिको नगर, गुनासो रहीत र जनउत्तरदायि निजी विद्यालय, शिक्षामा नयाँ सोचान्तरणका निर्माण, व्यवसायी महाविद्यालय स्थापना सँगै हजारौ व्यक्तिको व्यबसायिक सिप आर्जनको गन्तव्य तर्फको नगर, साधारण, व्यवसायिक र प्राविधिक उच्च शिक्षा प्रदान गर्ने शैक्षिक हवको रुपमा कोहलपुर नगर, आम मानिसको सरल र सहज रूपमा गुणस्तरिय स्वास्थ्य सेवामा पहुँचका साथै स्वास्थ सचेतनाको माध्यामवाट निरोगिको कोहलपुर नगरको स्थापना, आम जनताले प्रत्याभूति गर्न सक्ने शुशासन-युक्त कोहलपुर नगर, १८ वर्ष उमेर पूरा गरेका र काम गर्न सक्ने अधिकांस युवा तथा प्रौढ जनशक्तिको आत्मनिर्भरताको शहर, हरेकको जिवन-सुरक्षाको प्रत्याभुतियुक्त नगर,  अनुकुलयूक्त वातावरणिय स्वच्छ, सफा, हरीयाली प्रर्यावरणको शहर, स्वच्छ पिउने पानी, प्रयाप्त मात्रामा पार्क तथा उद्यान, स्थल, स्वच्छ शौचालय, स्नान घर, खेल मैदानयूक्त शहर, साना मझौला, तथा ठुला तर व्यवस्थित रुपमा संचालित औद्योगिक शहर, आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यका रुपमा कोहलपुर नगर, प्रविधियुक्त र सूचना तथा संचारमा पहुँच यूक्त कोहलपुर नगर, आर्थिक रूपमा आत्मनिर्भर नागरिक, नागरिक करबाट आर्थिक रुपमा सम्पन्न नगरपालिका र जनताप्रति उत्तरदायि कार्यपालिका भएको नगर नै कोहलपुर वासि आम नागरिकले परिकल्पना गरेको नगरपालिका हो ।



को.न.पा.को समूचित विकासको आधार
गुणस्तरिय सर्वसुलभ शिक्षा
स्थानिय उत्पादनको प्रयाप्त निर्यात
शुशाशनको प्रत्याभूति
औधिकिकरण
श्रमदान
सूचना तथा संचारको पहुँच
आधुनिक कृषि व्यवसायिकरण
व्यवस्थित वसोवास
पहुँचयूक्त गुणस्तरिय स्वास्थ्य
आत्मनिर्भरता
सामाजिक न्याय
जिवन सुरक्षा
भौतिक पूर्वाधारको विकास
रोजगार तथा स्व:रोजगार
गरिवि निवारण
सफा, स्वच्छ हरीयाली नगर
पर्यटकिय गन्तव्य
शहरिकरण तथा बजारिकरण

कोहलपुर नगरपालिकाले राखेको दुरदृष्टि (Vision) पुरा गर्न विविध क्षेत्रमा प्राथमिकताको आधारमा निम्नानुसारको कार्य रणनैतिक रुमपा गर्नुपर्दछ ।

## १. शिक्षा

- ❖ सामुदायिक विद्यालयको प्र.अ. छनोटको मापदण्ड ज्यादै निश्पक्ष, पारदर्शि, क्षमता, जेस्ठता र प्रशानिक कार्य सम्पादन क्षमताको मुल्याङ्कनको आधारमा गर्नुपर्दछ । (कुनै आर्थिक भार नपर्ने)
- ✓ विद्यालयका शिक्षक तथा कर्मचारिलाई कार्यसम्पदानको आधारमा पुरुस्कार दण्डको व्यवस्था गर्ने (ज्यादै आर्थिक न्यून भार) ।
- ✓ सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभाकको दलगत राजनैतिक क्रियाकलापलाई वन्देज गर्ने (कुनै आर्थिक भार नपर्ने) ।
- ✓ अभिभावक शिक्षा कार्यक्रम प्रभावकारी रुपमा लागु गर्ने, (ज्यादै न्यून आर्थिक भार ) ।
- ✓ नगरपालिकामा रोजगारको अवसर वा अन्य कुनै तालिम प्रशिक्षणमा सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययन गरेको व्यक्तिलाई विशेष अवसर प्रदान गर्ने, (कुर्ने आर्थिक भार नपर्ने) ।
- ✓ शिक्षकमा पेशागत दक्षता अविभृद्धि गर्न र पेशाप्रति सकरात्मक वनाउन " म जिम्मेवार शिक्षक" अभियान कार्यक्रम संचालन गर्ने, (न्यून आर्थिक भार) ।
- ✓ शिक्षक प्र.अ. अनुभव आदान प्रदान कार्यक्रम संचालन गर्ने (न्यून आर्थिक भार) ।
- ✓ माध्यमिक तहका विद्यार्थीको लागि जिवन सिपमा आधारित Non Credit कोर्ष निर्माण गरि कार्यान्वयन गर्ने, (पहिलो वर्ष Course निर्माण गर्न ३ लाख) ।
- ✓ विद्यालयहरुलाई उनिहरुको Performance को आधामा ३ वटा समुहमा विभाजन गरी प्रत्येक समुहमा अनुसन्धान तथा विकास (R&D) इकाई गठन गरि हरेक वर्ष अनुसन्धान र विकासको कार्यलाई निरन्तर रुपमा अगाडी बढाउने, (प्रतिवर्ष अनुमानित ९ लाख खर्च) ।

- ✓ सामुदायिक तथा निजि विद्यालयहरुमा शिक्षक, अभिभावक, विद्यार्थीहरुको अनुभव आदान -प्रदान गर्न मोबाइल एपको निमार्ण गरी (हाम्रो शिक्षा), अनुभवहरु आदान-प्रदान गर्ने, (५ लाख) ।
- ✓ निजि विद्यालयलाई पनि नगर शिक्षा भित्र समाहित गर्दै एउटै किसिमको शिक्षा प्रणाली लागु गर्ने, (कुनै थप आर्थिक भार नपर्ने) ।
- ✓ को.न.पा. तथा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाको आर्थिक सहयोगमा को.न.पा. को स्वामित्वमा रहने गरी 'बहु-व्यवसायिक महाविद्यालय' को स्थापना गरि छोटो तथा लामो अवधिको विभिन्न क्षेत्रमा ब्यवसायिक शिक्षा प्रदान गर्ने, (अनुमानित ६ करोड) ।
- ✓ कोहलपुर नगरपालिकालाई शैक्षिक हव तथा शैक्षिक गन्तव्यको शहर बनाउन यस नगर भित्र संचालित उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था सँग समन्वय गरी विभिन्न विषयमा प्राविधिक शिक्षा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार निमार्णका लागि ऐलानि जग्गा प्रदान गरी समन्वय गर्दै अगाडी बढ्ने, (न्यून आर्थिक भार ) ।
- ✓ विभिन्न संघ-संस्थाहरुको प्रायोजन र कोहलपुर नगर पालिकाको आयोजनामा प्रत्येक वर्ष "कोहलपुर शैक्षिक महोत्सव" संचालन गर्ने, (प्रत्येक वर्ष अनुमानित १० लाख खर्च) ।
- ✓ विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न प्रत्येक वर्ष विज्ञ समूहबाट अनुसन्धान गर्न लगाउने
(५ लाख) ।
- ✓ नगर शिक्षा ले तय गरेको निति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न (Task-force) कार्यदल वनाई प्रभावकारी कार्यनव्यन र अनुगमन गर्ने, (न्यून आर्थिक भार) ।

## २.स्वास्थ्य

- ✓ कोहलपुर मेडिकल कलेजले प्रदान गर्ने स्वास्थ्य सेवालाई गुणस्तरिय, सर्वसुलभ वनाउन उपयुक्त समनव्य गर्ने ।

- ✓ कोहलपुर नगरपालिकामा रहेको अस्पतालको क्षमता अभिवृद्धि गर्ने, आर्थिक रूपमा विपन्नलाई निशुल्क र आर्थिक क्षमता भएका व्यक्तिलाई न्यून शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा पर्दान गर्ने ।
- ✓ प्रत्येक वडा स्वास्थ्य चौकीबाट वर्षमा ३ पटक अनिवार्य रूपमा “स्वास्थ्य सचेतना कार्यक्रम’ संचालन गर्न अभिप्रेरित गर्ने, (न्यून आर्थिक भार) ।
- ✓ नगर भित्र स्वाथ्य क्षेत्रमा काम गर्ने संघ संस्थाहरूलाई स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्न अभिप्रेरित गर्ने, (कुनै आर्थिक भार नपर्ने) ।
- ✓ कोहलपुर स्वास्थ्य शाखाले ‘म स्वस्थ्य रहन्छु’ भन्ने अभियानलाई निरन्तर रुपमा अगाडी वढाउदै ‘स्वस्थ्य नागरिकको नगर’ भन्ने लक्षलाई पुरा गर्ने ।
- ✓ स्वास्थ्य विमा कार्यक्रमलाई सवैको पहुँचमा पुऱ्याउने यसका लागि आर्थिक रुपमा अति विपन्न नागरिकलाई नगरपालिकाले निशुल्क विमा गरिदिने, (न्यून आर्थिक भार) ।

## ३. शुशाशन

- ✓ कार्यपालिकाको हरेक निर्णय तथा कार्यलाई पारदर्शि गर्ने,
- ✓ को.न.पा.का मातहातमा रहेका कार्यलयहरुको नागरिक वडा पत्र प्रभावकारी रुपमा कार्यनव्यन नगर्ने व्यक्ति तथा निकायलाई अनिवार्य रुपमा आर्थिक जरिवाना तथा पिडितलाई क्षतिपूर्ति प्रदान गर्ने ।
- ✓ नगर प्रमुखको संयोजत्वमा ‘शुशाशन संयन्त्र ’ तयार पार्ने उक्त संयर्न्त्रले मातहातका कर्मचारिका कार्यसम्पादन मुल्याङ्कनको आधारमा पुरुस्कार र दण्डको व्यवस्था गर्ने ।
- ✓ शुशाशन संम्यन्त्रको हटलाईन सेवा तयार पारी हरेक व्यक्तिको पहँचमा उक्त सेवा पुऱ्याउने ।

- ✓ कोहलपुर नगरपालिका मातहातका कर्मचारी तथा जनप्रतिनिधिहरुमा २०८० को वर्ष Mission Good Governance को वर्षको रुपमा अभियान संचालन गर्ने ।
- ✓ को.न.पा मातहातका कार्यलयबाट सेवा प्रदान गर्दा ढिलासुस्ती गर्ने कर्मचारीले सेवा लिने व्यक्तिलाई अनिवार्य रुपमा क्षतिपूर्ति प्रदान गर्ने नियम तयार पारी कडाईका साथ कार्यनव्यन गर्ने ।

## ४. रोजगार तथा स्वरोजगार

- ✓ विभिन्न संघ-संस्थाहरु संग समन्वय गरि प्रत्येक वर्ष " रोजगार मेला' आयोजना गर्ने, (No Cost)।
- ✓ स्वःरोजगारलाई मुख्य प्राथामिकतामा राखि वडा तथा टोल तहमा विभिन्न संघ संस्थाहरु संग समन्वय गरी सिपमुलक तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्ने, (न्यून लागत) ।
- ✓ घरेलु उत्पादन तथा कृषिमा आधारित उधोग संचालन गर्न विभिन्न वैंक संग समन्वय गरि सस्तो व्याजदरमा कर्जा प्रदान गर्न सहयोग गर्ने ।
- ✓ थारुको आफ्नो मौलिक उत्पादनका बस्तुहरुको बेचविखन गर्न थारु व्यापार केन्द्रको स्थापना गर्ने ।

## ५. औधिकिकरण

- ✓ स्थानिय उत्पादनमा आधारित घरेलु तथा साना उद्योगलाई विशेष प्राथामिकताका साथ निजि क्षेत्रलाई संचालन गर्न अभिप्रेरित गर्न आवश्यक सहयोग प्रदान गर्ने,
  (न्यून आर्थिक लगानी) ।

- ✓ ठूलो उद्योग संचालन गर्न नगर क्षेत्र भित्र प्रयावरणको समेत ख्याल गरि विशेष औधोगिक क्षेत्र निर्धारण गर्ने र त्यस्ता उद्योगमा काम गर्ने मजदुर तथा कर्मचारी को.न.पा. भित्रका नागरिकलाई काम दिन उद्योग संचालक संग समनव्य गर्ने,
(आर्थिक भार नपर्ने)

## ६. शहरीकरण/बजारिकरण

- ✓ को.न.पा. भित्र नगर विकासको आम्दानी बाट केही ठुला र आधुनिक Business Complex को निर्माण गर्ने, (निश्चित आर्थिक लगानी तर दिर्घकालिन आर्थिक प्रतिफल) ।
- ✓ वजारलाई व्यवस्थित, सुविधायुक्त र गुणस्तरिय वस्तु तथा सेवा प्रदानमा केन्द्धित गर्न वाणिज्य संघ, व्यापार संघ र अन्य सरोकारोवाला संघ समनव्य गरेर प्रभावकारी कार्यक्रम अगाडी वढाउने, (आर्थिक भार नपर्ने) ।
- ✓ कालो बजारी र गुणस्तरहिन वस्तु बेचविखन गर्ने व्यक्तिलाई कडाईका साथ जरिवाना असुल गर्ने ।
- ✓ शहर भित्रको बाटो, पेटी सार्वजानिक स्थान मिचेर व्यापार व्यवसाय गर्ने व्यक्तिलाई कडाईका साथ जरिवाना असुल गर्ने ।
- ✓ मुख्य बजार क्षेत्र भन्दा बाहिर पनि वजारिकरणको लागि सम्वन्धित पक्षलाई अभिप्रेरित गर्ने ।
- ✓ शहरका विभिन्न स्थानमा प्रतिक्षालय, शौचालय, स्नान गृह, पार्क, फोहोर फाल्ने भाँडाहरुको व्यवस्थान गर्ने (न्यून आर्थिक लगानी)
- ✓ स्थानिय उत्पादन मात्र वेचविखन गर्ने एउटा छुट्टै व्यापार केन्द्रको निर्माण गर्ने ।

## ७. प्रयावरण तथा वातावरणिय अनुकुलन

को.न.पा ले नगर क्षेत्र भित्र वृक्षारोपनको उपयुक्त नक्शाङ्कन गरी हरियाली युक्त शहर निर्माणको लागि “पितृ स्मरण वृक्ष” अभियानलाई अगाडी बढाउन हरेक परिवारले प्रत्येक वर्ष पितृ श्राद को तिथिमा उपयुक्त समयमा कम्तिमा एक पितृ स्मरण वृक्ष रोप्ने अभियानलाई अगाडी बढाउने, (आर्थिक भार नपर्ने )

- ✓ “मेरो फोहोर मेरो जिम्मेवारी” अभियानलाई अगाडी बढाउने (आर्थिक भार नपार्ने) ।
- ✓ कोहलपुर नगर क्षेत्र भित्रका सडकहरुमा नियमित सरसफाई र गर्मि समयमा विहान सडकमा पानी हाल्ने कार्यक्रमलाई अगाडी बढाउने, (न्यून आर्थिक भार) ।

## ८. भौतिक पूर्वाधार विकास

- ✓ भौतिक पूर्वाधार निर्माण मर्मत तथा विकासको क्षेत्रमा प्राथामिकताको आधारमा ५ वर्षिय योजना तयार पार्ने र प्रदेश, संघ तथा अन्य दातृ निकाय संग समेत समन्वय गरी ५ वर्ष भित्र भौतिक पूर्वाधार निर्माणको आधारमा उत्कृष्ट शहर निर्माण गर्ने ।

## ९. आर्थिक विकास

- ✓ आन्तरिक राजस्वलाई अनिवार्य रुपमा सवैले उठाउनु पर्ने र आन्तरिक राजस्व ठगि गर्ने व्यक्ति तथा निकायलाई २ गुणा जरिवानाको माध्यमबाट सबैलाई अनिवार्य रुपमा करको दायरामा ल्याउने जस्तै घर बहाल कर, पसल दर्ता कर आदी ।
- ✓ करको दायरामा नसमेटीएका क्षेत्रलाई करको दायरामा ल्याउने,
- ✓ भारत संगको खुल्ला सिमानाको कारण लुकिछिपी नेपाल सरकारले रोक लगाएका वस्तुहरु जस्तो : सुपर पावर खैनी वेचविखन गर्ने पसललाई फुटकर पसल भए ५००० र डिलर भए २०००० जरिवाना लिई वन्देज गर्ने ।

✓ घरेलु मदिरा उत्पादनमा करको व्यवस्था गर्ने,

स्थानिय उत्पादनको उपयुक्त आन्तरिक बजारिकरण र निर्यात प्रर्वद्धनमा सहयोग तथा समनव्य गर्ने, थप कार्य- नगरपालिकाको कुनै पनि निति, नियम, कानुन उलंघन गर्ने व्यक्तिलाई स्वः अनुशाशित गर्न सकिने,

**अन्य**

**"मेयर कोष सहयोगी हातहरु"** - यस अन्तर्गत को.न.पा. भित्र तथा राष्ट्रीय तथा अन्तराष्ट्रीय स्तरमा रहेका सहयोगि हातहरुको सहयोगमा एउटा कोष संचालन गरि अति विपन्न असाय, अशक्त व्यक्तिहरुको जिवन स्तर उकास्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने,

**अनिवार्य श्रमदान-** को.न.पा. भित्र रहेका १८ देखि ६० वर्ष उमेरका हरेक व्यक्तिले महिनामा कम्तिका १ दिन आफ्नो टोल, वडा, नगरका विकास निर्माण, सरसफाई वा अन्य क्षेत्रमा "मेरो योगदान मेरो नगरको लागि" भन्ने कार्यक्रममा अनिवार्य श्रमदान गर्ने कार्यक्रम संचालन गर्ने,

जिवन सुरक्षा योजना- आमाबुवा रोजगार वा स्वः रोजगार नभएका हरेक नयाँ जन्मेका वालवालिकाको लागि नगरपालिकाको तर्फ बाट केही रकम (१०,०००) र अभिभावको तर्फ बाट केही रमक (१०,०००) जम्मा गरी २० वर्षको मुद्धती खातामा जम्मा गरी उक्त वालक २० वर्षको उमेर पुगेपछि उक्त रकम प्रयोग गरी उद्यमी बन्न सक्ने कार्यक्रम संचालन गर्ने ।

यो Vision Paper छनोट भएमा विस्तृत कार्ययोजना तय गरिने छ ।

धन्यवाद

**प्रस्ताव तयारी तथा प्रस्तुतकर्ता**
यामलाल ढकाल
स्वतन्त्र अन्वेशक तथा स्थानीय शासन विज्ञ

# कोहलपुर नगरपालिकाको लागि फोहरमैला व्यवस्थापन योजना

## १. नगरपालिकाको संक्षिप्त परिचय

कोहलपुर नगरपालिकाको स्थापना वि.सं.२०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम भएको हो। साविकका कोहलपुर र रझेना गाविस तथा समशेरगन्ज गाविसको केही भाग समेत समावेश गरी हालको कोहलपुर नगरपालिका स्थापना भएको हो। लुम्बिनी प्रदेशको पश्चिममा रहेको बाँके जिल्लामा पर्ने यो नगरपालिका क्षेत्रभित्र तराईको समथर तथा केहि पहाडी भूभाग पर्दछ ।

कूल क्षेत्रफल १८४.२६ वर्ग कि.मी. रहेको यस नगरपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री ७ मिनेट १२ सेकेण्ड देखि २८ डिग्री १८ मिनेट ५४ सेकेण्ड उत्तरी अक्षांस, ८१ डिग्री ३८ मिनेट २४ सेकेण्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । यो नगरपालिका संघीय राजधानी काठमाडौंदेखि ५२० किलोमिटर, लुम्बिनी प्रदेशको राजधानी देउखुरी दाङदेखि १३५ किलोमिटर पश्चिममा रहेको छ भने बाँके जिल्ला सदरमुकाम नेपालगंजदेखि १६ किलोमिटर उत्तरमा पर्दछ ।[1]

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकाको कूल जनसंख्या १,०१,६६७ रहेको छ भने जनघनत्व ५५२ जना प्रति वर्ग किलोमिटर रहेको छ। वि.सं. २०६८ सालमा यहाँको जनसंख्या ७० हजार ६ सय ४७ थियो। यस हिसावले हेर्दा नगरपालिकाको जनसंख्या वृद्धि दर औषत ४.३९ प्रतिशत प्रतवर्ष रहेको देखिन्छ । नगरपालिकामा कूल घरपरिवार संख्या २४१८३ रहेको छ भने परिवारको औषत आकार ४.२ जना प्रति परिवार रहेको पाइन्छ ।[2]

हावापानीका हिसाबले कोहलपुर नगरपालिका उपोष्ण कटिबन्धीय (subtropical) क्षेत्रमा पर्दछ । यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ग्रिष्म ऋतुमा ४६ डिग्री र न्यूनतम

[1] कोहलपुर नगरपालिकाको स्वेत पत्र २०७९
[2] राष्ट्रिय जन गणना २०७८ को प्रतिवेदन

तापक्रम हिउँदमा ४ डिग्री सेल्सियससम्म पुग्छ । यहाँ वार्षिक सरदर १९१२ मि.मि. वर्षा हुने गर्दछ भने सापेक्षित आर्द्रता औषत ७१.४ प्रतिशत रहन्छ ।[3]

## २. पृष्ठभूमी

फोहरमैला व्यवस्थापन नगरपालिकाहरुका लागि महत्वपूर्ण मुद्दाका रुपमा रहँदै आएको छ र कोहलपुर नगरपालिका पनि यसबाट अछुतो छैन। तथ्यांकहरुले नगरपालिकाको जनसंख्या वृद्धि तीव्र रुपमा भैरहेको र शहरीकरण पनि सोहि अनुपातमा भैरहेको देखाएका छ्न । यी समग्र अन्तरसम्वन्धित विषयका कारण नगरपालिकाको फोहरमैला व्यवस्थापनको समस्यालाई सम्बोधन गर्न बृहत् योजना र सो को कार्यान्वयनको लागि स्पस्ट कार्ययोजनाको आवश्यकता देखिएको छ। यस प्रस्तावनाले नगरपालिकाको फोँहरमैला व्यवस्थापनको वर्तमान अवस्था, भिजन, मिसन, लक्ष्य, उद्देश्य, रणनीति, आवश्यक पूर्वाधार र स्रोत साधन परिचालन, अनुमानित बजेट, राजस्व वृद्धि र सो को बाँडफाँड, सामुदायिक सहभागिता र परिचालन, सरोकारवालाको भूमिका र दायित्व तथा दिगोपन योजनाको रूपरेखा प्रस्तुत गर्नेछ।

## ३. फोहर मैला व्यवस्थापनको वर्तमान अवस्था

कोहलपुर नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका सन्दर्भमा फोहरमैला व्यवस्थापन ऐन, २०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७० तथा नगरपालिकाद्वारा तर्जुमा गरिएका ऐन तथा कार्यविधीको अधीनमा रहि कार्य सम्पादन गरिरहेको छ । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न कोहलपुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तर्जुमा गरिएको छ । सो ऐनमा वातावरणको संरक्षण, सम्पदाको संरक्षण, प्रदुषण रोकथाम तथा नियन्त्रण, फोहरमैला व्यवस्थापन, जैवीक विविधता संरक्षण, जलाधार क्षेत्र संरक्षण, खनीज पदार्थको संरक्षण, वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन, खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन, वातावरण तथा प्राकृतिक स्रोत कोषको स्थापना तथा संचालन,

[3] कोहलपुर नगरपालिकाको स्वेत पत्र २०७९

वातावरण तथा प्राकृतिक स्रोत परिषद गठन, विभिन्न समितिहरु गठन तथा वातावरण संरक्षण योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था गरिएको छ । यस ऐनको परिच्छेद ३ मा फोहरमैला व्यवस्थापनको स्पष्ट खाका प्रस्तुत गरिएको छ ।

उक्त परिच्छेदमा फोहरमैला व्यवस्थापनको दायित्व नगरपालिकालाई तोक्नुका साथै फोहरमैलाको उत्पादन कम गर्ने, पृथकीकरण, निष्काशन देखि फोहरमैला व्यवस्थापन केन्द्र, जोखिमपूर्ण फोहरको व्यवस्थापन, फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग सम्मको व्यवस्थापकीय प्रबन्ध समेत गरिएको छ । फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धी, फोहरमैला संकलन, ढुवानी, फोहरमैलाको प्रयोग, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग वा प्रसोधन, फोहरमैला विसर्जन र बन्द पश्चात व्यवस्थापन लगायतका कार्यको लागि निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाको संलग्नता समेतको व्यवस्था यस ऐनमा गरिएको छ ।

कोहलपुर नगरपालिकाले बढ्दो शहरीकरण, अव्यवस्थित बस्ती विकास तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु नदी, खोला, नाला, पोखरी, ताल तलैया, पार्क उद्यान एवं धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाई थप प्रभावकारी बनाई स्वच्छ, स्वस्थ, सफा, सुन्दर, सभ्य र समृद्ध नगरको पहिचान कायम गर्न स्थानीय सरकार, निजी तथा सहकारी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज तथा आम नागरिकलाई सरसफाईको अभियानमा स्वःस्फूर्त रुपमा परिचालन गरी सरसफाई कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवं दीगो बनाउनको लागि सार्वजनिक क्षेत्रको सरसफाई सम्वन्धी कार्यविधी, २०७६ स्वीकृत गरी लागू गरिएको छ । उक्त कार्यविधीमा सरसफाई कार्यक्रम संचालनको रणनीति तथा संचालन बिधी, सरसफाई गरिने क्षेत्रहरु, सरोकारवाला निकायहरु तिनका भूमिका, नगर स्तरीय सरसफाई अभियान समितिको गठन, काम, कर्तव्य एवं अधिकार, वडा स्तरीय सरसफाई अभियान समितिको गठन, काम कर्तव्य र अधिकार समेतको किटान गरिएको छ ।[4]

## ३.१ फोहरमैला व्यवस्थापन कार्यप्रकृया

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार कोहलपुर नगरपालिकामा कूल घर परिवार संख्या २४,१८३ रहेका छन् । हाल नगरपालिकाले शहरी क्षेत्रका करिब ७,७०० घरधुरीबाट मात्र

---

[4] फोहरमैला व्यवस्थापन ऐन, २०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७०

ठोस फोहर संकलन गरी व्यवस्थापन गर्दै आइरहेको छ[5] ।यसबाट नगरपालिकाले जम्मा ३१.८४% घरधुरीबाट मात्र फोहर संकलन गर्न सकेको देखिन्छ । यस नगरपालिकाको खासगरी सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि सार्वनजिक, निजी साझेदारी अवधारणामा कोहलपुर नगरपालिका तथा जटायु रिसाइकल्स प्राइभेट लिमिटेड बिच १५ वर्षको लागि सम्झौता भई कुहिने अर्थात जैविक फोहरलाई प्राङ्गागरिक मल बनाउने तथा अजैविक फोहरलाई स्रोतमै न्यूनिकरण गर्ने, पुनःप्रयोग गर्ने तथा पुनःचक्रण गर्ने योजना सहित विभिन्न प्लान्टहरु स्थापना गर्ने सोच सहित काम अगाडी बढेको छ । फोहरमैला व्यवस्थनका लागि नगरपालिकाले सम्पूर्ण सम्झौता अवधिभरका लागि २ करोड रुपैयाँ उक्त संस्थालाई उपलब्ध गराउने, लाभग्राही घरधुरीहरुबाट प्रारम्भमा प्रति घरधुरी रु ५० र आवश्यकता अनुसार बृद्धि गर्ने (हाल रु.१०० देखि १५० रहेको) तथा उक्त संस्थाले खुद नाफाको २५ प्रतिशत नगरपालिकालाई फिर्ता गर्ने गरी सम्झौता भएको छ ।[6]

## ३.२ स्रोतसाधन तथा पूर्वाधार

हाल कोहलपुर नगरपालिकामा फोहरमैला व्यवस्थापनका लागि देहायबमोजिमका स्रोतसाधन तथा पूर्वाधारहरु हरेका छन् ।

- नगरपालिकाको वडा नं ९ मा निजि क्षेत्रको जग्गामा फोहरमैला रिसाइकलर्स सेन्टर स्थापना भएको छ ।
- नकुहिने फोहरलाई पेलेर सानो अकार बनाउने बेलिङ्ग मेसिन जडान गरिएको छ ।
- ल्याण्डफिल साइटका लागि सामुदायिक वनको जग्गा भाडामा लिई व्यवस्थापन मिलाइएको छ।
- नगरपालिकासँग एउटा सक्सन मेसिन, एउटा ट्रिपर र एउटा ट्याकटर रहेको छ भने निजी क्षेत्रबाट तीनवटा फोहर बोक्ने ट्याक्टर समेत परिचालन गरिएको छ ।
- फोहरैला व्यवस्थापन कार्यको समन्वय गर्न नगरपालिकाको वातावरण शाखामा प्रशासन सेवाको एक जना अधिकृत, एक जना सहायक कर्मचारी तथा दुई जना चालक÷अपरेटर रहेका छन् ।
- निजी क्षेत्रबाट समेत आवस्यकता अनुसार कामदार तथा कर्मचारीहरुको परिचालान हुने गरेको छ ।

---

[5] कोहलपुर नगरपालिकाको स्वेत पत्र २०७९
[6] कोहलपुर नगरपालिकाको स्वेत पत्र २०७९

## ४. फोहरमैला व्यवस्थापनमा रहेका समस्या तथा चुनौतिहरु

नगरपालिकाले पर्याप्त कानुनी नीतिगत तथा संस्थागत व्यवस्था गरेको भए पनि कोहलपुर नगरपालिकाको फोहरमैला व्यवस्थापनमा विभिन्न समस्या तथा चुनौतिहर रहेका छन। शहरी क्षेत्रका बासिन्दा र व्यवसायीहरुको असहयोग तथा असमझदारी, साझेदार निजी संस्था जटायु रिसाइकल्स प्राइभेट लिमिटेडको कमजोर क्षमता र क्षमता बृद्धिप्रतिको उदासीनता, कूल घरधुरीको करिब एक तिहाई घरधुरीको मात्र फोहर उठाउन सकिएको र दुई तिहाई घरधुरी तथा घरपरिवार सेवाको पहुँच बाहिर हुनु, सेवा प्रदायक र सेवाग्राहीहरु बीचको असमझदारी, साझेदार संस्था घाटामा रहेको भनी सम्झौता बमोजिमको रकम नगरपालिकाले फिर्ता पाउन नसकी सम्झौताका शर्त पालनाको कमजोर अवस्था, स्रोत साधन तथा जनशक्तिको अपर्याप्तता, दिगोपनाको अनिश्चितता लगायतका समस्याहरुका कारण यस नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्य चुनौतिपूर्ण बनेको छ । सेवाप्रदायक तथा लाभग्राहीहरु बीच समुचित समन्वयको अभावका कारण पनि फोहरमैला व्यवस्थापनमा अपेक्षित उपलव्धी हासिल गर्न कठिनाई भैरहेको अवस्था छ।

**माथि प्रकरणहरुमा विवेचित समस्याहरुको समाधान गरि दिगो फोहरमैला व्यवस्थापन प्रणाली स्थापना गर्नका लागि नगरपालिकाको नीति निर्माणमा सहयोग पुगोस भन्ने हेतुले एक संगठित संरचनायुक्त सुझावमूलक प्रस्तावना तयार गरी नगरपालिकामा पेश गरिएको छ ।**

**दूरदृष्टिः** फोहर मैलाको दिगो व्यवस्थापन गरी सबै बासिन्दाहरुको स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षण गर्न सफा, स्वच्छ र हराभरा कोहलपुर नगरपालिका निर्माण गर्ने ।

**मिशनः** एक प्रभावकारी र कुशल ठोस फोहरमैला व्यवस्थापन प्रणाली लागू गरी वातावरण र जन स्वास्थ्यमा फोहरको नकारात्मक प्रभावहरूलाई कम गर्ने।

**लक्ष्यः** नगरपालिकामा उत्पादन हुने ठोस फोहर मैलाको मात्रा घटाउने, फोहर मैला सङ्कलन र विसर्जनलाई प्रभावकारी बनाउने र रिसाइक्लिङ्ग र रियुजलाई बढावा दिने हाम्रो लक्ष्य हो।

**उद्देश्यः**

१. सबै फोहरहरू समयमै र प्रभावकारी रूपमा सङ्कलन र विसर्जन गर्न नगरपालिका भित्र एक प्रभावकारी फोहर संकलन र विसर्जन प्रणाली स्थापना गर्ने।

२. फोहरको स्रोतमा पृथकीकरण प्रवर्द्धन गर्न र फोहरको रिसाइकल र पुनः प्रयोगलाई प्रोत्साहित गर्न दिगो फोहर मैला व्यवस्थापन प्रणाली स्थापना गर्ने।

३. ठोस फोहर व्यवस्थापनको महत्त्व बारे समुदाय र सरोकारवालाहरू बीच जनचेतना जगाउने र दिगो फोहर व्यवस्थापन अभ्यासहरू तर्फ व्यवहार परिवर्तन प्रवर्द्धन गर्ने।

४. राष्ट्रिय तथा स्थानीय नियम र मापदण्डहरूको पालना सुनिश्चित गर्न नगरपालिकामा ठोस फोहर व्यवस्थापनको लागि प्रभावकारी नियामक र संस्थागत रूपरेखा स्थापना गर्ने ।

५. नगरपालिकामा फोहरमैला व्यवस्थापनको निरन्तरता र दिगोपना सुनिश्चित गर्ने साथै फोहरमैला व्यवस्थापनका लागि दिगो वित्तिय संयन्त्र स्थापना गर्ने ।

**रणनीतिः** उपरोक्त उद्देश्यहरू प्राप्त गर्न, निम्न रणनीतिहरू लागू गर्ने

१. नगरपालिकामा फोहरमैला व्यवस्थापनको लागि एक फोहरमैला व्यवस्थापन प्राधिकरण स्थापना गरी संस्थागत र नियामक ढाँचा विकास गर्ने। सो प्राधिकरणमा सबै सरोकारवालाको प्रतिनिधित्वको सुनिश्चित गर्ने ।

२. समुदायबाट फोहर सङ्कलन र डिस्पोजल साइटमा ढुवानी गर्नका लागि समर्पित (डेडिकेटेड) सवारी साधन र कर्मचारीहरूको साथै फोहर सङ्कलन र यातायात प्रणाली स्थापना गर्ने ।

३. फोहरको स्रोतमै पृथकीकरण गरी संकलन गर्ने र पुनः प्रयोग गर्न मिल्ने वस्तुहरूको पुनः पृथकीकरण र कम्पोस्ट मलको उत्पादनको लागि सामग्री रिकभरी सुविधा (MRF) स्थापना गर्ने।

४. शिक्षा र सचेतना अभियानहरू मार्फत फोहर व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गर्ने र फोहर व्यवस्थापनको लागि समुदायमा आधारित संस्थाहरू (CBOs) स्थापना गर्न प्रोत्साहन गर्ने।

५. फोहर व्यवस्थापनको लागि दिगो वित्तिय संयन्त्रको विकास गर्न एक फोहरमैला व्यवस्थापन कोष स्थापना गर्ने जसमा कम्पोष्ट मल, पुनःप्रयोग हुने ठोस फोहर र पुनःचक्रण गरिएका बस्तुहरु विक्रिबाट प्राप्त रकम, उपभोक्ताहरुबाट उठेको शुल्क, नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको अनुदान रमाहरू समावेश गर्ने।

**आवश्यक पूर्वाधार र स्रोतहरूः** यस प्रणालीलाई प्रभावकारी रुपमा संचालन गर्न निम्न पूर्वाधारहरु आवस्यक हुनेछन ।

१. फोहर संकलन गर्ने सवारी साधन र उपकरणहरू, फोहर फाल्ने ट्रकहरू, कन्टेनरहरू र बिनहरू।
२. पुनः प्रयोग गर्न मिल्ने वस्तुहरू र कम्पोस्टको उत्पादनको लागि सामग्री रिकभरी सुविधा (MRF)।
३. पुनः प्रयोग गर्न नसकिने फोहरको विसर्जनको लागि स्यानिटरी ल्यान्डफिल साइट।
४. फोहर सङ्कलनकर्ता, सुपरीवेक्षक र अपरेटरहरू सहित फोहर व्यवस्थापन टोली निर्माण र उनीहरुलाई तालिम तथा प्रशिक्षण।
५. फोहर उत्पादन र संकलनको GIS मा आधारित डाटाबेस सहित फोहर व्यवस्थापनको लागि सूचना र सञ्चार प्रविधि (ICT) प्रणाली।
६. पोस्टर, ब्रोशर र भिडियोहरू सहित शैक्षिक र सचेतनमूलक सामग्री।
७. ठोस फोहर व्यवस्थापन योजना कार्यान्वयन गर्न कोष।

**अनुमानित बजेटः** फोहरमैला व्यवस्थापन योजना कार्यान्वयनका लागि चार वर्षमा २० करोड रुपैयाँ अनुमानित बजेट आवस्यक हुनेछ जसको ८० प्रतिशत बजेट फोहरजन्य वस्तुको बिक्रि तथा उपभोक्ता शुल्कबाट नै पूर्ति हुने अपेक्षा गरिएको छ भने बाँकी २० प्रतिशत बजेट सरकारी अनुदानबाट ब्यहोर्नुपर्नेछ। चार वर्ष पश्चात भने नगरपालिका वा अन्य सरकारि अनुदान शुन्य हुने र कोषमा संकलित रकमबाट वातावारण संरक्षण र हरियाली प्रवर्द्धन सम्वन्धी आयोजनाहरुमा लागानी गरिने र सो क्षेत्रमा नगरपालिकाबाट हुने लगानी कटौति गर्नमा मदत पुग्नेछ ।

**राजस्व उत्पादन योजना र बाँडफाँटः** फोहरमैला व्यवस्थापन योजनाको कार्यान्वयनलाई सहयोग गर्न निम्न राजस्व उत्पादन योजना लागू गरिनेछः

१. फोहर संकलन र डिस्पोजल सेवाहरूको लागि घरपरिवार र व्यवसायहरूलाई शुल्क लगाइनेछ।
२. पुनः प्रयोग गर्न मिल्ने सामग्री र कम्पोष्टको बिक्रीबाट राजस्व आर्जन गरिनेछ।
३. राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतहरूबाट अनुदान माग गरिनेछ।

**सामुदायिक संलग्नताः** फोहरमैला व्यवस्थापन योजनाको सफलताको लागि सामुदायिक संलग्नता आवश्यक छ। सामुदायिक सहभागितालाई प्रोत्साहित गर्न निम्न रणनीतिहरू लागू गरिनेछः

१. फोहर व्यवस्थापनको लागि सामुदायिक संस्थाहरू (CBOs) स्थापना गर्ने, जो स्रोतमा फोहर विभाजन, रिसाइकल, र कम्पोस्टिङको लागि जिम्मेवार हुनेछन्।

२. दिगो फोहर व्यवस्थापन अभ्यासको प्रवर्द्धन गर्न विद्यालय, घरपरिवार र व्यवसायहरूमा शैक्षिक र सचेतना अभियानहरू सञ्चालन गर्ने।
३. फोहर व्यवस्थापनको लागि एक सामुदायिक अनुगमन प्रणालीको विकास गर्ने, जसले समुदायलाई फोहर व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन र रिपोर्टिङमा समावेश गर्दछ।
४. फोहर व्यवस्थापन सम्बन्धी कुनै पनि समस्या वा गुनासोहरु सम्बोधन गर्न गुनासो व्यवस्थापन तथा टास्क फोर्स स्थापना गर्ने।

**सरोकारवालाको भूमिका र उत्तरदायित्वः** फोहरमैला व्यवस्थापन योजनाको सफलतामा सरोकारवालाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्। निम्न सरोकारवालाहरू र तिनीहरूको जिम्मेवारी पहिचान गरी योजना कार्यान्वयनमा संलग्न गरिनेछः

१. ठोस फोहर व्यवस्थापन प्रणालीको समग्र योजना, व्यवस्थापन र अनुगमनको जिम्मेवारी कोहलपुर नगरपालिकाको हुनेछ।
२. सामुदायिक संस्थाहरू (CBOs) स्रोतमा फोहर विभाजन, रिसाइकल र कम्पोस्टिङको लागि जिम्मेवार हुनेछन्।
३. फोहर सङ्कलनकर्ता र ढुवानीकर्ताहरू घरपरिवार र व्यवसायबाट फोहर संकलन र विसर्जन स्थलमा ढुवानी गर्न जिम्मेवार हुनेछन्।
४. फोहर डिस्पोजल साइट अपरेटरहरू पुनः प्रयोग गर्न नसकिने फोहरको सुरक्षित र प्रभावकारी व्यवस्थापनको लागि जिम्मेवार हुनेछन्।
५. आम उपभोक्ता, व्यवसाय र उद्योगहरू उनीहरूको फोहरको उचित पृथकीकरण र व्यवस्थापनको लागि जिम्मेवार हुनेछन्।
६. नागरिक समाजका संस्थाहरू र सञ्चारमाध्यमहरूलाई दिगो फोहर व्यवस्थापन अभ्यासहरूबारे चेतना जगाउन र प्रवर्द्धन गर्न लगाइनेछ।

**दिगोपन योजनाः** फोहरमैला व्यवस्थापन योजनाको दिगोपन सुनिश्चित गर्न निम्न रणनीतिहरू लागू गरिनेछः

१. नगरपालिकामा फोहरमैलाको दिगो व्यवस्थापनमा मार्गदर्शन गर्न दीर्घकालीन फोहर व्यवस्थापन योजनाको विकास गर्ने।
२. अनुगमन र मूल्याङ्कन, निरन्तर सुधार, र परिवर्तनशील परिस्थितिहरूमा अनुकूलन हुने योजनाको विकास गर्ने।

३. फोहर व्यवस्थापनको कार्बन फुटप्रिन्ट कम गर्न बायोग्यास र सौर्य ऊर्जा जस्ता फोहर व्यवस्थापनमा नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई बढावा दिने।
४. ठोस फोहरको दिगो व्यवस्थापनलाई समर्थन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी र सहकार्य विकास गर्ने।
५. फोहर सामाग्रीको रिसाइकल र पुनः प्रयोगलाई प्रोत्साहन गरेर चक्रीय अर्थतन्त्रलाई बढावा दिने।

**चार वर्षे कार्ययोजना :** फोहरमैला व्यवस्थापन योजनाका उद्देश्यहरू हासिल गर्न निम्न चार वर्षे कार्ययोजना लागू गरिनेछः

**वर्ष १ः**

१. फोहर व्यवस्थापन प्राधिकरणको स्थापना र फोहर व्यवस्थापनको लागि संस्थागत र नियामक रूपरेखा विकास गर्ने।
२. नगरपालिकामा उत्पादन हुने फोहरको प्रकार र परिमाण पहिचान गर्न फोहर लेखापरीक्षण गर्ने।
३. फोहर सङ्कलन र ढुवानी प्रणाली स्थापना गर्ने र फोहर सङ्कलनका लागि अपुग हुने सवारी साधन र उपकरण खरिद गर्ने।
४. शैक्षिक र चेतनामूलक सामग्रीहरू विकास गर्ने र विद्यालय, घरपरिवार र व्यवसायहरूमा सचेतना अभियानहरू सञ्चालन गर्ने।
५. फोहर व्यवस्थापनको लागि दिगो वित्तिय संयन्त्रको विकास गर्ने।

**वर्ष २ः**

१. पुनः प्रयोग गर्न मिल्ने वस्तुहरू र कम्पोस्टको उत्पादनको लागि सामग्री रिकभरी सुविधा (MRF) स्थापना गर्ने।
२. ठोस फोहरको दिगो व्यवस्थापनलाई समर्थन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी विकास गर्ने।
३. फोहर सामाग्रीको रिसाइकल र पुनः प्रयोगलाई प्रोत्साहन गरेर चक्रीय अर्थतन्त्रलाई बढावा दिने।
४. फोहर व्यवस्थापनको लागि सामुदायिक अनुगमन प्रणाली स्थापना गर्ने।
५. फोहर व्यवस्थापन सम्बन्धी कुनै पनि समस्या वा गुनासोहरु सम्वोधन गर्न समुदायको लागि एक प्रतिक्रिया संयन्त्रको (टास्क फोर्स) विकास गर्ने।

**वर्ष ३:**

१. नगरपालिकाका सबै क्षेत्रहरू समेट्न फोहर सङ्कलन र यातायात प्रणाली विस्तार गर्ने।
२. नगरपालिकामा भविष्यमा फोहरमैला व्यवस्थापन गर्न मार्गदर्शन गर्ने दीर्घकालीन फोहर व्यवस्थापन योजनाको विकास गर्ने।
३. फोहर व्यवस्थापन प्रणालीको समीक्षा गर्ने र सुधारका लागि क्षेत्रहरू पहिचान गर्ने।
४. अनुगमन र मूल्याङ्कन, निरन्तर सुधार र परिवर्तित परिस्थितिहरू अनुकूलन एक दिगोपना योजनाको विकास गर्ने।
५. राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारी विकास गर्ने ।

**वर्ष ४:**

१. फोहर व्यवस्थापनको कार्बन फुटप्रिन्ट कम गर्न बायोग्यास र सौर्य ऊर्जा प्रयोग गरी फोहरबाट ऊर्जा परियोजना कार्यान्वयन गर्ने।
२. नगरपालिकामा खतरनाक फोहर व्यवस्थापन गर्ने योजना विकास गर्ने।
३. दिगोपन योजनाको समीक्षा गर्ने र आवश्यक समायोजन गर्ने।
४. फोहर व्यवस्थापन प्राधिकरण र समुदायमा आधारित संस्थाहरू (CBOs) बीच राजस्व बाँडफाँड गर्ने संयन्त्र स्थापना गर्ने।
५. फोहर व्यवस्थापन प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्न र सुधारका क्षेत्रहरू पहिचान गर्न सार्वजनिक सर्वेक्षण गर्ने।

निष्कर्षः कोहलपुर नगरपालिकाको लागि फोहरमैला व्यवस्थापन योजना नगरपालिकामा फोहरमैला व्यवस्थापन गर्ने एक व्यापक र व्यवस्थित दृष्टिकोण हो। योजनामा भिजन, मिसन, लक्ष्य, उद्देश्य, रणनीति, पूर्वाधार र आवश्यक स्रोतसाधन, अनुमानित बजेट, राजस्व उत्पादन योजना र बाँडफाँड, सामुदायिक संलग्नता, सरोकारवालाको भूमिका र दायित्व तथा दिगोपन योजना समावेश छन्। चार वर्षे कार्यान्वयनयोग्य कार्ययोजनाले योजनाको सफल कार्यान्वयन र अपेक्षित नतिजा हासिल गर्न सुनिश्चित गर्नेछ। योजनाको कार्यान्वयनमा समुदाय र सरोकारवालाहरूको संलग्नताले यसको दिगोपन सुनिश्चित गर्नेछ र दिगो स्थानीय अर्थतन्त्रलाई टेवा दिनेछ।

<u>प्रस्ताव तयारी तथा प्रस्तुतकर्ता</u>

यामलाल ढकाल

स्वतन्त्र अन्वेशक तथा स्थानीय शासन विज्ञ

# नगर विकासको प्रस्तावना

कर्णबहादुर थापा

## प्रस्तावना पृष्ठभूमि

कोहलपुरको पुरानो बासिन्दा र तत्कालीन कोहलपुर गाविस हुँदै नगरपालिकाको जनप्रतिनिधि पनि भएका नाताले सर्वप्रथम त म यहाँको भूगोल, यहाँको जनजीवन र विकास निर्माणका सुरुवाती चरणहरूका बारेमा केही कुरा राख्न चाहन्छु । साथै आफ्ना केही अनुभवहरू पनि म यहाँ संक्षिप्त रुपमा बाँड्न चाहन्छु ।

२०४९ सालको स्थानीय चुनावबाट म पहिलोपटक तत्कालीन कोहलपुर गाविसको जनप्रतिनिधि निर्वाचित भएको थिएँ । कोहलपुर गाविस-११ बाट म वडाध्यक्षको रुपमा विजयी भएको हुँ । हामी जतिबेला गाविसमा आयौं त्यतिबेला गाविसमा कुनै विकास निर्माणका काम गर्न सक्ने अवस्था थिएन । न बजेट थियो, न स्थानीय निकायलाई कुनै अधिकार नै ।

हुन त २०४४ सालमा पञ्चायती व्यवस्था छँदै पनि म जनपक्षीय उम्मेदवारका रूपमा स्थानीय चुनावमा भाग लिएको थिएँ । तर त्यतिबेला जनपक्षीय उम्मेदवारलाई षडयन्त्र गरेर हराइएको थियो । हामी तत्कालीन व्यवस्थाको षडयन्त्रको सिकार भएका थियौं ।

२०४९ सालमा पहिलोपटक चुनाव त जितियो तर त्यो समयमा गाविसमा एक रूपैयाँ पनि बजेट हुँदैनथ्यो । जनप्रतिनिधिले पाउने कुनै तलब, भत्ता, सुविधा पनि केही थिएन । विकास निर्माणकै लागि पनि राज्यले कुनै बजेट छुट्ट्याएको हुँदैनथ्यो । जिविसले कुनै निश्चित कामका लागि बजेट पठायो भने त्यही शीर्षकमा खर्च गऱ्यो अन्यथा विकास निर्माणका कुनै काम हुँदैनथे । गाविसमा कुनै कर उठाउन पनि पाइँदैनथ्यो । जनताको काम सिफारिस गर्दा १०-५ रूपैयाँ शुल्क तोकिएको हुन्थ्यो त्यसैबाट कार्यालय सहयोगी, कार्यालय खर्च चलाइन्थ्यो । अरू कुनै आर्थिक गतिविधि गाविसबाट हुँदैनथे ।

२०५० सालतिर जिविसले कोहलपुर गाविसका लागि भनेर ३० हजार रूपैयाँ बजेट छुट्ट्याएको थियो । गाविसभित्र कुनै अत्यावश्यक विकासको काम गर्नुपर्ने भए त्यो बजेटभित्र सम्पन्न हुनेगरी योजना छनोट गरेर जिविसमा सिफारिस गर्न निर्देशन

दिइएको थियो । गाविसभित्र गर्नैपर्ने विकासका काम त थुप्रै थिए । तर बजेट अभावमा केही हुन सकेको थिएन । जिविसले परिपत्र गरेपछि हामीले एउटा योजना बनायौँ । हाइस्कुल चोकबाट पूर्व चट्टार जाने बाटोमा एउटा नाला पर्छ । त्यो नालामा पुल नहुँदा त्यहाँका जनतालाई कोहलपुर आवतजावत गर्न निकै कठिनाइ भइरहेको थियो । लामो बाटो घुमेर कोहलपुर आउनुपर्थ्यो । त्यसैले तत्कालीन गाविस अध्यक्ष लुटबहादुर र मैले सल्लाह गरेर त्यहाँ सानो कल्भर्ट बनाउने योजना बनाएका थियौँ । त्यसैअनुरूप हामीले जिविसमा योजना पेस गऱ्यौँ । त्यसैका आधारमा जिविसले बजेट निकासा गरिदियो । त्यो ३० हजारले त त्यत्रो योजना कसरी सम्पन्न हुन्थ्यो र ! तर पनि जनश्रमदान र केही पैसा उठाएर हामीले त्यहाँ एउटा कल्भर्ट बनाएका थियौँ । हाम्रो पाँचबर्से कार्यकालमा गाविसमा भएको विकास निर्माण यही एउटा थियो । प्रजातन्त्र पुनःस्थापनापछि कोहलपुरमा भएको पहिलो विकास निर्माणको काम नै यही थियो ।

त्यसबाहेक जिविसबाट न कुनै बजेट आयो, कोहलपुरमा न कुनै विकास निर्माणका काम भए । हाम्रो काम कहिलेकाहीँ बैठक बस्ने, जनताका सानातिना समस्या समाधान गरिदिने, सानातिना झैंझगडा भए मिलाइदिने काम हुन्थ्यो । वडा, गाविसबाट गर्नुपर्ने सिफारिस गरिदियो, बस् । यसरी नै पाँचबर्से हाम्रो कार्यकाल सकियो ।

२०५४ सालमा पनि फेरि स्थानीय चुनावमा म सोही वडाबाट निर्वाचित भएँ । यसपटक भने गाविसका लागि केही रकम छुट्ट्याइएको थियो । सरकारले नै गाविसका लागि भनेर ३ लाख बजेट छुट्ट्याएको थियो । बजेट भएपछि केही काम गर्न पनि सहज भयो । ठूला विकास निर्माणका काम गर्न नसकिए पनि सानातिना पुलपुलेसा, ढल निकास, नाली निर्माणजस्ता काम हुन थाले । बाटाघाटा स्तरोन्नति हुन थाले । गाविसभित्र अत्यावश्यक विकासका काम छनोट गरेर त्यसका लागि त्यो बजेट खर्च हुन थाल्यो ।

अर्को वर्षदेखि गाविसलाई १५ लाख बजेट आयो । यो बजेटले विकासका काममा निकै सहयोग पुऱ्यायो । सानातिना विकासका कामका लागि जिविसको मुख

ताक्नुपर्ने अवस्था रहेन । विकास निर्माणका काम धमाधम हुनथाले । त्यो बजेटबाट हामीले ठाउँठाउँमा पुलपुलेसा बाटाघाटा बनाउन थाल्यौँ । जनतामा पनि सरकार र स्थानीय तहप्रतिको भरोसा बढ्दै गयो ।

तर यही अवधिमा माओवादी जनयुद्ध उत्कर्षमा पुगेको थियो । २०५२ सालबाट सुरु भएको माओवादी जनयुद्धले सरकारलाई चुनौति थपिरहेको थियो । कतिपय स्थानीय तहहरूमा पनि माओवादी जनयुद्धको प्रत्यक्ष प्रभाव परेको थियो । गाविस भवनहरू जलाउने, जनप्रतिनिधिहरूको अपहरण र हत्या शृंखलाहरू भइरहेका थिए ।

प्रत्येक पाँच वर्षमा गर्नुपर्ने स्थानीय चुनाव सरकारले गर्नसक्ने अवस्था आएन । ०५९ सालमा हुनुपर्ने स्थानीय चुनाव जनयुद्धकै कारण हुन सकेन । चुनाव हुन नसकेपछि स्थानीय तह भंग गरेर कर्मचारीलाई नै स्थानीय निकायको जिम्मेवारी सुम्पियो । लामो समयसम्म स्थानीय निकाय प्रतिनिधिविहीन अवस्थामा रहनुपर्‍यो ।

२०७४ सालमा पनि म फेरि नयाँ परिवेशमा यही वडाबाट वडाध्यक्ष हुने अवसर पाएँ । यसपटक भने धेरै कुरा परिवर्तन भइसकेको थियो । २०६२/६३ को दोस्रो जनआन्दोलनले ल्याएको परिवर्तनसँगै मुलुक संघीय संरचनामा गयो । मुलुकमा तीन तहका सरकार बने । स्थानीय सरकार पनि शक्तिशाली बन्यो । कोहलपुर पनि गाविसबाट नगरपालिका बन्यो । मैले पनि कोहलपुरको विकासका लागि केही योगदान गर्ने अवसर पाएँ । राजनीतिक अस्थिरता, स्रोत व्यवस्थापनको अभावलगायतका कठिनाइहरुका बाबजुद यो अवधिमा कोहलपुरमा विकास निर्माणका केही महत्वपूर्ण कामहरु हुन सकेका थिए । ती यहाँहरुको आँखा अगाडि छन् । मैले यहाँ उल्लेख गरिरहनु आवश्यक छैन ।

अहिले अवस्था फेरिएको छ । अब मुलुकमा हुनुपर्ने राजनीतिक परिवर्तन भइसकेको छ । मुलुकको विकास र समृद्धि अबको खाँचो हो । हामी सबै आ-आफ्नो ठाउँको विकास र समृद्धिमा केन्द्रित हुन सक्यौँ भने मात्र मुलुकको समग्र विकास हुनसक्छ ।

यो सहरको विकासमा हामीले आफ्नो ठाउँबाट केही सकारात्मक प्रयास थालेका थियौँ । त्यसमा हालका जनप्रतिनिधिले पनि निरन्तरता दिइरहेकोमा म अत्यन्तै हर्षित छु । म अहिलेका नगरपालिकाका प्रतिनिधिहरूप्रति आभार प्रकट गर्दछु ।

कोहलपुर एउटा यस्तो सहर हो, जो पश्चिम नेपालकै ट्रान्जिट प्वाइन्ट पनि हो । व्यापारका लागि मात्र नभएर यो ठाउँको बहुआयामिक महत्व छ । व्यापारिक केन्द्रका अलावा यो ठाउँ कृषि केन्द्र तथा पर्यटकीय गन्तव्यको क्षेत्र पनि बन्न सक्छ ।

यहाँ पर्यटकीय क्षेत्र विकासको सम्भावना पनि नभएको होइन । यहाँका वनजङ्गल र नदीनाला व्यवस्थित गर्ने हो भने त्यसले यो सहरको आकर्षण पक्कै थप्नेछ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको प्रवेशद्वार हुनु नै विकासको आधार हुनु हो ।

पूर्व-पश्चिम राजमार्गमा पर्ने यो सहरको बाटो भएर नेपालका मात्र होइन, विश्वजगत्का मान्छे आहोरदोहोर गर्छन् । हामीले उनीहरूका आँखामा बस्न सक्ने कोहलपुर बनाउनु आवश्यक छ ।

पहिलोपटक नजर पर्नेबित्तिकै आगन्तुकले ‘आहा कोहलपुर !’ भन्न सकून् ।

कुनै पनि सहर सबभन्दा पहिला त सफा, व्यवस्थित र सुरक्षित हुनुपर्‍यो ।

यो सहर हाम्रै हो भन्ने भावना जबसम्म यहाँका हरेक बासिन्दामा जागृत हुँदैन तबसम्म यसको विकासका लागि केही गर्न सकिँदैन ।

सबैभन्दा ठूलो कुरा हो, शिक्षा र चेतना । सहरबासी शिक्षित र चेतनशील भए भने आफ्नो सहरको विकास र समृद्धिमा उनीहरू स्वयम् सचेत हुन्छन् । मानिसलाई जति सुविधाहरू नगरपालिकाले दिन सक्यो त्यति सहरमा मानिसको आकर्षण बढ्ने हो ।

सबै नगरबासी अनुशासित हुनुपर्‍यो । दक्षता वृद्धिमा ध्यान दिनुपर्‍यो र सबैभन्दा ठूलो कुरा आफ्नो ठाउँको विकास गर्ने हुटहुटी र इमानारिता सबै नागरिकमा हुनुपर्‍यो ।

कोहलपुरमा अनेकौं संस्कृतिका मानिसहरू बस्छन् । उनीहरूको भाषा र संस्कृतिको संरक्षण संवर्द्धन गर्न सके त्यसले पनि पर्यटक आकर्षित गर्न सकिन्छ ।

शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत कुरामा जनताको सहज पहुँच होस् । यी कुरा जनताले निःशुल्क प्राप्त गर्न सकून् । शिक्षाका लागि स्तरीय विद्यालय-विश्वविद्यालयहरू बनून् । हामी सबैको चाहना यही हो ।

हामीले आफ्नो कार्यकालमा इमानदारीपूर्वक केही यस्ता सकारात्मक कामको सुरुवात गरेका थियौं । तर ती अहिलेको समयका लागि पर्याप्त छैनन । स्रोत-साधनको सीमितताका बीच केही कामका सुरुवात भए ।

हामीले हाम्रो समयमा भ्यूटावरको निर्माण थाल्यौं । हरियाली योजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्‍यौं । भएका बाटाघाटा व्यवस्थित गर्ने प्रयास गर्‍यौं । लामो दूरीको नयाँ बसपार्क निर्माणको थालनी गर्‍यौं जुन अहिले अन्तिम चरणमा पुगेको छ ।

मुलुक संघीय संरचनामा गएपछिको पहिलो कार्यकाल भएकाले पनि हामीलाई कानुनी रुपमा थुप्रै अन्योलता थिए । बाधा अड्चनहरु थिए । बिस्तारै तिनीहरुलाई फुकाउँदै हामी अघि बढ्यौं । यही समयमा हामीले कोरोना जस्तो महामारीको सामना पनि गर्नुपर्‍यो । त्यसैले नगरको विकास र जनताको सेवामा हामीले आशा गरेअनुसार काम गर्न सकेनौं । तर पनि केही कामका सुरुवात भएका थिए । ती राम्रा कामहरुलाई निरन्तरता दिँदै अहिलेका र भावी जनप्रतिनिधिज्यूहरुले नगरको आर्थिक, भौतिक विकास र नगरबासीको सुविधालाई ध्यानमा राख्दै महत्वपूर्ण योगदान गर्नुहुनेछ भन्ने मैले आशा लिएको छ ।

म यस कोहलपुर नगरपालिकासमक्ष आफ्नो मनमष्तिस्कमा रहेका केही योजनाहरूलाई बुँदागत रूपमा यहाँ प्रस्ताव गर्न चाहन्छु :

**१. नगरपालिकाको भौतिक विकास निर्माणको कुरा गर्दा सर्वप्रथम त चौराहादेखि नै नगर विकासको काम थाल्नुपर्छ । चौराहा भनेको यस्तो ठाउँ हो जहाँ आगन्तुकको पहिलो नजर पर्छ । चाहे आन्तरिक पर्यटक होस् वा बाह्य ऊ पहिला चौराहा नआई अन्त पुग्दैन । त्यसैले पहिलो पटक उसका नजर पर्ने ठाउँ सफा, सुन्दर र आकर्षक हुनुपर्छ ।**

**कोहलपुर चौराहामा सानो ठाउँ छ । यसलाई खुम्च्याउनु हुँदैन । यसको फैलावटमा ध्यान दिन जरुरी छ । चौराहा नजिक भएका ट्राफिक कार्यालय, वन, राजस्व कार्यालय जस्ता सरकारी भवनहरु अन्यत्र स्थानान्तरण गर्नुपर्छ । यस्ता सरकारी कार्यालयलाई अन्यत्र व्यवस्थापन गर्न सकिन्छ । यी कार्यालयहरुले सहरको मुहार नै बिगारी दिएका छन् ।**

**चौराहाबाट पूर्व जाने बाटो साँघुरो छ । यो बाटो पनि चौडा बनाउनु आवश्यक छ । निकुञ्जसँग समन्वय गरेर यो काम नगरपालिकाले गर्न सक्छ । चौराहा वरिपरिका ठाउँ खाली गरेर त्यहाँ आकर्षक फूल र बोटविरुवा लगाउन सकिन्छ । जसले सहरको शोभा थप्नेछ । अर्कोतिर त्यहाँ चिटिक्कका आधुनिक घरहरु बनाएर व्यवस्थित बजार विकास गर्न सकिन्छ जसले नगरपालिकाको आम्दानीको स्रोत पनि बढाउँछ ।**

२. कोहलपुर चौराहादेखि उत्तरतिर पर्यटकीय क्षेत्रका लागि विकास गर्न सकिन्छ । नगरपालिकासँग जोडिएको राष्ट्रिय निकुञ्जको केही क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने सम्भावना छ । त्यस क्षेत्रलाई मानसरोवर नामकरण गरेर त्यहाँ पर्यटकीय आकर्षणका संरचना निर्माण गर्न सकिन्छ । जस्तो चितवनको सौराहा, बर्दियाको ठाकुरद्वारा निकुञ्जभित्र रहेका पर्यटकीय स्थल हुन् । यहाँ पनि त्यस्तैखाले पर्यटकीय गन्तव्य स्थल बनाउन र त्यसबाट मनग्गे लाभ लिन सकिन्छ ।

चौराहाभित्र रहेको गोलपार्कको स्तम्भमा बाघको मूर्ति राखिएको छ । यो यति सानो छ कि मानिसले त्यसलाई ठम्याउनै सक्दैनन् । फेरि बाघको मूर्ति त्यो ठाउँमा त्यति सान्दर्भिक पनि लाग्दैन । त्यहाँ अलि ठूलो आकारको बुद्धमूर्ति, कुनै देवमूर्ति वा कोहलपुरको नामलाई चरितार्थ गर्नेखालको कुनै मूर्ति राख्न उचित होला जस्तो लाग्छ । जसले आगन्तुकलाई झट्ट आकर्षित गर्न सकोस् ।

३. चौराहाको उत्तरपट्टि एउटा बस्ती छ, लोकनगर । निकुञ्जको छेउमा रहेको त्यो बस्ती न सहरजस्तो लाग्छ न गाउँजस्तो । त्यसैले त्यो बस्तीलाई अन्यत्र स्थानान्तरण गरेर त्यहाँ एउटा टेक्निकल कलेज बनाउन सकिन्छ । कोहलपुरमा टेक्निकल विषयमा पढाइ हुने कुनै पनि स्कुल, कलेज वा शैक्षिक संस्था स्थापना हुन सकेका छैनन् । अब नगरपालिकाले त्यहाँ इन्जिनियरिङ, कृषि तथा वनसम्बन्धी पढाई हुने टेक्निकल कलेज खोल्न सक्छ ।

४. सहर भनेको सफा हुनुपर्छ, व्यवस्थित हुनुपर्छ । अस्तव्यस्त भयो भने त्यो के सहर ! निजी तथा सार्वजनिक हरेक संरचना निर्माण गर्दा त्यसले सहरको सुन्दरता नबिगारोस् । नगरपालिकाले संरचना निर्माण गर्दा बाटोदेखि निश्चित दूरीमा निर्माण गर्नुपर्ने नियम बनाओस् । र त्यसलाई कडाइका साथ कार्यान्वयन गरोस् । व्यक्तिको शक्ति र पहुँचका आधारमा आफ्नो योजनाबाट पछि हट्ने काम नगरपालिकाले नगरोस् । सडकको मापदण्डमा पहुँचवालाको घर परेमा त्यस्ता घर भत्काउन नगरपालिका हिच्किचाउने गरेको पाइन्छ । यस्तो काममा सुधार ल्याउनुपर्छ । अझ नगरपालिकाले नगरबासीमा आह्वान गरोस् कि नगरका सबै

घरहरु एकै किसिमको रङले रङ्गिएका होउन् । यो व्यक्तिगत अधिकारको कुरा भए पनि नगरपालिकाले प्रस्ताव आह्वान त गर्न सक्छ नि !

५. सफा सहर बनाउन नगरपालिकाले ढल निकासलाई प्राथमिकता दिनुपर्छ । नाली व्यवस्थापन र ढल निकास नहुँदा सहर दुर्गन्धित हुन्छ । दुर्गन्धित ठाउँमा बसेर सुगन्धित काम गर्न सकिँदैन । त्यसैले हरेक ठाउँमा नालीको व्यवस्था गर्नुपर्छ र त्यसको निकास नहर वा डुडुवामा गर्न सकिन्छ । तर ढलको निकास गर्दा पानीलाई शुद्धिकरण गरेर मात्र खोला वा नहरमा मिसाउनुपर्छ ।

६. कोहलपुर नगरपालिकाभित्र पर्ने एउटा महत्वपूर्ण खोला हो डुडुवा खोला । यसले बर्सेनि खेतीयोग्य जमिन कटान गरिरहेको छ । त्यसैले नगर क्षेत्रभित्र यो खोलामा तटबन्धन आवश्यक छ । केही भागमा पहिले पनि तटबन्धन भएको छ । तर त्यो पर्याप्त छैन । डुडुवाकिनारमा तटबन्ध गरेर त्यहाँ विभिन्न बोट बिरुवा लगाउन सकिन्छ । खोलाकिनारमा आकर्षक कटेज बनाएर त्यसलाई पनि पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिन्छ ।

७. कोहलपुरमा एउटा सुविधासम्पन्न अस्पतालको खाँचो छ । सुविधासम्पन्न अस्पतालको अभावमा मानिसहरु अन्यत्र उपचारका लागि धाउन बाध्य छन् । ठूलो धन, जनको क्षति र हैरानी यहाँका नगरबासीले खेप्नुपरेको छ । नगरपालिकाले आफ्नै नगरभित्र एउटा यस्तो अस्पताल निर्माण गरेर सम्पूर्ण सेवाहरू निःशुल्क गरिदिनुपर्छ । जसका कारण आर्थिक अभावकै कारण ज्यान गुमाउनुपर्ने बाध्यतामा रहेका जनताले राहत महसुस गर्नेछन् । यसका लागि नगरपापिलकाले स्पष्ट योजना बनाएर संघ वा प्रदेशबाट बजेटको व्यवस्था गर्न सक्छ । हामीले हाम्रो पछिल्लो कार्यकालमा आफ्नो वडाभित्रको स्वास्थ्य चौकीमा उपलब्ध हुने सबै सेवालाई निःशुल्क बनाएका थियौं । यसबाट सामान्य आर्थिक अवस्था भएका नगरबासीलाई ठूलो राहत मिलेको छ ।

८. कोहलपुर पश्चिम नेपालको ‘ट्रान्जिट’ भएका कारण चारैतिरबाट मान्छे यहाँ आउँछन् । सहर आइपुग्ने सबै सम्पन्न हुँदैनन् । सधैं सबैसँग पैसा हुन्छ भन्ने हुँदैन

। कतिपय दु:ख पाएका मानिसहरु पनि हुन्छन् । उनीहरु जस्ता मानिसका लागि बास बस्नका लागि यहाँ एउटा धर्मशाला बनाउनु आवश्यक छ । जसमा नि:शुल्क गास, बासको व्यवस्था होस् । उपयुक्त ठाउँ पहिचान गरेर त्यस्तो धर्मशाला बनाउन सकिन्छ ।

९. कोहलपुर नगरपालिकालाई उपमहानगरपालिका बनाउनका लागि तत्काल पहल थाल्नुपर्छ । उपमहानगरपालिकाका लागि निर्धारित मापदण्ड पूरा गर्ने कुरामा यस वरपरका वैजनाथ, जानकी र राप्ती सोनारी गाउँपालिकालाई मिलाउन सकिन्छ ।

१०. आज ठूलो सङ्ख्यामा युवाहरु मुलुकबाहिर जाने गरेका छन् । यस नगरपालिकाबाट पनि दैनिक ठूलो सङ्ख्यामा युवाहरु विदेसिइरहेका छन् । यसरी धमाधम युवाहरु बिदेसिनु भनेको पक्कै पनि देश र समाजका लागि राम्रो कुरा होइन । उनीहरुलाई देशभित्रै रोजगारी दिन सके पक्कै पनि युवाहरुको विदेशमोह कम गर्न सकिन्छ । त्यसका लागि नगरपालिकाले पहल थाल्न सक्छ । युवाहरुलाई विभिन्न किसिमका तालिमहरु प्रदान गरेर उनीहरुलाई स्वरोजगार बन्ने बाटो नगरपालिकाले खोलिदिन सक्छ । दक्षता अभिवृद्धि गर्ने खालका नि:शुल्क प्राविधिक तालिमहरु सञ्चालन गरेर नगरपालिकाले आफ्नो ठाउँका युवा पलायन हुनबाट रोक्न सक्छ ।

११. कोहलपुरमा खानेपानीको समस्या छ । बढ्दो जनसङ्ख्याका कारण एकातिर पर्याप्त पानी छैन भने अर्कोतिर पानीको शुद्धता पनि कायम हुन सकेको छैन । भूमिगत पानी नै यहाँको पानीको प्रमुख स्रोत हो । दुईवटा ट्यांकी बनाएर पानी संकलन, शुद्धिकरण र वितरण थालिएको छ । तर यो अहिले नै पर्याप्त छैन भने भोलिका दिनमा त यो एउटा ठूलो संकट बन्न सक्छ । त्यसैले अहिलेदेखि नै कोहलपुरबासीका लागि पर्याप्त र शुद्ध पानीका लागि नगरपालिकाले पहल गर्नुपर्छ । बबईको पानी ल्याएर शुद्धिकरण गरेर वितरण गर्न सकिन्छ । जमिनमुनिको पानीको सतह घट्दो क्रममा छ । त्यसैले बबईको पानी नल्याई हुँदैन । यसका लागि डिपिआर नै तयार भइसकेको भन्ने बुझिएको छ । नगरपालिकाले तत्काल यसको काम थालनी गर्नुपर्छ ।

१२. लामो र निरन्तर प्रयासपछि कोहलपुरमा ज्येष्ठ नागरिक दिवा आश्रम त बनाउन सकियो । तर उनीहरूका लागि अझै धेरै सुविधा दिन सकिएको छैन । ज्येष्ठ नागरिकलाई सुविधा दिने कुरामा नगरपालिकाले कन्जुस्याइँ गर्नुहुँदैन । ज्येष्ठ नागरिकलाई राज्यले नै सम्मान गर्दै सामाजिक सुरक्षाभत्ता वितरण गरेको छ । तर त्यो प्रक्रिया यति झन्झटिलो छ कि त्यो उमेरको मानिस भीडभाडमा घन्टौँ लाइन बसेर भत्ता लिनुपर्ने बाध्यता छ । यो उनीहरुको लागि सम्मान नभएर यातना बनिरहेको छ । यसलाई सहजीकरण गर्नु आवश्यक छ । राज्यले सम्मान गरेर दिएको भत्ता स्थानीय सरकारहरुले घरघरमै पुगेर सम्मानपूर्वक वितरण गर्नुपर्छ ।

१३. नगरपालिकाले पूर्वाधार विकास गर्ने, संरचना निर्माण गर्ने क्रममा विगतमा प्राविधिक रुपमा केही कमजोरीहरु देखिएका छन् । विगतमा काम चलाउने हिसाबले मात्र काम हुँदै आए । सडक बनाउँदा नालीको बेबास्ता गर्ने, विद्युतीकरणमा ध्यान नदिने जस्ता काम भए । कुनै पनि संरचना बनाउँदा दीर्घकालिन सोच राखेर बनाउनुपर्थ्यो । नगर विकासले सहरी विकासको योजना बनाउँदा कम्तीमा पचास वर्ष धान्ने योजना बनाउनुपर्थ्यो । तर त्यो हुन सकेन । कोहलपुरका मुख्य बजार क्षेत्र अहिले नै अस्तव्यस्त देखिन्छन् । जति संरचना निर्माण भएका छन् ती पनि गुणस्तरका हिसाबले कस्ता छन् भन्ने कुराको खोजी भएको पाइँदैन । त्यसैले अबका संरचना निर्माण गर्दा नगरपालिकाले गुणस्तरीय र दीर्घकालिन योजना बनाएर काम गर्नुपर्छ । दक्ष र इमान्दार प्राविधिकहरुमार्फत एउटै मापदण्ड तयार गरेर गुणस्तरमा कुनै सम्झौता नगरी काम गर्नुपर्छ । अबका कुनै पनि संरचना निर्माण गर्दा अपाङ्गमैत्री, महिलामैत्री र गुणस्तरीय, आधुनिक र टिकाउ हुनुपर्छ ।

१४. शिक्षा जीवनका लागि महत्वपूर्ण कुरा हो । शिक्षा र चेतनाबिना सभ्य समाज निर्माणको कल्पना पनि गर्न सकिँदैन । त्यसैले शिक्षित र सभ्य समाज निर्माणका लागि नगरभित्र आधुनिक र व्यावहारमुखी शिक्षालयहरुमा जोड दिनुपर्छ । नगरभित्रका सामुदायिक विद्यालयहरुमा आधुनिक शिक्षा तल्काल लागू गर्नुपर्छ । सामुदायिक हुन वा संस्थागत सबै विद्यालयमा नगरपालिकाले अनुगमन तीव्र

पार्नुपर्छ । दक्ष शिक्षक नियुक्ति, आधुनिक तथा व्यावहारिक पाठ्यक्रम निर्माण गरेर पठनपाठनको व्यवस्था मिलाउनुपर्छ । विद्यार्थी भर्ना गर्दासमेत प्रवेश परीक्षाको व्यवस्था गर्नुपर्छ । विद्यालयका शिक्षक तथा कर्मचारीले आफ्नो जिम्मेवारी पूरा नगरेको पाइए तत्काल दण्ड सजायको घोषणा गर्नुपर्छ । विद्यालयमा अनुशासन कायम हुनुपर्छ । सक्षम, सभ्य र असल नागरिक निर्माणका लागि शिक्षामा गरिएको लगानी खेर जान दिनुहुँदैन ।

१५. नगरका युवाहरु लागूपदार्थको दुव्यर्सनमा फस्ने गरेको पाइएको छ । तथ्यांकले नै कोहलपुरमा लागूपदार्थका दुर्व्यवसनी बढिरहेको देखाएका छन् । यसले हाम्रो युवापुस्तालाई कहाँ पुऱ्याउँछ ? हाम्रो नगरलाई कस्तो बनाउँछ ? आज लागूपदार्थ र मादकपदार्थ सेवनबाट सयौं घरबार बिग्रिएका छन् । मानिसको स्वास्थ्यका गम्भीरखाले असर परिरहेको छ ।

त्यसैले कडाइका साथ लागूपदार्थ प्रयोग र बेचबिखनलाई नियन्त्रण गर्नुपर्छ । म त भन्छु धुम्रपान, मध्यपान जस्ता पदार्थको बेचबिखनमै रोक लगाउनुपर्छ । यदि तत्काल रोक नै लगाउन सकिँदैन भने पनि कडा मापदण्ड बनाएर मात्र यसको बेचबिखन गर्न पाउने व्यवस्था गर्नुपर्छ । निश्चित ठाउँमा, निश्चित समयमा र निश्चित व्यक्तिलाई मात्र लाइसन्स लिएर बेचबिखनको अधिकार दिनुपर्छ । चिया पसलमा पनि रक्सी, घरैपिच्छे भट्टि र औषधी पसलमा लागूपदार्थ बेच्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।

छिमेकी देश भारतमा मादकपदार्थको सेवन र बिक्रीवितरणमा निकै कडाइ गरिएको पाइन्छ । यसबाट पनि हामीले धेरै कुरा सिक्न सक्छौं । आज नगरको यत्रतत्र सूर्तीका खोल, चुरोटका बट्टा, पान र पानपराग खाएर थुकेका टाटा देखिन्छ । त्यसले के नगरको सुन्दरता बढाएको छ ?

१६. ...कोहलपुरबाट यति जना यौन व्यवसायीहरु पक्राउ परे, आज उति जना पक्राउ परे... भनेर बेलाबेलामा पत्रपत्रिकाका समाचार आउने गरेका छन् । यस्ता समाचारहरुले कोहलपुरका बुद्धिजीवी, जनप्रतिनिध, शिक्षक, पत्रकार तथा समग्र

कोहलपुरबासीको इज्जत बढ्छ कि घट्छ ? यस्ता कुरालाई नियन्त्रण गर्न समयमै पहल गर्नुपर्छ कि पर्दैन ? नगरपालिकाभित्र अपराधविरुद्ध शून्यसहनशीलताको नीति अबलम्बन गरिनुपर्छ ।

१७. अबको समय राजनीतिभन्दा आर्थिक, सामाजिक विकास गर्ने समय हो । राजनीतिक वाद र विचारभन्दा माथि उठेर अब पनि नसोच्ने हो भने हामी कहिल्यै अगाडि बढ्न सक्दैनौँ । सबै राजनीतिक दलहरु एक ठाउँमा बसेर आफ्नो ठाउँको, आफ्नो देशको विकासमा हातेमालो गर्नु जरुरी छ । नगरपालिकाले बेलाबेलामा नगरका सबै राजनीतिक सामाजिक क्षेत्रका अगुवाहरुलाई बोलाएर छलफल र बहस गर्नुपर्छ । ता कि सबै दलमा सामूहिक भावनाको विकास होस् । अगुवाहरुमा म होइन हामी भन्ने संस्कार बस्न सकोस् ।

१७. कोहलपुरमा जति पनि सरकारी कार्यालयहरु छन् तिनीहरुबीच समन्वय हुन सकिरहेको छैन । एउटा कार्यालयले अर्कोलाई नटेर्ने, आफूलाई मात्र महत्व दिने परिपाटी देखिन्छ । सरकारी काममै पनि कार्यालयहरुबीच तालमेल हुँदैन जसका कारण विकास निर्माणका काममा व्यवधान आउने गरेका छन् । कर्मचारीमा पनि राजनीतिक आग्रह पूर्वाग्रहले काम गर्ने गरिन्छ । त्यसैले नगरपालिकाले यस्ता कार्यालयहरुबीच छलफल चलाएर समन्वयकारी भूमिका निभाउनुपर्छ ।

१८. नगर प्रमुख भनेको नगरबासीको अभिभावक हो । त्यसैले नगरप्रमुखलाई ‘नगरपिता’ भन्ने गरिएको हो । त्यसैगरी वडाबाट छानिनेहरु पनि वडाका अभिभावक हुन् । हो, हाम्रो राजनीतिक प्रणालीमा उनीहरु कुनै दलबाट चुनिएर गएका हुन्छन् । तर जब उनीहरु चुनिन्छन् तब उनीहरु आफ्ना सम्पूर्ण दलीय जिम्मेवारीहरुबाट मुक्त हुनुपर्छ । जसरी राष्ट्रप्रमुख हुनेबित्तिकै राष्ट्राध्यक्ष अन्य राजनीतिक जिम्मेवारीबाट मुक्त हुन्छन् त्यसैगरी नगरपालिकामा पनि त्यो व्यवस्था लागू हुनुपर्छ ।

१९. नगरपालिकाले आर्थिक पारदर्शिता कायम गर्नुपर्छ । वर्षदिनमा एकफेर मात्र होइन कि हरेक तीन/तीन महिनामा नगरपालिकाले आफ्नो आर्थिक विवरण

नगरबासीसमक्ष पेस गर्नुपर्छ । ताकि नगरबासीले नगरका आर्थिक क्रियाकलाप थाहा पाउन सकून् । नगरपालिकाले यो क्षेत्रबाट यति कर उठायो, नगरका आम्दानीका स्रोत यी-यी हुन्, त्यो पैसा यस्ता-यस्ता ठाउँमा खर्च भए वा हुँदै छन् भन्ने कुरा जानकारी गराउनुपर्छ । त्यस्तै, नगरमा सबैभन्दा बढी कर बुझाउने व्यापारी उद्योगपतिलाई सम्मान गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

२०. जनताको काममा यो वा त्यो बहानामा कुनै ढिलासुस्ती गरिनुहुँदैन । प्रक्रिया पुगेको छैन भने यो-यो प्रक्रिया पुऱ्याएर र यो-यो डकुमेन्ट लिएर आउ भन्नुपऱ्यो । तर जनताको काम रोक्नुभएन । सबै विधि र प्रक्रिया जनतालाई थाहा नहुनसक्छ । त्यसैले नगरका कर्मचारीहरुले सबैले सजिलै बुझ्नसक्नेगरी नगरबासीलाई स्पष्ट पार्नुपर्छ । अपाङ्गता भएका वा ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्वक उनीहरुको काम छिटोछरितो गरिदिनुपर्छ । त्यसबाट मात्र एउटा असल संस्कार र परम्पराको विकास हुनसक्छ ।

२१. नगरको फोहोर व्यवस्थापनलाई चुनौतीको रुपमा लिने गरिएको छ । तर यो काम चुनौती मात्र होइन, एउटा अवसर पनि हो । 'चिन्न सके श्रीखण्ड नभए खुर्पाको बिँड' भनेजस्तै गर्न सक्ने हो भने 'फोहोरलाई मोहर' बनाउन सकिन्छ । यदि योजनाबद्ध ढंगले काम गर्ने हो भने नगरको फोहोर व्यवस्थापनसँगै आयस्रोतको बाटो पनि बन्छ । सुरुमै घरघरबाट फोहोर संकलन गर्नेक्रममै कुहिने र नकुहिने फोहोर छुट्टयाउन सकियो भने र कुहिने फोहोरबाट मल बनाउने र नकुहिने फोहोरलाई पनि प्रशोधन गरेर उपयोग गर्न सकिन्छ । यसो गर्दा फोहोर उठाएबापत नगरपालिकाले नगरबासीबाट पैसा लिनै पर्दैन । उल्टै पैसा दिन सक्छ । यसरी नगरपालिकाले उत्पादन गरेको मल नगरबासीलाई सस्तो मूल्यमा बेच्न सकिन्छ ।

२२. नगरपालिका भित्रका कतिपय वडाहरु भौगोलिक रुपमा मिलेका छैनन् । त्यस्ता वडाहरुका सीमा मिलाउनुपर्छ । जस्तै कोहलपुर नगरपालिकाको ७ नम्बर वडा राँझा एयरपोर्टनिर छ जुन कोहलपुरभन्दा नेपालगन्जसँग निकट छ । त्यस्तै, भरैया ढकेरीको छेउमा पर्छ । खर्कवार सल्यान जिल्लासँग जोडिएको छ । यी

ठाउँहरुका लागि कोहलपुर अपायक पर्छन् । त्यहाँका जनतालाई दैनिक कामकाज र आवतजावतमा समस्या हुन्छ । त्यसैले त्यस्ता वडाहरुलाई नजिकका पालिका वा वडामा गाभ्नुपर्छ ।

२३. कोहलपुरमा सडकछेउमा अव्यवस्थित ढंगले ठेला व्यापारीहरु व्यापार गरिरहेका छन् । सडकछेउ यत्रतत्र यस्ता व्यापारी भेटिन्छन् । उनीहरुलाई व्यवस्थित नगरी हुँदैन । व्यापारका लागि उनीहरुलाई कुनै निश्चित क्षेत्र तोकिदिएर र उनीहरुसँग केही कर अथवा भाडा लिएर नगरपालिकाले उनीहरुको व्यवस्थापन गर्न सक्छ । उद्योग बाणिज्य संघसँगको समन्वयमा नगरपालिकाले यसको व्यवस्थापन गर्नुपर्छ ।

२४. धर्मप्रति मानिसको ठूलो आस्था र विश्वास रहनेगर्छ । अहिले पनि हाम्रो समाज धर्मभीरु छ । कोहलपुरमा त्यस्ता कुनै धार्मिक स्थलहरु छैनन् । धार्मिक पर्यटकहरु आकर्षित गर्न यस्ता धार्मिक स्थलहरुको निर्माण गर्न सकिन्छ । धार्मिक पर्यटन पनि आम्दानीको एउटा महत्वपूण स्रोत बन्न सक्छ । त्यस्तै त्यसले त्यो ठाउँको पहिचान दिन सक्छ । बागेश्वरी भन्नेबित्तिकै हामी नेपालगन्ज सम्झन्छौं । जस्तै बर्दियाको बाँसगढी नगरपालिकामा केदारेश्वर धाम निर्माण भएको छ जसले बर्षमा हजारौं धार्मिक पर्यटकहरु आकर्षित गरिरहेको छ । दाङ, बाँके, बर्दिया, कैलाली र सुर्खेतदेखिका मानिसहरु त्यहाँ पुग्ने गरेका छन् । अर्कातिर नगरभित्र भएका मठमन्दिरको पनि राम्रो संरक्षण संवर्द्धन हुन सकिरहेको छैन । तिनीहरुमा हुने आम्दानी र खर्चहरु पारदर्शी छैनन् । नगरपालिकाले यस्ता कुरामा पनि ध्यान दिनुपर्छ ।

२५. नगरविकास समितिले कोहलपुरका विभिन्न स्थानमा पार्कहरुका लागि जग्गा छुट्ट्याएको छ । विभिन्न १० वटा ठाउँमा पार्कका लागि जग्गा छुट्ट्याइएको छ । तर तिनमा पार्क बन्न सकिरहेका छैनन् । पार्कका नाममा छुट्ट्याइएका जग्गा पनि विभिन्न संघसंस्थाले उपयोग गरिरहेको अवस्था छ । भोलि ती जग्गा यस्तै संघसंस्थाले कब्जा गर्दै जाने हुन सक्छ । तसर्थ ती स्थानहरुमा तत्काल तारबार गर्ने र आधुनिक पार्क निर्माण गर्ने कुरामा नगरपालिकाले तदारुकता देखाउनुपर्छ ।

२६. नगरपालिकाभित्रका बजार क्षेत्रहरुमा कुनै पनि बस्तुको मूल्यमा एकरुपता कायम गर्नुपर्छ । कुनै पनि एउटै बस्तुको कुनै पसलमा एउटा मूल्य र अर्को पसलमा अर्को मूल्य लिएर सामान बेचबिखन हुने गरेको पाइन्छ । यसले उपभोक्ता मारमा परिरहेका छन् । मूल्यमा एकरुपता कायम हुनुपर्छ । व्यापारीहरुले कुनै पनि बस्तुको मूल्यसूची अनिवार्य राख्नुपर्ने र नगरपालिकाले बेलाबेला अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ ।

२७. कोहलपुरलाई स्वच्छ, सफा र सभ्य सहरका रुपमा विकास गर्नुपर्छ । यहाँका बासिन्दाले आफूलाई सुरक्षित महसुस गर्न पाउनुपर्छ । नगरभित्र कुनै पनि अपराधले प्रश्रय पाउनुहुँदैन । यदि कसैले कुनै पनि किसिमको गैरकानुनी काम वा अपराध गर्छ भने उसले तत्काल कडाभन्दा कडा सजाय पाउने व्यवस्था हुनुपर्छ ।

'सभ्य, सफा र सुरक्षित सहर, कोहलपुरबासीको एक मात्र रहर' 'तपाईं कोहलपुरबासी भएकोमा गर्व गर्नुहुन्छ भने आफ्नो सहर गर्व गर्नलायक बनाउनुहोस' जस्ता सन्देशमूलक नारा बनाएर आफ्नो सहरबारेका सचेतनामूलक सामग्रीको प्रचारप्रसारमा जोड दिन सकिन्छ । नगरबासी आफैं सचेत र जागरुक भए भने नगरको सरसफाइका लागि नगरपालिकाले टाउको दुखाइरहनै पर्दैन । भएकै जनशक्तिलाई परिचालन र अनुगमन मात्र गरिदिए पनि पुग्छ । नगरपालिकाले बिहान झिसमिसेदेखि नै नगरमा सफाइ कर्मचारी खटाएर काम गर्ने हो भने उज्यालो हुँदासम्म बजार सफा र सिनित्त भइसक्छ । बिहानमा बजार क्षेत्रमा भीडभाड पनि कम हुनेहुँदा सफाइको काम गर्न पनि सहज हुन्छ ।

२८. उपभोग्य बस्तुको गुणस्तरमा नगरपालिकाले ध्यान दिनुपर्छ । बजारमा कतिपय अस्वस्थकर खाद्यबस्तुको बिक्रीवितरण हुने गरेको पाइन्छ । विशेषगरी मासु र मासुजन्य बस्तुहरु खुला रुपमा अव्यवस्थित र असुरक्षित ढंगले बिक्रीवितरण गरिरहेको पाइन्छ । त्यस्ता कार्यले नगरबासीको स्वास्थ्यमा प्रतिकूल असर गरिरहेको छ । मासुका लागि काटिने पशुको स्वास्थ्य परीक्षणसमेत हुने गरेको छैन । न त कुनै व्यवस्थित पशु वधशालाको नै व्यवस्था हुन सकेको छ । पशु वधशालाका लागि डुडुवा खोलाकिनारमा ठाउँ तोकिए पनि त्यहाँ संरचना

निर्माण हुन र प्रयोगमा आउन सकेको छैन । त्यसका लागि नगरपालिकाको तत्काल पहल जरुरी छ ।

२९. निजी लगानीमा सञ्चालित नगरपालिकाभित्रका बोर्डिङ स्कुलहरुलाई पनि नगरपालिकाले आफ्नो मातहतमा ल्याउनुपर्छ । निजी लगानीका नाममा उनीहरुले मनपरी गर्न पाउने छुट दिनुहुँदैन । विद्यार्थीहरुबाट लिइने शुल्कमा एकरुपता हुनुपर्छ । नगरपालिकाले बनाएको मापदण्डलाई विद्यालयहरुले पालना गर्नुपर्छ । एक त शिक्षाजस्तो आधारभूत कुरामा व्यापार भइरहेको छ त्यसमा पनि अनुगमन र नियमन नहुँदा मनपरी चलिरहेको छ । नगरपालिकामा शिक्षा शाखा त छ तर त्यसले सही ढंगले अनुगमन गर्न सकिरहेको छैन ।

३०. नगरपालिकाले नगरभित्रका राम्रो काम गर्ने शिक्षक, कर्मचारी, व्यापारी, ठेकेदार वा अध्ययनशील छात्रछात्रालगायतलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने र नराम्रो काम गर्नेहरुलाई दण्डित गर्ने व्यवस्था गर्नुपर्छ । पुरस्कार र दण्डको व्यवस्थाले नगरमा राम्रो संस्कारको विकासमा मद्दत पुऱ्याउँछ ।

३१. नगरपालिकाका प्रमुख-उपप्रमुखले बेलाबेलामा प्रत्येक वडामा आफैंले अनुगमन गर्नुपर्छ । प्रत्येक महिना वा डेढ महिनामा यस्ता अनुगमन हुनुपर्छ । वडाका कर्मचारी वा वडाध्यक्षले कस्तो काम गरेका छन् ? काम गरेका छन् कि छैनन् ? उनीहरुप्रति जनताका कुनै गुनासा पो छन् कि ? यसबारेमा पनि प्रमुख-उपप्रमुखले जानकारी राख्नुपर्छ ।

३२. तुलसी, नीम जस्ता वनस्पतिका बारेमा त हामी प्रायः सबै जानकार छौँ । मानव जीवनमा यी वनस्पतिको कति महत्व छ त्यो भनिरहनुपरेन । धार्मिक दृष्टिले मात्र होइन, वैज्ञानिक दृष्टिबाट पनि यी वनस्पति उपयोगी मानिएका छन् । यी औषधिय गुणले युक्त वनस्पति हुन् । त्यसैले नगरभित्रका हरेक घरमा कम्तीमा एउटा तुलसीको र एउटा नीमको बोट रोप्नुपर्ने अभियान नगरपालिकाले सञ्चालन गर्न सक्छ । यस्तो राम्रो कामका लागि नगरबासीमा अनुरोध र आह्वान गर्दैमा

नगरपालिकाको के जान्छ र ! यदि ५० प्रतिशत मात्रै यो अभियान सफल भयो भने पनि नगरको सुस्वास्थ्य र सौन्दर्यमा यसले बेग्लै अर्थ राख्नेछ ।

३३. कोहलपुरमा जति पनि सहकारीहरु छन् तिनलाई नगरपालिकाले सूचिकृत गर्नुपर्छ । नगरपालिकाले सूचिकृत र अनुगमन गर्न नसक्दा कतिपय सहकारीहरुले नगरबासीका निक्षेप हिनाबिना गर्ने गरेका छन् ।

३४. नेपाल प्रहरीले समुदायसँग मिलेर सुरक्षा व्यवस्था कायम गर्नका लागि कतिपय स्थानमा समुदायसँग साझेदारी गर्ने गरेको पाइन्छ । त्यसैगरी नगरपालिकासँग साझेदारी गरेर पनि प्रहरीले शान्तिसुरक्षाका लागि महत्वपूर्ण भूमिका निभाउन सक्छ । नेपाल प्रहरी र नगर प्रहरी मिलेर गस्ती गर्न सक्छन् । यसबाट नगरको शान्तिसुरक्षामा प्रभावकारी काम हुनुका साथै लागूऔषध नियन्त्रण तथा न्यूनीकरणमा पनि महत्वपूर्ण सफलता मिल्न सक्छ ।

३५. नगरपालिकाले दिने आपतकालीन सेवाहरु छिटोछरितो हुनुका साथै दैवी विपत्तिका बेला उद्धार गर्नका लागि बलियो र चुस्त संयन्त्र बन्नुपर्छ । नगरपालिकामा भएका दमकल, एम्बुलेन्स जस्ता सेवा नगरबासीले जतिबेला भन्यो त्यतिबेला पाउनुपर्छ । त्यसका लागि चौबीसै घन्टा गाडी र चालकहरूको व्यवस्था हुनुपर्छ ।

३६. नगरपालिकाभित्रका सार्वजनिक, पर्ती जग्गामा बनेका सम्पूर्ण घर टहराहरु नगरपालिकाले हटाउनुपर्छ, चाहे ती निजी हुन् या सार्वजनिक । यस्ता घर टहराले एकातिर सहरको सुन्दरता बिगारिरहेका हुन्छन् भने अर्कातिर ती जग्गाहरुको उपयोग हुन सकिरहेको छैन ।

३७. नगरका बुद्धिजीवी, समाजसेवी, शिक्षक, पत्रकार, लेखक, समाजका अगुवा तथा विज्ञ समूहसँग समयसमयमा अन्तरक्रिया गर्नु आवश्यक छ । जसले नगरको विकासमा महत्वपूर्ण योगदान दिन सक्छन् ।

३८. नगरपालिकाभित्र लामो समयदेखि करार सेवामा काम गरिरहेका शिक्षक तथा कर्मचारीहरुलाई निश्चित मापदण्ड बनाएर स्थायी गर्नुपर्छ । अनावश्यक कर्मचारी कटौती गरिदिनुपर्छ । लामो समयको कामको अनुभवका आधारमा उनीहरुले धेरै कुरा बुझेका हुन्छन् । उनीहरुको अनुभवलाई नगरपालिकाले आफ्नो पूँजीका रुपमा उपयोग गर्न सक्छ ।

३९. माध्यमिक तहसम्मको शिक्षालाई सम्पूर्णरुपमा निःशुल्क बनाइनुपर्छ ।

४०. कोहलपुरमा सार्वजनिक पार्किङ स्थलको अभाव छ । गाडीहरु सडकमै पार्किङ गर्नुपर्ने अवस्था छ । निश्चित र सुरक्षित पार्किङ स्थल नहुँदा कतिपय सवारी साधन चोरी हुने समस्या पनि देखिइरहेका छन् । त्यसैले तत्काल सार्वजनिक पार्किङ स्थलको निर्माण गर्नु आवश्यक छ ।

४१. गोलपार्कको क्षेत्र साँघुरो भएको छ । अहिले नै यसको क्षेत्रफल चारैतिर बढाउनुपर्छ । गोलपार्कको उत्तरतर्फ एउटा पार्कका लागि जग्गा छोडिएको छ । त्यसैगरी दक्षिणतिर पनि पार्ककै लागि जग्गा छोडिएको छ । यी जग्गाहरुमा एकातिर पार्किङस्थल र अर्कातिर अत्याधुनिक र सुन्दर पार्क निर्माण गर्न सकिन्छ । पार्क बनेपछि मानिसहरुको आवतजावत स्वाभाविक रुपमा बढ्छ । भ्यूटावर अवलोकनका लागि मानिस आउँछन् । अर्कातिर मानिस सुस्ताउने पार्क र विश्राम स्थल, चिया चमेनाका पसलहरु बनाएर मानिसहरुलाई त्यहाँ आकर्षित गर्न सकिन्छ ।

४२. नगरपालिका क्षेत्रभित्र उद्योग कलकारखाना स्थापनाका लागि पहल थाल्नु आवश्यक छ । यस्ता उद्योगहरुको स्थापनाले आफ्नै ठाउँमा रोजगारी सिर्जना गर्न सकिन्छ । यहाँको युवा पुस्ता कामका लागि विदेशतिर भौंतारिइरहनु पर्दैन ।

४३. यहाँ सबै जाति, भाषा, धर्म र संस्कृतिका मानिसहरु बस्छन् । उनीहरुका आआफ्ना भाषा, भेषभूषा, संस्कृति र परम्परा छन् । तिनीहरुको संरक्षण गर्नु पनि हाम्रो दायित्व हो । विशेषगरी पश्चिम तराईमा थारु समुदायको बाक्लो बसोबास छ । कोहलपुरमा पनि थुप्रै यो समुदायका मानिस बस्छन् । उनीहरुको भाषा,

संस्कृतिको संरक्षण गरेर त्यसलाई नगरको पहिचानका रुपमा विकास गर्न सकिन्छ । थारु भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने हेतुले नै कोहलपुरमा थारु संग्रहालयको स्थापना गरिएको छ । तर त्यसको उचित संरक्षण र विकास हुन सकिरहेको छैन । नगरपालिकाले आफ्नो नगरभित्र बस्ने यस्ता जाति र समुदायका भाषा, संस्कृति संरक्षणमा विशेष योजना बनाएर काम गर्न सक्छ । त्यसलाई पर्यटनसँग जोडेर पनि नगरको विकासमा टेवा पुऱ्याउन सकिन्छ ।

४४. विकासका काममा अनिवार्यरुपमा महिलाहरुलाई सहाभागी गराउनुपर्छ ।

४५. कोहलपुरमा खेल मैदानको तत्काल आवश्यकता छ । खेलप्रति युवाहरुको अभिरुचि बढी हुन्छ । यसले युवाहरुको शारीरिक तथा मानसिक सुगठनमा सहयोग पुऱ्याउँछ । राष्ट्रिय खेलाडी उत्पादन गर्न पनि स्थानीय स्तरमा युवाहरुलाई खेलप्रति आकर्षित गर्न सुविधासम्पन्न खेलमैदान बनाउनु जरुरी छ । नगर विकास समितिले क्रिकेट मैदानका लागि १० विघा जग्गा छुट्टयाएको छ । तर त्यो ठाउँ पनि अतिक्रमणको चपेटामा छ । अर्कातिर फुटबल, व्याडमिन्टन जस्ता खेल खेल्नका लागि कोहलपुरमा ठाउँ नै छैनन् । केही समयअघि मात्र प्रथम कोहलपुर गोल्ड हेर्नका लागि मानिसहरु रुखमा चढेर हेरेको फोटो सामाजिक सञ्जालमा भाइरल भएको थियो । यसले पनि खेलप्रतिको मानिसको आकर्षणलाई देखाउँछ । त्यसैले नगरपालिकाले एउटा आधुनिक खेलमैदान निर्माणको काम तत्काल थाल्नुपर्छ ।

४६. कोहलपुरलाई हरियाली नगरमा विकास गर्नुपर्छ । सडकको बीच र किनाराहरुमा विभिन्न जातिका आकर्षक विरुवाहरु लगाएर नगरलाई हरियाली बनाउन सकिन्छ । यसले एकातिर सहरको शोभा बढाउँछ भने अर्कातिर नगरबासीको सुस्वास्थ्यमा पनि सकारात्क प्रभाव पर्छ ।

४७. नगरभित्रका निजी तथा सार्वजनिक जग्गा खाली हुन दिनुहुँदैन । घरबाहेकको खाली जग्गामा फूलबारी, करेसाबारी वा तरकारीबारी बनाउन सकिन्छ । त्यसका लागि नगरपालिकाले नगरबासीमा आह्वान गर्न सक्छ । आवश्यक परे

**नगरपालिकाको कृषि शाखाले बिउ, बेर्नासमेत नगरबासीलाई उपलब्ध गराइदिनुपर्छ ।**

**४८. नगरपालिकाभित्र सबैका लागि समान शिक्षा लागू गरिनुपर्छ । सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गरेर सबैका छोराछोरी पढ्न सक्ने बनाउनुपर्छ । नगरभित्रका शिक्षक, कर्मचारीका छोराछोरीले अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने निर्णय कडाइका साथ लागू गर्नुपर्छ । यो सुन्दा आदर्शवादी कुरा लाग्न सक्छ तर व्यवहारमा लागू गर्ने हो भने यथार्थमा परिणत गर्न सकिन्छ ।**

**४९.स्थानीय उत्पादनलाई स्थानीय बजारमा महत्व दिनुपर्छ । भारतबाट हुने अवैध तस्करीलाई पूर्णरुपमा नियन्त्रण गर्नुपर्छ । वैधानिक रुपमा हुने वस्तु आयातलाई पनि न्यूनिकरण गर्दै लैजानुपर्छ ।**

**५०. छाडा पशुचौपायाले गर्दा सडक दुर्घटनाहरु बढिरहेका छन् । त्यसैगरी नगरमा सडक मानवहरु समेत देखिने गरेका छन् । नगरभित्र देखिने यस्ता सडक मानव र छाडा पशुचौपायाहरुलाई नगरपालिकाले तत्काल नियन्त्रणमा लिएर आवयश्क व्यवस्थापन गर्नुपर्छ ।**

**निष्कर्ष :**

यी गर्नैपर्ने र सहजै गर्न सकिने कामका सूची हुन् । कोहलपुरको विकासका लागि गर्नुपर्ने यस्ता थुप्रै काम छन् । भौतिक संरचना निर्माणका क्षेत्र, आर्थिक स्रोत पहिचान र परिचालनका क्षेत्र, पर्यटन पूर्वाधार विकासका क्षेत्र, कृषि क्षेत्र, शिक्षा तथा स्वास्थ्यका क्षेत्र, भाषा, साहित्य, कला, संस्कृतिका क्षेत्रलगायतका तमाम् क्षेत्रमा काम गर्नुपर्नेछ ।

यी कामका लागि विषयविज्ञ तथा प्राविधिकहरुको सहयोग अनिवार्य चाहिन्छ । म कुनै विषयविज्ञ वा प्राविधिक नभएकाले पनि कुनै पनि योजनाका लागि लागत अनुमान र ठोस योजना यहाँ परेका छैनन् । विज्ञ नभए पनि मैले मेरो बुद्धि

विवेकले देखेका नगर विकासका लागि गर्नुपर्ने कामका बारेमा यहाँ उल्लेख गरेको हुँ ।

काम गर्दै जाँदा कामले नै काम सिकाउँछ । एकपछि अर्को गर्दै गर्नुपर्ने काम र स्रोत पनि जुट्दै जान्छ ।

विकासका योजना बनाउँदा त्यससँगै जोडिएर आउने महत्वपूर्ण पाटो हो, अर्थ र योजना । आर्थिक स्रोत जुटाउनु र योजनाबद्ध ढंगले त्यसको परिचालन गर्नु नै कुशल नेतृत्वको कार्यकौशल हो । यदि इमान्दार प्रयास हुने हो भने आर्थिक स्रोत जुटाउन पनि कुनै कठिनाइ हुँदैन भन्ने मलाई लाग्छ । सानातिना कामका लागि नगरपालिकाले आफ्नै आर्थिक स्रोत परिचालन गर्न सक्छ भने ठूला-ठूला योजनाका लागि केन्द्र तथा प्रदेशलाई गुहार्न सक्छ । वा दातृ निकायहरुको सहयोग पनि लिन सकिन्छ । नगर विकास समितिसँग पनि आफ्नो स्रोत छ । त्यसलाई पनि परिचालित गर्न सकिन्छ । तर त्यसका लागि इमान्दार प्रयत्नको खाँचो पर्छ । नगरका राजनीतिक, सामाजिक, शैक्षिक, व्यवासायिकलगायत हरेक क्षेत्रका अगुवाहरुले इमान्दार प्रयास गरिदिने हो भने यो नगरपालिका मुलुककै नमुना नगरपालिका बनाउन सकिन्छ ।

**धन्यवाद ।**